
# हाम्रो छबिसपाथिभेरा
## आधारभूत तह(कक्षा १(८)को स्थानीय विषयको
## पाठ्यक्रम








छबिसपाथिभेरा गाउँपालिका

शिक्षा,युवा तथा खेलकुद शाखा

ब्याँसी,बझाङ्ग

२०८०

# हाम्रो छबिसपाथिभेरा

## आधारभूत तह (कक्षा१।८) को स्थानीय विषयको पाठ्यक्रम

प्रथम संस्करण : २०८०

**प्रकाशक :**

छबिसपाथिभेरा गाउँपालिका

शिक्षा,युवा तथा खेलकुद शाखा

ब्याँसी,बझाङ्ग

**आवरण लेआउट तथा डिजाइन :**

**संयोजन :**

हरिचन्द्र कडायत

**सर्वाधिकार : प्रकाशकमा सुरक्षित**

## स्थानीय पाठ्यक्रम निर्माण समिति

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १. | श्री हरिचन्द्र कडायत | संयोजक |
| २. | श्री नवराज भट्ट | सदस्य |
| ३. | श्री भीम बहादुर थापा | सदस्य |
| ४. | श्री मनराज जोशी | सदस्य |
| ५. | श्री जुनेश बहादुर चलाउने | सदस्य |

## प्राक्कथन

नेपालको संविधान, २०७२ को अनुसूची–८ मा आधारभूत तथा माद्यमिक शिक्षा व्यवस्थापन स्थानीय तहको एकल अधिकारको सूचीमा राखिएको, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा आधारभूत तथा माद्यमिक शिक्षाका सम्बन्धमा गरिएको व्यवस्थाको सन्दर्भ एवं राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले स्थानीय आवश्यकतामा आधारित शिक्षाको नीतिगत व्यवस्था गरेको छ।

स्थानीय भूगोल तथा इतिहासको जानकारी गराउन, भाषा, संस्कृति तथा सम्पदा एवं परम्परागत भेषभूषा, रहनसहन, पेशा, व्यवसाय, कलाको संरक्षण र संवर्द्धनमा जोड दिन, आधुनिक पेशा व्यवसाय उद्यम तथा प्रविधिसँग विद्यार्थीलाई जोड्न, राष्ट्रिय पाठ्यक्रममा उचित स्थान पाउन नसकेका स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्त्वका विविध विषयवस्तु, जीवनोपयोगी सीप, दैनिक जनजीविकासँग सम्बन्धित समसामयिक महत्त्वपूर्ण विषय स्थानीय आवश्यकताको प्राथमिकताको आधारमा लिपिबद्ध गरी तत्सम्बन्धमा बालबालिकालाई सानै उमेरदेखि ज्ञान, सीप तथा धारणा दिई असल नागरिक उत्पादन गर्न राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ को मार्गदर्शनको परिधिभित्र रही राष्ट्रिय पाठ्यक्रममा व्यवस्था गरिएका विषय सामग्रीसँग अन्तर्सम्बन्धित हुने गरी स्थानीय परिवेश र सन्दर्भलाई समेटेर सिकाइ क्षेत्र र सिकाइ उपलब्धिहरुलाई अन्तरविषयक ढाँचामा एकीकृत गरी स्थानीय पाठ्यक्रम विकासको विश्वव्यापी मान्यता, स्थानविशेषमा आधारित शिक्षा, सामाजिक पुनर्संरचनावादी सिद्धान्त, शैक्षिक विकेन्द्रीकरण स्थानीय आवश्यकता स्थानीय विषयवस्तु, स्थानीय सहभागिता र विज्ञताको प्रयोगजस्ता स्थानीय पाठ्यक्रम विकासका सिद्धान्तलाई मार्गदर्शनको रुपमा लिई पाठ्यक्रम निर्माणको प्रक्रियामुताबिक यो स्थानीय विषयको पाठ्यक्रमको ढाँचा तयार गरिएको छ। यस पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरी अपेक्षा गरिएका सक्षमता तथा सिकाइ उपलब्धिको प्राप्ति तथा सिकाइलाई प्रभावकारी एवं दिगो बनाउन सकिने विश्वास गरिएको छ।

प्रस्तुत पाठ्यक्रम तयार गर्ने क्रममा महत्वपूर्ण जिम्मा लिई सहयोग पुऱ्याउनु हुने यस छबिसपाथिभेरा गाउँपालिकाका उपाध्यक्षज्यू, गाउँ शिक्षा समितिका अध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, कार्यपालिकाका सदस्यज्यूहरु, गाउँ सभा सदस्यज्यूहरु अनि लेखन कार्य गर्ने स्थानीय पाठ्यक्रम निर्माण समितिका पदाधिकारीहरुज्यूहरु साथै प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्ने विषयविज्ञ,प्रधानाध्यापक, शिक्षक तथा सबै सरोकारवालाहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दछुँ।

अन्त्यमा, पाठ्यक्रम एक गतिशील दस्तावेज भएकोले यसको प्रयोगको क्रममा देखा पर्न गएका त्रुटि र कमीकमजोरीलाई औंल्याई यसमा समयसापेक्ष सुधार तथा परिमार्जन गरी अझ प्रभावकारी बनाउनु पर्ने भएकोले सरोकारवालाहरुबाट रचनात्मक सुझाव प्राप्त हुने अपेक्षा गरिएको छ ।

बसन्त बहादुर चलाउने
गाउँपालिका अध्यक्ष
छबिसपाथिभेरा गाउँपालिका, बझाङ्ग

## हाम्रो भनाइ

१. राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ मा विद्यालय स्तरको शिक्षामा स्थानीय विषयलाई पनि स्थान दिइएको छ। राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ अनुसार शिक्षाका राष्ट्रिय उद्देश्य प्राप्त गर्न स्थानीय विषयको पाठ्यक्रम अनिवार्य रहेको र यस कार्यका लागि स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, (मातृभाषासहित)२०७६ समेत जारी गरिएको छ।

२. आधारभूत तहमा व्यवस्था गरिएको स्थानीय विषयअन्तर्गत पाठ्यक्रममा मूल विषयका रुपमा समावेश भइसकेका नेपाली भाषा, अंग्रेजी भाषा, गणित, विज्ञान लगायतका विषय बाहेकका अन्य विषय मात्र पठनपाठन गराइने व्यवस्था गरिएकोले छबिसपाथिभेरा गाउँपालिकाअन्तर्गतका सबै सामुदायिक तथा संस्थागत विद्यालयमा राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ अनुसार स्थानीय पाठ्यक्रम लागु गरिनु अनिवार्य भएको छ।

३. स्थानीय पाठ्यक्रम विद्यालयगत वा स्थानीय तहगत रुपमा तयार गर्न सकिन्छ। स्थानीय तहभर एउटै खालको विषय मिल्दो देखिएमा स्थानीय तहभर र विद्यालयस्तरमा मात्र मिल्ने भएमा विद्यालयस्तरीय पाठ्क्रम निर्माण गर्न सकिन्छ। यसरी स्थानीय तह स्तरमा तयार हुने पाठ्यक्रम मिल्दाजुल्दा आवश्यकता भएका विद्यालयलाई समूहीकृत गरेर विद्यालयको मागबमोजिम फरक-फरक रुपमा पनि विकास गरी प्रयोग गर्न सकिनेछ। एक वा सोभन्दा बढी विद्यालयले तयार गरे पनि स्थानीय पाठ्यक्रम स्थानीय तहबाट स्वीकृत भएपश्चात मात्र लागु गर्नु पर्नेछ।

४. यस ढाँचाबमोजिम पाठ्यपुस्तक तयार गर्दा विद्यालयपिच्छे फरक-फरक बिषयवस्तु समावेश गर्नुपर्ने देखिन गएको अवस्थामा विद्यालय स्वयंले अनुकूल पाठ्यसामग्री तयार गर्न सक्नेछ। यस प्रकारका पाठ्यसामग्री स्थानीय तहबाट स्वीकृत भएपश्चात मात्र लागु गर्नु पर्नेछ।

५. स्थानीय विषयवस्तु समेटी आवश्यकतानुसार मातृभाषा वा नेपाली भाषामा स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार गर्न सकिनेछ। विषयवस्तु छनोट गर्दा प्रयोगात्मक तरिकाले अध्यापन गर्न सकिने र दीर्घकालीन रुपमा सकारात्मक प्रभाव पार्ने प्रकृतिको हुनु पर्नेछ।

६. कुनै विद्यालयले आफै स्थानीय विषयको पाठ्यक्रम पाठ्यवस्तु निर्माण गरी लागु गर्न चाहेमा स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक समन्वय समितिको सहमतिमा स्थानीय तहको स्वीकृति लिनु पर्नेछ।

७. राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ तथा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, (मातृभाषासहित)२०७६ अनुरुप यस पाठ्यक्रमलाई व्यवस्थित किसिमले तयार गर्न अधिकतम प्रयत्न गरिएको छ। यस पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमा सरोकारवाला शिक्षक,प्रधानाध्यापक तथा विद्यालयमा अनुरोध गरिन्छ र यसको प्रयोगको क्रममा देखिन जाने कमी-कमजोरी तथा त्रुटि औंल्याइ आवश्यक रचनात्मक सुझावको अपेक्षा गरिएको छ। सरोकारवालाबाट प्राप्त हुने सुझावका आधारमा यसमा आवश्यकता अनुसार सुधार तथा परिमार्जन गरिनेछ।

..............................

हरिचन्द्र कडायत

स्थानीय पाठ्यक्रम निर्माण समिति(संयोजक)

छबिसपाथिभेरा गाउँपालिका,बझाङ्ग

# विषय सूची

१. पाठ्यक्रमको परिचय

१

२. पाठ्यक्रमको औचित्य

१

३. पाठ्यक्रम विकास, परिमार्जन तथा कार्यान्वयन प्रक्रिया

२

४. स्थानीय विषयको पाठ्यक्रमको अवधारण तथा सिद्धान्त

३

५. एकीकृत ढाँचाको पाठ्यक्रम

४

६. विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्य

४

७. विद्यालय शिक्षाको तहगत र कक्षागत संरचना र उमेर

५

८. विद्यालय तह (कक्षा १– ८) को पाठ्यक्रम संरचना

५

९. आधारभूत शिक्षा (कक्षा १ – ८) का सक्षमताहरू

८

१०. आधारभूत तह (कक्षा १–८) को स्थानीय विषयको पाठ्यक्रम

१०

११. आधारभूत तह (कक्षा १–८) को स्थानीय विषयको तहगत सक्षमता
११
१२. विषयवस्तुको क्षेत्र र क्रम
१२
१३. विषयवस्तुको विस्तृतीकरण
१८
कक्षा १
१८
कक्षा २
२४
कक्षा ३
३१
कक्षा ४
३७
कक्षा ५
४४
कक्षा ६
५०
कक्षा ७
५६
कक्षा ८
६२
१४.सिकाइ सहजीकरण प्रक्रिया
६८
१५. विद्यार्थी मूल्याङ्कन प्रक्रिया
७०

१६. पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया ७१

१७. समय निर्धारण ७१

१८. पाठ्यक्रम मूल्याङ्कन सुधार र परिमार्जन ७१

## १. पाठ्यक्रमको परिचय

राष्ट्रिय शिक्षा नीति तथा राष्ट्रिय पाठ्यक्रम प्रारूपले मार्गनिर्देशन गरेको शिक्षाको लक्ष्य तथा प्रक्रिया अनुरुप शिक्षा पद्धतिको सञ्चालनको मूल आधारका रुपमा पाठ्यक्रम रहेको हुन्छ । ज्ञान तथा प्रविधिको विकास र विस्तार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्दर्भहरु, समसामयिक समाजका आवश्यकता,स्थानीय परिवेश तथा व्यक्तिको आवश्यकता समेतको सापेक्षतामा पाठ्यक्रमको विकास गरिन्छ । पाठ्यक्रम विकासमा भौगोलिक, ऐतिहासिक, सामाजिक, साँस्कृतिक, धार्मिक, आर्थिक आदि पक्षले समेत प्रभाव पारेको हुन्छ । पाठ्यक्रममा विषय तथा विषयवस्तुको छनोट गर्दा विशेष गरेर अन्तर्राष्ट्रिय रुपमा व्यापकता पाएका विषय र राष्ट्रिय आवश्यकताका विषयलाई मुख्य विषयको रुपमा लिइएको हुन्छ । राष्ट्रिय आवश्यकतालाई सान्दर्भिक रुपमा समावेश गर्न देशभित्रका फरक-फरक स्थानका फरक-फरक विशिष्टता तथा आवश्यकतालाई सम्बोधन गर्नु पर्दछ । यसका लागि राष्ट्रिय स्तरमा निर्माण हुने पाठ्यक्रम मात्र पर्याप्त हुन नसक्ने भएकाले स्थानीय विषयको रुपमा पाठ्यक्रम ढाँचाभित्र निश्चित स्थान दिइएको हुन्छ ।

नेपालमा विद्यालय शिक्षाका लागि तयार गरिएको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ र २०७१ ले शैक्षिक क्षेत्रमा देखा पर्ने शैक्षिक मुद्दा र चुनौतीलाई सम्बोधन गर्न स्थानीय आवश्यकतामा आधारित शिक्षालाई विशेष जोड दिएको पाइन्छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले स्थानीय आवश्यकतामा आधारित शिक्षाको व्यवस्था गरेको छ ।

## २. पाठ्यक्रमको औचित्य

छबिसपाथिभेरा गाउँपालिका सुदूरपश्चिम प्रदेश बझाङ्ग जिल्लाको ऐतिहासिक पृष्ठभूमि तथा गरिमा बोकेको गाउँपालिका हो । प्राचीन कालदेखि नै यहाँ मानवबस्ती भएको विश्वास गरिन्छ, तसर्थ यसको विशिष्ट किसिमको गौरवशाली इतिहास रहेको छ । बेसींदेखि पहाडी साथै हिमाली क्षेत्र सम्मको विविधतायुक्त प्राकृतिक वातावरणको सङ्गम भेटिन्छ । नेपालको हिमाली र पहाडी क्षेत्रको भेषभुषा,लवाईखवाई,खेतीपाती,रीतिस्थितिको अनौठो प्रतिबिम्ब यस पालिकामा पाईन्छ । मूलतः खस आर्य क्षेत्री, ब्राह्मणको बाहुल्यता साथै दलित आदिको मिश्रित बसोबास रहेको यस पालिकामा भाषिक, धार्मिक, साँस्कृतिक, रहनसहन, परम्परा आदिमा विविधता रहेको छ । यहाँ शिक्षा, पर्यटन,कृषि र व्यापार विकासका अथाह सम्भावना र क्षेत्र रहेका छन् । यहाँका वासिन्दाहरुले परम्परागत तथा आधुनिक पेशा तथा व्यवसाय गरिरहेका छन् ।

स्थानीय पाठ्यक्रमको माध्यमबाट नेपालको संविधान (२०७२) को **धारा ३१** को **शिक्षा** तथा **धारा ३२** को **भाषा तथा संस्कृतिसम्बन्धी हक**को कार्यान्वयन हुने विश्वास गरिएको छ । स्थानीय भूगोल तथा इतिहासको जानकारी गराउन, भाषा, सँस्कृति तथा सम्पदा एवं परम्परागत भेषभुषा, रहनसहन, पेशा, व्यवसाय, कलाको संरक्षण र संवर्द्धनमा जोड दिन, आधुनिक पेशा व्यवसाय उद्यम तथा प्रविधिसँग विद्यार्थीलाई जोड्न, राष्ट्रिय पाठ्यक्रममा उचित स्थान पाउन नसकेका स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्त्वका विविध विषयवस्तु, जीवनोपयोगी सीप, दैनिक जनजीविकासँग सम्बन्धित समसामयिक महत्त्वपूर्ण विषय स्थानीय आवश्यकताको प्राथमिकताको आधारमा स्थानीय विज्ञहरुको सहभागितामा लिपिबद्ध गरी तत्सम्बन्धमा बालबालिकालाई सानै उमेरदेखि ज्ञान, सीप तथा धारणा दिई असल नागरिक उत्पादन गर्न नेपालको राष्ट्रिय पाठ्यक्रम प्रारुप,२०७६ को मार्गदर्शनको परिधिभित्र रही स्थानीय पाठ्यक्रमका विश्वव्यापी मान्यता अनुरुप स्थानीय विषयवस्तु सूत्रबद्ध किसिमले व्यवस्थित गरी पठनपाठन कार्य गर्नु आवश्यक देखिएकोले राष्ट्रिय पाठ्यक्रममा व्यवस्था गरिएका विषय सामग्रीसँग अन्तरसम्बन्धित हुने गरी स्थानीय परिवेश र सन्दर्भलाई समेटेर सिकाइक्षेत्र र सिकाइ उपलब्धिहरुलाई अन्तरविषयक ढाँचामा एकीकृत गरी स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित) ,२०७६ अनुसार स्थानीय पाठ्यक्रमको ढाँचा तयार गरिएको छ ।

समग्रमा स्थानीय पाठ्यक्रम तथा विषयको औचित्य देहायबमोजिम रहेको छ :

- नेपालको संविधान (२०७२) को धारा ३१ को शिक्षासम्बन्धी हक र धारा ३२ को भाषा तथा संस्कृतिको हक कार्यान्वयन हुने,

- राष्ट्रिय पाठ्यक्रम प्रारुप ,२०७६ अनुसार शिक्षाका राष्ट्रिय उद्देश्य प्राप्त गर्न स्थानीय विषयको पाठ्यक्रम अनिवार्य रहेको,
- स्थानीय तहमा प्रचलनमा रहेका भाषा, धर्म,सँस्कृति, सामाजिक साँस्कृतिक रहनसहन, परम्परा तथा संस्कार आदिको संरक्षण संवर्द्धन र प्रयोग गर्न,
- स्थानीय वातावरण, जैविक तथा प्राकृतिक विविधता, पर्यटकीय क्षेत्र (धार्मिक तथा प्राकृतिक), परम्परागत सीप, कला, पेशा, वेशभूषा, रहनसहनको संरक्षण तथा संवर्द्धन गर्न,
- स्थानीय कृषि, व्यापार, उद्यम, व्यवसाय तथा सीप (परम्परागत तथा आधुनिक) लाई व्यवस्थित गरी युवा पुस्तालाई श्रमसँग जोड्न,
- स्थानीय इतिहास, साहित्य, अग्रज विशिष्ट व्यक्तित्वको योगदान एवं ओझेलमा परेका राष्ट्रिय-अन्तर्राष्ट्रिय महत्त्वका विशिष्ट विषयको खोज तथा अनुसन्धानमा जोड दिन,
- पालिकाको भौगोलिक, राजनीतिक, प्रशासनिक, आर्थिक तथा जनसाङ्ख्यिकीय एवं विविध पक्षसँग विद्यार्थीलाई परिचित गराउन,
- जीवनोपयोगी तथा व्यावसायिक सीप र प्रविधिसँग सम्बन्धित पक्षलाई जोड्न ।

## ३. पाठ्यक्रम विकास, परिमार्जन तथा कार्यान्वयन प्रक्रिया

### ३.१. पाठ्यक्रम विकासको नीतिगत व्यवस्थाः

आधारभूत तहसम्मको स्थानीय पाठ्यक्रम विकास, निर्माण र कार्यान्वयनका सन्दर्भमा देहायबमोजिमको नीतिगत व्यवस्था रहेकोले सोहीबमोजिम स्थानीय तहको पाठ्यक्रम निर्माण गर्ने कार्य गरिएको छ ।

- आधारभूत तहमा व्यवस्था गरिएको स्थानीय विषय अन्तर्गत पाठ्यक्रममा मूल विषयका रुपमा समावेश भइसकेका नेपाली भाषा, अंग्रेजी भाषा, गणित, विज्ञान लगायतका विषय बाहेकका अन्य विषय मात्र पठनपाठन गराइनेछ ।
- स्थानीय तहले स्थानीय विज्ञ वा शिक्षा शाखा प्रमुखको संयोजकत्वमा स्थानीय पाठ्क्रम विकास तथा कार्यान्वयनका लागि समिति गठन गर्न सक्नेछ । त्यस्तो समितिले स्थानीय तहसँग समन्वय गरी कार्य गर्नेछ ।
- स्थानीय विषयवस्तु समेटी स्थानीय निकायको समन्वयमा आवश्यकता अनुसार **मातृभाषा वा नेपाली भाषा**मा स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार गर्न सकिनेछ । विषयवस्तु छनोट गर्दा प्रयोगात्मक तरिकाले अध्यापन गर्न सकिने र दीर्घकालीन रुपमा सकारात्मक प्रभाव पार्ने प्रकृतिको हुनु पर्नेछ ।
- स्थानीय पाठ्यक्रम विद्यालयगत वा स्थानीय तहगत रुपमा तयार गर्न सकिनेछ । स्थानीय तहभर एउटै खालको विषयमिल्दो देखिएमा स्थानीय तहभर र विद्यालय स्तरमा मात्र मिल्ने भएमा विद्यालयस्तरीय पाठ्क्रम निर्माण गर्न सकिनेछ । यसरी स्थानीय तह स्तरमा तयार हुने पाठ्यक्रम मिल्दाजुल्दा आवश्यकता भएका विद्यालयलाई समूहीकृत गरेर विद्यालयको मागबमोजिम फरक-फरक रुपमा पनि विकास गरी प्रयोग गर्न सकिनेछ । एकभन्दा बढी स्थानीय तहले आपसमा मिलेर स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्न सक्नेछन् । एक वा सोभन्दा बढी विद्यालयले तयार गरे पनि स्थानीय पाठ्यक्रम स्थानीय तहबाट स्वीकृत भएपश्चात मात्र लागु गर्नु पर्नेछ ।
- पाठ्यक्रमले तोके अनुसार सबै विद्यालय (सामुदायिक र संस्थागत) ले स्थानीय विषय अनिवार्य रुपमा लागु गर्नुपर्नेछ । सोको अनुगमन सम्बन्धित गाँउपालिका वा नगरपालिकाबाट गर्नु पर्नेछ ।
- स्थानीय पाठ्यक्रम निर्माणका सन्दर्भमा सम्बन्धित स्थानीय तह जिम्मेवार निकायका रुपमा रहनेछ । स्थानीय तहको शिक्षा हेर्ने शाखाले स्थानीय तहभित्रका विद्यालयका लागि स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार गर्न समन्वय तथा संयोजन गरी प्राविधिक सहयोग उपलब्ध गराउनेछ ।
- विद्यार्थी संख्यालाई ध्यानमा राख्दै अभिभावकको सल्लाह तथा परामर्शका आधारमा मातृभाषामा स्थानीय विषयवस्तुको पठनपाठन गर्न सकिनेछ । मातृभाषा विषय वा माध्यम दुबै हुन सक्नेछ ।
- विद्यालयले आफ्नो छुट्टै स्थानीय पाठ्यक्रम विकास गर्न चाहेमा सम्बन्धित स्थानीय तहसँग समन्वय गरी कार्य गर्नेछ ।

- स्थानीय पाठ्यक्रममा राष्ट्रिय पाठ्यक्रम प्रारुपको भावना प्रतिकूल नहुने र धार्मिक, साँस्कृतिक र सामाजिक सद्भावमा नकारात्मक प्रभाव नपर्ने, राजनीतिक पूर्वाग्रह नहुने तथा राष्ट्रिय अखण्डता, सामरिक सुरक्षा, कुटनीतिक सम्बन्ध, अर्थतन्त्र लगायतका विषय राख्दा राष्ट्रियतामा आँच नआउने प्रकृतिका विषयवस्तु समावेश गर्नुपर्छ।
- स्थानीय तहले राष्ट्रिय पाठ्यक्रम प्रारुपले निर्धारण गरे अनुसारको स्थानीय पाठ्यक्रम तयार गरी कार्यान्वयनमा लैजानु पर्नेछ।

## ३.२. स्थानीय पाठ्यक्रमको निर्माण, मूल्याङ्कन तथा परिमार्जन एवं कार्यान्वयन प्रक्रिया :

छबिसपाथिभेरा गाउँपालिकाको स्थानीय विषयको स्थानीय पाठ्यक्रमको निर्माण, मूल्याङ्कन तथा परिमार्जन एवं
कार्यान्वयन प्रक्रिया देहायबमोजिम रहेको छ।

- छबिसपाथिभेरा गाउँपालिकाले गठन गरेको स्थानीय पाठ्यक्रम निर्माण समितिद्वारा राष्ट्रिय पाठ्यक्रम प्रारुप,२०७६, आधारभूत तह (कक्षा १– ३) को पाठ्यक्रम २०७६, स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६, नेपालको संविधान २०७२ (शिक्षा तथा मातृभाषासँग सम्बन्धित धारा ३१ र ३२) का साथै स्थानीय पाठ्यक्रमसँग सम्बन्धित विभिन्न सन्दर्भ सामग्री अध्ययन गरेर समितिमा व्यापक छलफल गरी स्थानीय पाठ्क्रमको मस्यौदा तयार गरिएको छ।
- उक्त मस्यौदालाई छबिसपाथिभेरा गाउँपालिकाअन्तर्गतका विभिन्न सरोकारवाला निकाय, गैर-सरकारी संस्था, उद्योगी, व्यवसायी, व्यापारिक संघसंस्था,उद्यमी, किसान, धार्मिक प्रतिष्ठान, विद्यार्थी, शिक्षक, स्थानीय भाषा तथा इतिहासविद्, विभिन्न विषयका विज्ञ, पर्यटन व्यवसायी, राजनीतिक दल, जन प्रतिनिधि एवं सरोकारवाला पक्षसँग छलफल परामर्श गरी प्राप्त भएका राय सुझावसमेत समावेश गरेर पाठ्यक्रमलाई अन्तिम रुप दिई कार्यान्वयनमा ल्याइएको छ।
- पाठ्यक्रमका आधारमा पाठ्यपुस्तक, पाठ्यसामग्री, सन्दर्भ सामग्री तथा शिक्षक निर्देशिका तयार गर्ने, सोको परीक्षण गर्ने, सुझाव लिने र पाठ्यक्रम एवं पाठ्यसामग्रीलाई परिष्कृत गरी यस गाउँपालिकाभित्र कार्यान्वयनमा ल्याइनेछ।

**पाठ्यक्रम तथा पाठ्यसामग्री परीक्षण तथा कार्यान्वयन योजनाः**

| कक्षा | शैक्षिक वर्ष/ परीक्षण तथा कार्यान्वयन वर्ष | | | | |
|---|---|---|---|---|---|
| | २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ |
| १ | परीक्षण | कार्यान्वयन | — | | |
| २ | परीक्षण | कार्यान्वयन | — | | |
| ३ | परीक्षण | कार्यान्वयन | — | | |
| ४ | परीक्षण | कार्यान्वयन | — | | |
| ५ | परीक्षण | कार्यान्वयन | — | | |
| ६ | — | परीक्षण | कार्यान्वयन | | |
| ७ | — | परीक्षण | कार्यान्वयन | | |
| ८ | — | परीक्षण | कार्यान्वयन | | |

## ४. स्थानीय विषयको पाठ्यक्रमको अवधारणा तथा सिद्धान्तः

नेपालमा स्थानीय पाठ्यक्रमको अवधारणाको विकासक्रम निम्नानुसार भएको पाइन्छ :

- प्राथमिक शिक्षा पाठ्यक्रम,२०४९ मा प्राथमिक तहमा ऐच्छिक विषयको व्यवस्था भएको र उक्त विषयको पाठ्यक्रम विकास तथा कार्यान्वयनको जिम्मेवारी सम्बन्धित विद्यालय, विद्यालय समूह तथा जिल्लालाई दिइएको।

- प्राथमिक शिक्षा पाठ्यक्रम,२०६२ अनुसार "स्थानीय सरोकारवालाको सहभागितामा स्थानीय आवश्यकता अनुसार विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो।"
- स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनसम्बन्धी स्रोत सामग्री,२०६८ अनुसार "स्थानीय सरोकारवालाको आवश्यकता, चाहना र उनीहरुकै सहभागितामा स्थानीय विषयवस्तुलाई समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो। स्थानीय ज्ञान, सीप र प्रविधिलाई समेटी तयार पारिएको पाठ्यक्रमलाई नै स्थानीय पाठ्यक्रमको रुपमा लिन सकिन्छ, जसले स्थानीयतालाई जोड दिन्छ।"
- राष्ट्रिय पाठ्यक्रम प्रारुप,२०७६ ले स्थानीय आवश्यकतामा आधारित शिक्षामा जोड दिएको छ।
- स्थानीय आवश्यकतालाई उचित रूपमा सम्बोधन गर्न शिक्षालाई स्थानीय आवश्यकतामा आधारित बनाउने अभ्यास विश्वव्यापी रूपमा भइरहेको।

**यस पाठ्यक्रमको विकासका क्रममा निम्नानुसारका सिद्धान्तलाई मार्गदर्शनको रुपमा लिइएको छ।**

१) स्थानीय पाठ्यक्रम विकासको विश्वव्यापी मान्यता,
२) स्थान विशेषमा आधारित शिक्षा
३) सामाजिक पुनर्संरचनावादी सिद्धान्त
४) शैक्षिक विकेन्द्रीकरण
५) स्थानीय आवश्यकता
६) स्थानीय विषयवस्तु
७) स्थानीय सहभागिता र विज्ञताको प्रयोग

## ५. एकीकृत ढाँचाको पाठ्यक्रम

नेपालको राष्ट्रिय पाठ्यक्रम प्रारुप,२०७६ ले एकीकृत पाठ्यक्रम अनुसार ज्ञान र सीपको, ज्ञान र सिकाइ प्रक्रियाको, संज्ञानात्मक (Cognitive) र प्रभावी (Affective)क्षेत्रको, ज्ञान र आचरणको,विद्यालयभित्रको सिकाइ र विद्यार्थीको वास्तविक जीवनको, फरक विषयक्षेत्रहरूको एवं अन्तरसम्बन्धित सिकाइ क्षेत्रहरू लगायतको एकीकरणमा जोड दिइएको छ। यस पाठ्यक्रममा सिकाइका प्रमुख क्षेत्रहरूको व्यवस्थापन गर्ने सिद्धान्तका आधारमा पाठ्यक्रम विकास गर्दा निम्नानुसारको पक्षहरुलाई अवलम्बन गरिएको छ :

- कक्षा १ देखि कक्षा ३ सम्मको स्थानीय पाठ्यक्रमलाई अन्तरविषयगत र बहुविषयक पहिचान हुने गरी एकीकृत सिद्धान्तका आधारमा विकास गरिएको।
- आधारभूत तह कक्षा ४ देखि ८ सम्म पाठ्यक्रमका विषयवस्तुलाई अन्तरसम्बन्धित गर्ने सिद्धान्तलाई विचार गरी पाठ्यक्रमको कार्यान्वयन गरिएको।

## ६. विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्य :

विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरू निम्नानुसार हुनेछन् :

१. प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने,
२. सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य मान्यताप्रति प्रतिबद्ध, राष्ट्र र राष्ट्रियताप्रति वफादार,स्वाभिमानी, सामाजिक तथा साँस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवं जिम्मेवार नागरिक तयार गर्ने,
३. श्रमप्रति सम्मान एवं सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगार उन्मुख, उत्पादनमुखी, उद्यमशील र सीपयुक्त नागरिक तयार गर्ने,
४. व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुऱ्याउने,
५. प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्द्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने,

६. प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यता अनुरूपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवाद उन्मुख राष्ट्र निर्माणमा मद्दत गर्ने,
७. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्व परिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने,
८. वैज्ञानिक अवधारणा,तथ्य,सीप,सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने,
९. रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सीप भएका सहिष्णु र भाषिक सक्षमतामा निपुण नागरिक तयार गर्ने,
१०. नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण,संवर्द्धन र विस्तारतर्फ अभिप्रेरित भएका नेपालको इतिहास, भूगोलको ज्ञान भएका, नेपाली पहिचान र जीवनशैलीप्रति गौरव गर्ने नागरिक तयार गर्ने,
११. जलवायु परिवर्तन तथा प्राकृतिक एवं मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपत् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने,
१२. सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने ।

## ७. विद्यालय शिक्षाको तहगत र कक्षागत संरचना र उमेर :

| विद्यालयको तह | कक्षा | उमेर समूह | सिकाइ क्षमता स्तर |
|---|---|---|---|
| प्रारम्भिक बालविकास र शिक्षा | प्रारम्भिक बालविकास | ४ वर्ष | — |
| आधारभूत | कक्षा १–३ | ५ देखि ७ वर्षसम्म | तह १ |
| | कक्षा ४–५ | ८ देखि ९ वर्षसम्म | तह २ |
| | कक्षा ६–८ | १० देखि १२ वर्षसम्म | तह ३ |
| माध्यमिक | कक्षा ९– १० | १३ देखि १४ वर्षसम्म | तह ४ |
| | कक्षा ११– १२ | १५ देखि १६ वर्षसम्म | तह ५ |

## ८. विद्यालय तह (कक्षा १– ८) को पाठ्यक्रम संरचना :

### ८.१. प्रारम्भिक बालविकास र शिक्षा

**प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम संरचना :**

| क्र.सं. | सीपका क्षेत्रहरू | सीपहरू | वार्षिक समय (घण्टामा) |
|---|---|---|---|
| १ | आधारभूत सीप सिकाइका क्षेत्र | (क) शारीरिक सीप | ३८४ |
| | | (ख) संवेगात्मक सीप | |
| | | (ग) सामाजिक, साँस्कृतिक र नैतिक सीप | |
| | | (घ) बौद्धिक तथा मानसिक सीप | |
| | | (ङ) स्वास्थ्य, पोषण, सुरक्षा र वातावरण सीप | |
| | | (च) सिर्जनात्मक सीप | |
| २ | विषयगत सीप सिकाइका क्षेत्र | (क) भाषिक सीप | १९२ |
| | | (ख) पूर्वगणितीय सीप | |
| | | (ग) दृश्यकला, कार्यतरिका र सिर्जनशीलता | |
| | | (घ) वरपरको वातावरण | |
| | | (ङ) सामाजिक सीप | |
| | | जम्मा | ५७६ |

(उपर्युक्त तालिकामा उल्लिखित क्रियाकलाप र समयबाहेक मनोरञ्जन क्रियाकलाप, बाह्य खेल र आराम गर्ने समय गरी कम्तीमा दैनिक १ घण्टाका दरले वर्षभरिमा २५६ घण्टासम्म वार्षिक समय थप हुन सक्नेछ ।)

## ८.२ आधारभूत तहको पाठ्यक्रम संरचना :

### क) आधारभूत तह (कक्षा १– ३) को पाठ्यक्रम संरचना :

| क्र. सं. | विषयसम्बन्धी क्रियाकलाप | पाठ्यघण्टा (Credit Hour) | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १ | भाषिक सीप विकाससम्बन्धी क्रियाकलाप (नेपाली) | ५ | १६० |
| २ | भाषिक सीप विकाससम्बन्धी क्रियाकलाप (अङ्ग्रेजी) | ४ | १२८ |
| ३ | गणितीय सीप विकाससम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ४ | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षासम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ५ | सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ६ | मातृभाषिक सीप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप | ५ | १६० |
|  | जम्मा | २६ | ८३२ |

**द्रष्टव्य :**

१. पठनपाठन सञ्चालनका लागि उपयोग भएको ३२ घण्टाको समयावधिलाई एक पाठ्यघण्टा (Credit Hour) मानिएको छ।

२. भाषिक सीप अन्तर्गत सुनाइ, बोलाइ, पढाइ, लेखाइ सीपको विकास, शब्दभण्डार, आधारभूत सञ्चार सीप, अभिव्यक्ति सीपको विकास जस्ता पक्षहरूमा ध्यान दिनुपर्नेछ। गणितीय सीपअन्तर्गत सङ्ख्या र अङ्कको अवधारणाका साथै व्यावहारिक गणितीय ज्ञान तथा व्यावहारिक सीपको विकास र प्रयोगमा ध्यान दिनुपर्नेछ।

३. विज्ञान,स्वास्थ्य र शारीरिक शिक्षासम्बन्धी क्रियाकलापहरू अन्तर्गत वैज्ञानिक सोच तथा सीपको प्रयोग, विज्ञान, वातावरण, स्थानीय पर्यावरण, स्वास्थ्य र शारीरिक शिक्षा, प्रविधि आदि सिकाइका क्षेत्रअन्तर्गत पर्ने विषयवस्तुहरूसँग सम्बन्धित क्रियाकलापहरू समावेश गरिनेछ।

४. सामाजिक अध्ययन,चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलापअन्तर्गत सामाजिक मूल्य र मान्यता, चारित्रिक विकास, सिर्जनात्मकता, कला र संस्कृति, जीवनोपयोगी सीप तथा सूचना र सञ्चार प्रविधि आदि सिकाइका क्षेत्रअन्तर्गत पर्ने विषयवस्तुहरूसँग सम्बन्धित क्रियाकलाप समावेश गरिनेछ।

५. स्थानीय विषयअन्तर्गत मातृभाषा, स्थानीय ज्ञान, सीप र प्रविधिमा आधारित विषयसँग सम्बन्धित क्रियाकलाप पर्नेछन्। सिर्जनात्मक सीप विकाससम्बन्धी क्रियाकलापमा अन्य विषय क्षेत्रका क्रियाकलापहरूसँग पनि सम्बन्धित गराइनुपर्छ। स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालयले स्थानीय विज्ञ, अभिभावक तथा स्थानीय तहको सहयोग र समन्वयमा विकास गरी कार्यान्वयनमा ल्याउनेछ।संस्कृत, गुरुकुल, गुम्बा/विहार, मदरसा,मुन्धुमजस्ता परम्परागत शिक्षा पद्धतिका हकमा नेपाली र सामाजिक विषयबाहेक अन्य विषयहरू परम्परागत शिक्षा पद्धति अनुसार अनुकूलन र विकास गरी कार्यान्वयन गरिनेछ।

६. संस्कृत तथा परम्परागत शिक्षाको प्रारम्भिक शिक्षा (कक्षा १–३) लाई एकीकृत सिद्धान्त अनुरूप साधारण शिक्षाकै समकक्षी शिक्षा प्रदान गरिनेछ। सामाजिक अध्ययन तथा सिर्जनात्मक कला विषयसँग सम्बन्धित विषयक्षेत्रलाई आवश्यकताका आधारमा थपघट गरी यस शिक्षाका पाठ्यसामग्रीलाई सन्दर्भ र औचित्यका आधारमा अनुकूलन गरिनेछ।यस शिक्षामा मातृभाषाका सट्टामा सम्बन्धित भाषा (संस्कृत रचना, भोट भाषा, अरेबिक र उर्दू भाषा, लिम्बू भाषा आदि) का पाठ्यक्रम र पाठ्यसामग्री कार्यान्वयन गरिनेछ।

### ख) आधारभूत शिक्षा (कक्षा ४–५)

आधारभूत शिक्षा (कक्षा ४–५) मा विद्यार्थीहरूलाई भाषा, गणित, विज्ञान तथा प्रविधि, सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा, स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला, मातृभाषा तथा स्थानीय विषयका सिकाइ क्षेत्रहरू प्रदान गरिनेछ। यस तहको पाठ्यक्रम धेरै बोझिलो नहुने गरी विकास गरिनेछ। यस तहमा बालबालिकाहरूले आफ्नो मातृभाषामा सिक्ने अवसर प्राप्त गर्नेछन्। यस तहमा रहने विषय पाठ्यघण्टा (Credit Hour) र वार्षिक कार्यघण्टा निम्नानुसार हुनेछन्:

## आधारभूत शिक्षा (कक्षा ४– ५) को पाठ्यक्रम संरचना

| क्र.सं. | विषय | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १ | नेपाली | ५ | १६० |
| २ | अङ्ग्रेजी | ५ | १६० |
| ३ | गणित | ५ | १६० |
| ४ | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५ | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६ | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ |
| ७ | मातृभाषा/स्थानीय विषय | ४ | १२८ |
| | जम्मा | ३२ | १०२४ |

**द्रष्टव्य :**

१. भाषिक विषय अन्तर्गत सुनाइ, बोलाइ, पढाइ, लेखाइ सीपको विकास, शब्दभण्डार, आधारभूत सञ्चार सीप,अभिव्यक्ति सीपको विकासजस्ता पक्षहरूमा ध्यान दिनुपर्दछ। गणित अन्तर्गत सङ्ख्या र अङ्कको अवधारणाका साथै व्यावहारिक गणितीय ज्ञान तथा व्यावहारिक सीपको विकास र प्रयोगमा ध्यान दिनुपर्दछ। विज्ञान तथा प्रविधि शिक्षासम्बन्धी क्रियाकलापहरू अन्तर्गत वैज्ञानिक सोच तथा सीपको प्रयोग, विज्ञान, वातावरण, स्थानीय पर्यावरण, सूचना र सञ्चार प्रविधि आदि सिकाइका क्षेत्र अन्तर्गत पर्ने विषयवस्तुहरू समावेश गरिनेछ। सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा अन्तर्गत सामाजिक मूल्य र मान्यता, चारित्रिक विकास, कला र संस्कृति, जीवनोपयोगी सीप, नागरिक चेतना आदि सिकाइका क्षेत्र अन्तर्गत पर्ने विषयवस्तुहरू समावेश गरिनेछ। स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कलाअन्तर्गत शारीरिक तन्दुरुस्ती,स्वस्थकर बानी, सरसफाइ र जीवनोपयोगी सीप,सिर्जनात्मकता आदिसँग सम्बन्धित विषयवस्तुहरू समावेश गरिनेछ। सिर्जनात्मक सीप विकाससम्बन्धी क्रियाकलापलाई अन्य विषय क्षेत्रका क्रियाकलापहरूसँग पनि सम्बन्धित गराउनुपर्दछ। स्थानीय विषय अन्तर्गत मातृभाषा, स्थानीय ज्ञान, सीप, कला, संस्कृति र प्रविधिमा आधारित विषयसँग सम्बन्धित क्रियाकलाप पर्नेछन्। स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालयले स्थानीय तहको सहयोग र समन्वयमा स्थानीय विज्ञ, अभिभावकको संलग्नतामा विकास गरी कार्यान्वयनमा ल्याउनेछ।

२. संस्कृत तथा परम्परागत शिक्षा अन्तर्गत आधारभूत शिक्षा (कक्षा ४–५) लाई साधारण शिक्षाकै समकक्षी शिक्षा प्रदान गरिनेछ। सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा विषयसँग सम्बन्धित विषयक्षेत्रलाई आवश्यकताका आधारमा थपघट गरी यस शिक्षाका पाठ्यसामग्रीलाई सन्दर्भ र औचित्यताका आधारमा अनुकूलन गरिनेछ। मातृभाषाका सट्टामा सम्बन्धित भाषा (संस्कृत रचना, भोट भाषा, अरेबिक र उर्दू भाषा, लिम्बू भाषा) का पाठ्यक्रम र पाठ्यसामग्री कार्यान्वयन गर्न सकिनेछ।

३. गुरुकुल शिक्षातर्फ स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला विषयका सट्टामा वेद वा नीतिशास्त्र वा मानव मूल्य शिक्षा विषय अध्ययन अध्यापन गर्न सकिनेछ। मदरसा शिक्षातर्फ स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला विषयका सट्टामा दिनियात विषय अध्ययन अध्यापन गर्न सकिनेछ।

## ग) आधारभूत शिक्षा (कक्षा ६–८)

आधारभूत शिक्षा (कक्षा ६–८) मा विद्यार्थीहरूलाई भाषा,गणित, विज्ञान तथा प्रविधि, सामाजिक तथा मानव मूल्य, वातावरण, जनसङ्ख्या, स्वास्थ्य शारीरिक र स्थानीय विषयका सिकाइ क्षेत्रहरू नै प्रदान गरिनेछ। स्थानीय आवश्यकतामा आधारित अध्ययन अन्तर्गत विद्यार्थीहरूलाई मातृभाषा वा स्थानीय कला, संस्कृति, सीप इत्यादिमा आधारित विषयवस्तु समावेश गर्न सकिनेछ। साधारण जीवनका लागि आवश्यक अन्तरवैयक्तिक सीपहरू, स्वसचेतना सीपहरू,समालोचनात्मक तथा सिर्जनात्मक सोचाइका सीपहरू, निर्णय गर्ने सीपहरू,सूचना प्रविधिसम्बन्धी सीपहरू र द्वन्द्व तथा तनाव व्यवस्थापनसम्बन्धी सीपहरू एकीकृत गरी पाठ्यक्रम विकास गरिनेछ। यसप्रकार व्यवस्थित हुने पाठ्यक्रमको विषयगत संरचना निम्नानुसार हुनेछ :

### साधारण शिक्षा (कक्षा ६–८) को पाठ्यक्रम संरचना

| क्र.सं. | विषय | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १ | नेपाली | ५ | १६० |
| २ | अङ्ग्रेजी | ५ | १६० |
| ३ | गणित | ५ | १६० |
| ४ | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५ | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६ | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ |
| ७ | मातृभाषा/स्थानीय विषय | ४ | १२८ |
| | जम्मा | ३२ | १०२४ |

**द्रष्टव्य :** स्थानीय विषयअन्तर्गत मातृभाषा,स्थानीय कला,संस्कृति,ज्ञान,सीप,प्रविधि,पेसा तथा व्यवसाय अभिमुखीकरणसम्बन्धी विषयवस्तु समेत समेट्न सकिनेछ।

## ९. आधारभूत शिक्षा (कक्षा १ – ८) का सक्षमताहरू

आधारभूत शिक्षाले विद्यार्थी केन्द्रित शिक्षाका माध्यमद्वारा बालबालिकामा अन्तर्निहित प्रतिभाको विकास गर्नुपर्छ। यसको मूल उद्देश्य राष्ट्रप्रेम र लोकतन्त्रमा विश्वास गरी राष्ट्रियताको संरक्षण र संवर्धन गर्ने, अधिकार र कर्तव्यको पालनासहित स्वतन्त्रताको सम्मान गर्ने, सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत भई मानवीय मूल्य र मान्यता अनुकूल व्यवहार गर्ने कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्नु हो। यस तहको शिक्षा ग्रहण गरिसकेका बालबालिकाहरू आफ्ना विचार आदानप्रदान एवं दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्या समाधान गर्न सक्षम,स्वावलम्बी, परिश्रमी,वैज्ञानिक सुझबुझ भएका, स्वास्थ्यप्रति सचेत र नैतिकवान् हुनेछन्।

**आधारभूत शिक्षाका सक्षमता देहायबमोजिम हुनेछन् :**

१. देशप्रेम र राष्ट्रिय एकताको भावनाबाट ओतप्रोत एवं लोकतान्त्रिक मूल्य, मान्यता र संस्कारको विकास व्यवहारमा प्रदर्शन,
२. भाषिक तथा सञ्चार सीपको विकास र व्यावहारिक, सिर्जनात्मक एवं सान्दर्भिक प्रयोग,
३. सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग,
४. तार्किक तथा व्यावहारिक गणितीय ज्ञान, सीप एवं अभिवृत्ति विकास र प्रयोग,
५. वैज्ञानिक अवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवं बोध र व्यावहारिक जीवनमा प्रयोग,
६. मानव मूल्य र मान्यता एवं सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजग,
७. जनसङ्ख्या, वातावरण संरक्षण र दिगो विकासबिचको अन्तर्सम्बन्धको बोध र व्यवस्थापनमा सहयोग,
८. शारीरिक तन्दुरुस्ती, स्वस्थकर जीवनशैली र जीवनोपयोगी सीप (Life skills) को विकास,
९. स्थानीय, आधुनिक पेसा, व्यवसाय र प्रविधि एवं श्रमप्रति सम्मान तथा व्यवहार कुशल सीप (Soft skills) को प्रयोग,

१०. नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा संवर्धन एवं सिर्जनशीलताको विकास र प्रयोग
११. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, विश्वबन्धुत्व र सहअस्तित्व बोध तथा स्वीकार,
१२. दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान, विश्लेषण तथा समाधान

## ९.१ आधारभूत शिक्षा (कक्षा १–३) का सक्षमताहरू

आधारभूत शिक्षा (कक्षा १–३) को उद्देश्य बालबालिकालाई औपचारिक शिक्षासँग परिचित गराउने र आधारभूत साक्षरता, गणितीय ज्ञान र सीप तथा जीवनोपयोगी सीपहरूका साथै व्यक्तिगत स्वास्थ्य तथा सरसफाइसम्बन्धी बानीको विकास गर्ने अवसर प्रदान गर्ने हुनेछ। उनीहरू आफू रहेको प्राकृतिक तथा सामाजिक वातावरणसँग परिचित र सचेत हुनेछन्। यस तहको पाठ्यक्रम बालबालिकाको उमेरगत क्षमता एवं रुचिलाई ध्यान दिई एकीकृत सिद्धान्तअनुसार विकास गरिनेछ।

**आधारभूत शिक्षा (कक्षा १–३) का सक्षमता देहायबमोजिम हुनेछन्:**

१. आधारभूत भाषिक तथा सञ्चार सीपको विकास र प्रयोग,
२. आधारभूत गणितीय अवधारणा र सीपको विकास र प्रयोग,
३. अनुशासन, सदाचार र स्वावलम्बनजस्ता सामाजिक एवं चारित्रिक गुणको विकास,
४. विज्ञान, वातावरण, सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञानको विकास,
५. शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी र जीवनोपयोगी सीप (Life skills) को विकास,
६. कला तथा सौन्दर्यप्रति अभिरुचि र सिर्जनात्मकताको विकास,
७. आफ्नो परिवेशसंग परिचित भई विभिन्न जातजाति,धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास,

## ९.२ आधारभूत शिक्षा (कक्षा ४–५) का सक्षमताहरू

**आधारभूत शिक्षा (कक्षा ४– ५) का सक्षमताहरू निम्नानुसार हुनेछन्:**

१. देशप्रेमको भावना एवं लोकतान्त्रिक मूल्यमान्यता र संस्कारको विकास,
२. आधारभूत भाषिक तथा सञ्चार सीपको विकास र व्यावहारिक प्रयोग,
३. आधारभूत गणितीय अवधारणा र सीपको विकास र प्रयोग,
४. नैतिकता, अनुशासन, सदाचार र स्वावलम्बनजस्ता सामाजिक मूल्य मान्यता एवं चारित्रिक गुणको विकास,
५. विज्ञान, वातावरण, सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञान र सीपको विकास,
६. शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी, सरसफाइ र जीवनोपयोगीसीप (Life skills) तथा व्यवहार कुशल सीप (Soft skills) को विकास,
७. कला तथा सौन्दर्यप्रति अभिरुचि, सिर्जनात्मक र समालोचनात्मक सीपको विकास,
८. आफ्नो परिवेशसँग परिचित भई विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास।

## ९.३. आधारभूत शिक्षा (कक्षा ६–८) सक्षमताहरू :

**आधारभूत शिक्षा (कक्षा ६–८) का सक्षमता देहायबमोजिम हुनेछन्:**

१. देशप्रेम एवं राष्ट्रिय एकताको भावनाको विकास,
२. लोकतान्त्रिक मूल्य मान्यता र संस्कारको विकास र विविधताप्रति सम्मान,
३. भाषिक तथा सञ्चार सीपको विकास र व्यावहारिक, सिर्जनात्मक एवं सान्दर्भिक प्रयोग,
४. सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग,
५. तार्किक तथा व्यावहारिक गणितीय ज्ञान, सीप र अभिवृत्तिको विकास र प्रयोग,
६. वैज्ञानिक अवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवं बोध र व्यावहारिक जीवनमा प्रयोग,

७. नैतिकता, अनुशासन, सदाचार, स्वावलम्बनजस्ता सामाजिक र मानव मूल्य, मान्यता एवं चारित्रिक र नागरिक गुणको विकास,
८. जनसङ्ख्या, वातावरण संरक्षण र दिगो विकासबिचको अन्तर्सम्बन्धको बोध एवं व्यवस्थापनमा सहयोग,
९. शारीरिक तन्दुरुस्ती, स्वस्थकर जीवनशैली र जीवनोपयोगी सीपको विकास,
१०. स्थानीय र आधुनिक पेसा, व्यवसाय र प्रविधि र श्रमप्रति सम्मान तथा व्यवहार कुशल सीपको प्रयोग,
११. नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा संवर्धन एवं सिर्जनशीलताको प्रयोग,
१२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय, सामाजिक तथा भौगोलिक परिवेशसँग परिचत भई विविधता, सद्भाव र सहअस्तित्व बोध तथा स्वीकार,
१३. दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान, विश्लेषण तथा समाधान ।

## ९.४. पठनपाठनको समयावधि :

१. प्रारम्भिक बालविकास र शिक्षाका लागि एक शैक्षिक सत्रमा वार्षिक जम्मा ५७६ घण्टा दैनिक सीप सिकाइ क्रियाकलाप र विषयगत सीप सिकाइ क्रियाकलाप सञ्चालन हुनेछ । यसै गरी वार्षिक २५६ घण्टासम्मको मनोरञ्जन, बाह्य खेल र आराम गर्ने तथा खाजा खाने समय हुनेछ । उक्त समयले बालबालिकाले प्रारम्भिक बालविकास केन्द्रमा बिताउने पूरा अवधिलाई बुझाउँछ ।
२. विद्यालय शिक्षाको सबै कक्षाका लागि एक शैक्षिक वर्षमा कम्तीमा २०५ दिन पठनपाठन सञ्चालन हुनेछ ।
३. कक्षा १ देखि ३ सम्म जम्मा २६ पाठ्यघण्टा अर्थात् वार्षिक ८३२ कार्यघण्टाको पठनपाठन गर्नुपर्नेछ ।
४. कक्षा ४ देखि १० सम्म जम्मा ३२ पाठ्यघण्टा अर्थात् वार्षिक १०२४ कार्यघण्टा र कक्षा ११ र १२ मा कम्तीमा २७ पाठ्यघण्टा अर्थात् ८६४ कार्यघण्टादेखि बढीमा ३२ पाठ्यघण्टा अर्थात् १०२४ कार्यघण्टा पठनपाठन गर्नुपर्नेछ ।
५. पठनपाठन सञ्चालनका लागि खर्च भएको ३२ घण्टाको समयावधिलाई १ पाठ्यघण्टा मानिनेछ ।
६. तोकिएको पाठ्यघण्टा (Credit hour) नघट्ने गरी विद्यालयले विषयको आवश्यकता अनुसार साप्ताहिक कार्यतालिकाको समयावधि निर्धारण गरी कक्षा सञ्चालन गर्नुपर्नेछ। सामान्यतया प्रतिदिन प्रतिविषय एक घण्टाको एक पिरियड हुनेछ ।

## १०. आधारभूत तह (कक्षा १–८) को स्थानीय विषयको पाठ्यक्रम :

नेपालको संविधान (२०७२) को धारा-३१ को शिक्षासम्बन्धी हक तथा धारा-३२ को भाषा तथा संस्कृतिको हकको आधारभूत तहदेखि कार्यान्वयन गर्नुपर्ने, राष्ट्रिय पाठ्यक्रम प्रारुप,२०६३ र २०७१ ले शैक्षिक क्षेत्रमा देखा पर्ने शैक्षिक मुद्दा र चुनौतीलाई सम्बोधन गर्न स्थानीय आवश्यकतामा आधारित शिक्षालाई विशेष जोड दिएको विगतको व्यवस्था तथा राष्ट्रिय पाठ्यक्रम तथा मूल्याङ्कन परिषदले सिफारिश गरेको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७५ मा पनि स्थानीय पाठ्यक्रमलाई पाठ्यक्रममा महत्त्वपूर्ण स्थान दिनुपर्ने कुरा उल्लेख गरिएको सन्दर्भ एवं राष्ट्रिय पाठ्यक्रम प्रारुप,२०७६ ले स्थानीय आवश्यकतामा आधारित शिक्षाको व्यवस्था गरेको नीतिगत व्यवस्थाको कार्यान्वयन गर्नुपर्ने टड्कारो आवश्यकता महसुस गरिएको छ ।

राष्ट्रिय शिक्षा नीति तथा राष्ट्रिय पाठ्यक्रम प्रारुप,२०७६ले मार्गनिर्देशन गरेको शिक्षाको लक्ष्य तथा प्रक्रियाअनुरुप शिक्षा पद्धतिको सञ्चालनको मूल आधारका रुपमा पाठ्यक्रम रहेको हुन्छ । पाठ्यक्रमको विकास, ज्ञान तथा प्रविधिको विकास र विस्तार,राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्दर्भहरु,समसामयिक समाजका आवश्यकता,स्थानीय परिवेश तथा व्यक्तिको आवश्यकता समेतको सापेक्षतामा गरिन्छ । पाठ्यक्रम विकासमा भौगोलिक, ऐतिहासिक, सामाजिक, साँस्कृतिक, धार्मिक, आर्थिक आदि पक्षले समेत प्रभाव पारेको हुन्छ। पाठ्यक्रममा विषय तथा विषयवस्तुको छनोट गर्दा विशेष गरेर अन्तर्राष्ट्रिय रुपमा व्यापकता पाएका विषय र राष्ट्रिय आवश्यकताका विषयलाई मुख्य विषयको रुपमा लिइएको हुन्छ । राष्ट्रिय आवश्यकतालाई सान्दर्भिक रुपमा समावेश गर्न देशभित्रका फरक-फरक स्थानका फरक-फरक विशिष्टता तथा आवश्यकतालाई सम्बोधन गर्नु पर्दछ । यसका लागि राष्ट्रियस्तरमा

निर्माण हुने पाठ्यक्रमले मात्र पर्याप्त हुन नसक्ने भएकाले स्थानीय विषयको रुपमा पाठ्यक्रम ढाँचाभित्र रही निश्चित स्थान दिइएको हुन्छ ।

नेपालको राष्ट्रिय पाठ्यक्रम प्रारुप,२०७६ अनुरुप राष्ट्रिय पाठ्यक्रमअनुसार तयार गरिएका विषयहरुमा यस क्षेत्रका कतिपय महत्त्वपूर्ण विशिष्ट पक्षले उचित स्थान पाउन नसकेको परिप्रेक्ष्यमा स्थानीय पाठ्यक्रमको सिद्धान्त तथा अवधारणा अनुसार एकीकृत पाठ्यक्रमको ढाँचामा शिक्षण सिकाइ कार्यलाई व्यवस्थित गर्न यो पाठ्यक्रमको विकास गरिएको छ । यस पाठ्यक्रममा कक्षागत/तहगत रुपमा राष्ट्रिय पाठ्यक्रम व्यवस्था गरिएका विषयहरुका विषयगत सक्षमताका साथै विद्यार्थीले सिक्ने ज्ञान, सीप तथा धारणालाई विद्यालयभित्रको सिकाइ र विद्यार्थीको वास्तविक जीवन, समसामयिक स्थानीय विषयवस्तुसँग अन्तरसम्बन्धित गराई सिकाइ क्षेत्रहरू लगायतको एकीकरणमा जोड दिइएको छ ।
यसमा सिकाइ क्षेत्रलाई विषय क्षेत्रगत एकाइमा विभाजन गरी आफ्नो भाषा, धर्म, परम्परा,रहनसहन,संस्कृति,साहित्य, इतिहास, भूगोल, जनसङ्ख्या वातावरण,स्थानीय उद्यम,पेशा व्यवसायप्रति जागरुक, स्वास्थ्य (खेलकुद, योग तथा प्राकृतिक चिकित्सा), सूचना तथा प्रविधिसँग सम्बन्धित व्यवहारकुशल सीप, विद्यार्थीको वैयक्तिक सिकाइ क्षमतालाई सम्बोधन गर्ने एकीकृत रूपमा प्रस्तुत गरिएको छ । पाठ्यक्रम कार्यान्वयन कार्यक्रममा सिकाइ सामग्रीको प्रयोग तथा कक्षा शिक्षण र मूल्याङ्कन प्रक्रियालाई प्रभावकारी बनाउन यस पाठ्यक्रममा सिकाइ सहजीकरण प्रक्रिया र विद्यार्थी मूल्याङ्कन रणनीति समेत समावेश गरिएको छ ।

**स्थानीय विषयको पाठ्यभार तथा कार्यघण्टा :**

| तह | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|
| आधारभूत तह (कक्षा १– ३) | ५ | १६० |
| आधारभूत तह (कक्षा ४– ५) | ४ | १२८ |
| आधारभूत तह (कक्षा ६– ८) | ४ | १२८ |

## विषयक्षेत्र

१. हाम्रो गाउँपालिका
२. हाम्रो भाषा, साहित्य, संस्कृति तथा परम्परा
३. हाम्रो वातावरण
४. हाम्रो विगत
५. स्थानीय पेशा व्यवसाय सीप र प्रविधि (परम्परागत तथा आधुनिक)
६. स्थानीय ऐतिहासिक, पुरातात्विक,धार्मिक र पर्यटकीय क्षेत्र
७. हाम्रा नैतिक मूल्य मान्यता तथा सकारात्मक व्यवहार
८. योग तथा आर्युवेद
९. स्वास्थ्य तथा खेलकुद
१०. विपद् तथा जोखिम व्यवस्थापन

## ११. आधारभूत तह (कक्षा १–५) को स्थानीय विषयको तहगत सक्षमता देहायबमोजिम हुनेछन् :

१. आफ्नो स्थानीय तहको पहिचान र बोध,
२. हाम्रो धर्म, संस्कृति तथा परम्पराको, भाषा, साहित्य,पहिचान संरक्षण संवर्द्धन र प्रयोग,
३. हाम्रो वातावरण तथा हरित गाउँपालिकासम्बन्धी ज्ञान र प्रवर्द्धन,
४. हाम्रो विगतको पहिचान, सम्मान र अनुसरण,

५. स्थानीय परम्परागत तथा आधुनिक सीप, कला, व्यवसाय तथा प्रविधिको बोध, संरक्षण र व्यवहारकुशल सीप,
६. ऐतिहासिक, पुरातात्विक,धार्मिक तथा पर्यटकीय क्षेत्रको पहिचान तथा संरक्षण,
७. हाम्रा नैतिक मूल्य मान्यताको पहिचान, सम्मान, अवलम्बन तथा सकारात्मक व्यवहार प्रदर्शन,
८. योगाभ्यास र औषधीय गुण भएका स्थानीय जडिबुटीको पहिचान र उपयोग,
९. स्वस्थकर तथा सुरक्षित बानीको विकास र व्यक्तिगत तथा वातावरणीय सरसफाइ क्रियाकलापमा सक्रियता,
१०. शारीरिक तथा मानसिक सीप विकाससंग सम्बन्धित स्थानीय तथा अन्य खेलको अभ्यास र खेल सामग्रीको उचित प्रयोग र संरक्षण,
११. विपद् तथा जोखिमको बोध एवं व्यवस्थापन सीपको प्रयोग,

## ११.१. आधारभूत तह ( कक्षा १– ३) स्थानीय विषयका तहगत सक्षमता :

१. आफ्नो विद्यालय र बसोबास रहेको स्थानको वारेमा जानकारी।
२. आफ्नो परिवारका सदस्य तथा तिनले अपनाएको पेशा बोध।
३. आफ्नो भाषा-साहित्य, ऐतिहासिक,धार्मिक,सांस्कृतिक तथा पर्यटकीय सम्पदा तथा समुदायमा मनाइने चाडपर्व, सामाजिक एवं सांस्कृतिक मूल्य मान्यता पहिचान संरक्षण र संवर्द्धन।
४. पोषणको महत्त्व बोध तथा व्यक्तिगत/सामूहिक सरसफाइ गर्ने बानीको विकास।
५. स्थानीय जैविक विविधता तथा वातावरणको महत्त्वबोध र संरक्षण गर्ने सीपको विकास।
६. योगाभ्यास तथा स्थानीय जडीबुटीको बोध तथा प्रयोग।
७. बालबगैंचा निर्माण तथा संरक्षण सीपको विकास।
८. घरपरिवार, विद्यालय तथा समुदायमा अवलम्बन गर्नुपर्ने असल व्यवहारको पहिचान र अनुसरण।
९. स्थानीय खेल खेल्ने सीपको विकास र खेल सामग्रीको सदुपयोग र संरक्षण।
१०. विपद् तथा जोखिमको पहिचान र सजगता।

## ११.२. आधारभूत तह ( कक्षा ४– ५) स्थानीय विषयका तहगत सक्षमता

१. आफ्नो बसोबास रहेको वडा तथा नगरपालिकाको संक्षिप्त परिचय तथा इतिहासको जानकारी।
२. स्थानीय भाषा, साहित्य, धर्म, सामाजिक एवं सांस्कृति परम्परागत चाडपर्व वेशभूषा, रहनसहन तथा खानपानजस्ता गतिविधिको पहिचान, संरक्षण र सम्वर्धन।
३. स्थानीय परम्परागत बाजा, नृत्य, लोकभाखा, तथा सोसंग सम्बन्धी मान्यताको पहिचान र संरक्षण।
४. पोषणको महत्त्व बोध तथा व्यक्तिगत/सामूहिक सरसफाइ गर्ने सीपको विकास।
५. स्थानीय प्राकृतिक स्रोत तथा सम्पदा एवं धार्मिक/सांस्कृतिक पर्यटकीय क्षेत्रको पहिचान, महत्त्व, संरक्षण र संवर्धन।
६. हरित विद्यालयको निर्माण तथा संरक्षण।
७. वातावरणीय संरक्षण, सम्वर्धन तथा फोहरमैला व्यवस्थापन सीपको विकास।
८. योगाभ्यास तथा स्थानीय जडीबुटीको पहिचान तथा प्रयोग।
९. स्थानीय परम्परागत तथा आधुनिक पेशा, व्यवसाय ,सीप एवं प्रविधिको पहिचान र प्रयोग गर्ने सीपको विकास।
१०. पौष्टिक आहार तथा स्वस्थकर बानीको विकास ।
११. सामाजिक/नैतिक (Socio ethical) मूल्य मान्यताको अनुसरण तथा सकारात्मक व्यवहार प्रदर्शन।
१२. स्थानीय र अन्य खेलमा सहभागिता तथा खेल सामग्रीको उचित प्रयोग र संरक्षण।
१३. स्थानीय विपद् तथा जोखिमका क्षेत्रको पहिचान तथा सचेतना विकास।

## ११.३. आधारभूत तह (कक्षा ६– ८) स्थानीय विषयका तहगत सक्षमताः

१. स्थानीय तहको व्यवस्थापिका, कार्यपालिका तथा न्यायपालिकाको गठन, काम कर्तव्य तथा अधिकार, आयका स्रोत, जनसांख्यिकिक स्थिति एवं विकास तथा निर्माण कार्य र प्रशासनिक सेवाको बोध।
२. छबिसपाथिभेरा गाउँपालिकाको इतिहास तथा ऐतिहासिक व्यक्तित्वहरुको योगदानको पहिचान र अनुसन्धान।
३. स्थानीय पर्यटकीय,पुरातात्विक महत्त्वका क्षेत्र, धार्मिक तथा सांस्कृतिक सम्पदा, भाषा साहित्यको महत्त्वबोध र संरक्षण।
४. स्थानीय प्रमुख पर्व, मेला, जात्रा, र विविध जातजातिको रहनसहन तथा संस्कृतिको पहिचान, सम्मान र संरक्षण।
५. स्थानीय जैविक विविधता तथा हरित गाउँपालिकाको महत्त्वबोध संरक्षण तथा प्रवर्धनमा सहयोग।
६. सामाजिक विकास तथा वातावरण संरक्षणमा क्रियाशील संस्था परिचय।
७. परम्परागत सीप, कला, पेसा व्यवसाय एवं प्रविधिको पहिचान, संरक्षण र प्रवर्धन।
८. स्थानीय उत्पादनका क्षेत्रहरु पहिचान तथा व्यावहारिक सीपको विकास।
९. स्थानीय पारिवारिक, सामुदायिक तथा सामाजिक संरचनाको अध्ययन।
१०. विद्यमान सामाजिक समस्या, विकृति, कुरीति तथा विभेदको पहिचान, तिनको न्यूनीकरण र असल व्यवहार प्रदर्शन।
११. योगाभ्यासमा सहभागिता तथा औषधीय गुण भएका स्थानीय जडीबुटीको बोध, संरक्षण तथा प्रयोग।
१२. स्थानीय तथा अन्य खेल खेल्ने तथा खेल सामग्रीको उचित प्रयोग र संरक्षण सीपको विकास र प्रयोग।
१३. स्थानीय विपद् तथा जोखिमका क्षेत्रको पहिचान, सचेतना,न्यूनीकरणमा सहभागी ।

## १२. विषयवस्तुको क्षेत्र र क्रमः

### १२.१. हाम्रो गाउँपालिका :

| **समावेश गरिएका विषयवस्तु :** | छबिसपाथिभेरा गाउँपालिकाको भौगोलिक, राजनीतिक, आर्थिक, प्रशासनिक तथा जनसाङ्ख्यिक एवं अन्य विवरण |
|---|---|
| कक्षा : १ | आफ्नो बसोबास रहेको स्थानको सामान्य परिचय। |
| कक्षा : २ | आफ्नो बसोबास रहेको छरछिमेक, टोल तथा समुदायको सामान्य परिचय। |
| कक्षा : ३ | आफ्नो बसोबास रहेको वडाको सामान्य परिचय। |
| कक्षा : ४ | अ) आफ्नो बसोबास रहेको पालिकाको अवस्थिति, भूबनोट, क्षेत्रफल, सिमानाको संक्षिप्त परिचय।<br>आ) नेपाल/सुदूरपश्चिम प्रदेशको नक्सामा पालिका।<br>इ) पालिकाको नक्सामा वडा। |
| कक्षा : ५ | अ) गाउँपालिकाको मुख्य विशेषता तथा स्रोत परिचालन र वातावरणीय प्रभाव।<br>आ) महत्त्वपूर्ण धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थल, सार्वजनिक स्थल तथा उद्यान। |
| कक्षा : ६ | व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको गठन प्रक्रिया र काम कर्तव्य तथा अधिकारको संक्षिप्त परिचय। |
| कक्षा : ७ | टोल विकास संस्था, वडा समिति र गाउँपालिकाको संगठनात्मक ढाँचा र प्रदान गर्ने सेवा। |
| कक्षा : ८ | अ) जनसंख्याको संरचना।<br>आ) पालिकाका आयका क्षेत्र र विकास निर्माण तथा विविध गतिविधि। |

### १२.२. हाम्रो भाषा, साहित्य, संस्कृति तथा परम्परा :

| **समावेश गरिएका** | चाडपर्व, भेषभूषा, रहनसहन, धर्म, स्थानीय मेला/उत्सव, धार्मिक, सामाजिक तथा सांस्कृतिक परम्परागत बाजा, नृत्य, डेउडा, माङ्गल, ठाडीभाका, भाषा, साहित्य र कला। |
|---|---|

| विषयवस्तु : | |
|---|---|
| कक्षा : १ | १. आफ्नो भाषा, चाडपर्व तथा अन्य सांस्कृतिक तथा परम्परागत क्रियाकलापको सामान्य परिचय।<br>२. बालगीत। |
| कक्षा : २ | १. आफ्नो समुदायको भाषा, धर्म, धार्मिक स्थल (मठ मन्दिर), जातजाति आदिको परिचय।<br>२. बाल साहित्य। |
| कक्षा : ३ | १. जन्मदेखि मृत्युसम्मका हाम्रा संस्कार। २. लोकगीत र साहित्यकार परिचय। |
| कक्षा : ४ | स्थानीय कला (भाषा तथा साहित्य), सांस्कृतिक सम्पदाको परिचय, महत्त्व र संरक्षण |
| कक्षा : ५ | स्थानीय बाजा तथा नृत्य : डेउडा, माङ्गल, ठाडीभाका,फाग, लोक साहित्य तथा पहिरनको परिचय, महत्त्व र संरक्षण। |
| कक्षा : ६ | १. मेला तथा जात्रा लाग्ने मन्दिर : मष्टामन्दिर, दैपाण, दुर्गामन्दिर मठ, सुर्मा मन्दिर, च्याकोट मन्दिर, कालभैरव मन्दिर।<br>२. लोक नाटक, स्थानीय सिर्जना। |
| कक्षा : ७ | १. स्थानीय जातिगत वा क्षेत्रगत पहिरन, रहनसहन, खानपान तथा संस्कृति एवं परम्पराको परिचय, महत्त्व र संरक्षण।<br>२. हाइकु, मुक्तक, छन्द र कविता। |
| कक्षा : ८ | १. पालिकाभित्र मनाइने मुख्य पर्व र मेला : दशैं, माघी, बिसु,तिहार,चैतली,बिर्सती,सुर्मदिवी मेला आदिको परिचय।<br>२. परम्परागत खाद्यपरिकार।<br>३. अन्तर्वार्ता, साहित्यिक पत्रिका |

## १२.३. हाम्रो वातावरण :

| समावेश गरिएका विषयवस्तु : | १. स्थानीय प्राकृतिक स्रोत/सम्पदा (जमिन,खोला,गाड ,जङ्गल क्षेत्र, पहाड,झरना,) र जैविक विविधता।<br>२. हरित पालिका र वातावरण संरक्षणमा काम गर्ने संघसंस्थाको परिचय। |
|---|---|
| कक्षा : १ | १. वरिपरिको वातावरणको सामान्य परिचय।<br>२. बाल बगैंचाको परिचय दिन। |
| कक्षा : २ | १. स्थानीय जल तथा स्थल सम्पदा , घरपालुवा जनावर र पशुपन्छीको परिचय।<br>२. बाल बगैंचाको परिचय र आवश्यकता। |
| कक्षा : ३ | १. स्थानीय प्राकृतिक स्रोत तथा सम्पदाको परिचय।<br>२. बाल बगैंचाको निर्माण र संरक्षण। |
| कक्षा : ४ | १. छबिसपाथिभेरा गाउँपालिकामा रहेका प्राकृतिक स्रोत र सम्पदाको महत्त्व र आवश्यकता।<br>२. विद्यालय परिसरमा वृक्षारोपण। |
| कक्षा : ५ | १. प्राकृतिक स्रोत र सम्पदामा परेको नकारात्मक प्रभावको न्यूनीकरण, प्रदूषण व्यवस्थापन तथा वातावरण संरक्षण।<br>२. विद्यालय परिसरमा हरियाली प्रवर्द्धन। |
| कक्षा : ६ | १. गाउँपालिकामा जैविक विविधता ।<br>२. फोहर व्यवस्थापन (विद्यालय परिसर, घर तथा समुदाय)। |
| कक्षा : ७ | १. जैविक विविधताको जानकारी , महत्त्व र संरक्षण। |

| | |
|---|---|
| | २. वडामा खाली रहेको ठाउमा वृक्षारोपण, संरक्षण र प्रवर्धन। |
| कक्षा : ८ | वातावरण संरक्षणमा काम गर्ने स्थानीय संघसंस्थाको परिचय तथा इको क्लब, बाल क्लबको माध्यमबाट वातावरण संरक्षण र हरित पालिका बनाउन सहयोग। |

## १२.४. हाम्रो विगत :

| | |
|---|---|
| **समावेश गरिएका विषयवस्तु:** | १. बस्ती बिस्तार (नामकरण र प्रशासनिक विभाजन)<br>२. गाउँपालिकाको नामकरणको इतिहास (छबिस, नौबीस, कालढुङ्गा, प्रमुख जातजाति, )<br>३. शैक्षिक इतिहास (संस्था र व्यक्तित्व)<br>४. गाउँपालिकाको हालको अवस्था(संक्षिप्त विवरण) |
| कक्षा : १ | आफू जन्मेको स्थान र टोलको नाम |
| कक्षा : २ | आफू जन्मेको स्थान र टोलको नाम |
| कक्षा : ३ | १. आफू बसेको पालिकाको नाम र सामान्य परिचय।<br>२. वडा तथा टोलमा बसोबास गर्ने, प्रमुख जातजातिको नाम। |
| कक्षा : ४ | १. गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमि।<br>२. जातजातिको बसोबास गरेको क्षेत्र। |
| कक्षा : ५ | १. गाउँपालिकाको राजनैतिक र भौगोलिक इतिहास।<br>२. प्रमुख जातजातिको बसोबास गरेको क्षेत्रको इतिहास। |
| कक्षा : ६ | गाउँपालिकाको हालको अवस्था(आर्थिक,शैक्षिक,भौतिक) |
| कक्षा : ७ | महत्त्वपूर्ण शैक्षिक संस्था र अनुकरणीय क्षेत्रको ऐतिहासिक पृष्ठभूमि |
| कक्षा : ८ | महत्त्वपूर्ण घटना, व्यक्ति र व्यक्तित्व(जयपृथ्वी बहादुर सिंह) |

## १२.५. स्थानीय पेशा र व्यवसाय :

| | |
|---|---|
| समावेश गर्नुपर्ने विषयवस्तु: | १. परम्परागत पेशा, व्यवसाय, सीप र प्रविधि<br>क) कृषि ख) पशुपालन ग) व्यापार व्यवसाय घ) उद्योग (, कृषि औजार, परम्परागत सिप )<br>ङ) ढिकी, जातो, दलनी च) निकाला,बाँस र काठबाट निर्माइ गरिने सामग्रीहरु।<br>२. आधुनिक पेशा, व्यवसाय, सीप र प्रविधि तथा आर्थिक गतिविधि<br>क) कृषि (तरकारी, केरा, फलफूल ....... आदि) ख) पशुपन्छी तथा माछापालन ग) व्यापार व्यवसाय<br>घ) उद्योग (ङ) जडीबुटी व्यापार, कृषि,व्यवशाय र अन्य बजारीकरण) |
| कक्षा : १ | परिवारको पेशा |
| कक्षा : २ | परिवार , छरछिमेक र टोलका सदस्यहरुले अपनाएको पेशाको परिचय |
| कक्षा : ३ | वडा स्तरको परम्परागत पेशा तथा व्यवसाय र प्रविधिको परिचय र उपयोगिता |
| कक्षा : ४ | वडा स्तरको परम्परागत तथा आधुनिक पेशा , व्यवसाय र प्रविधिको परिचय र उपयोगिता |
| कक्षा : ५ | व्यावसायिक कृषि: १. अन्न बाली २. फलफूल ३. तरकारी |
| कक्षा : ६ | व्यावसायिक कृषि १. पशुपन्छी पालन २. माछापालन |
| कक्षा : ७ | स्थानीय उद्योग र व्यापार |
| कक्षा : ८ | आधुनिक प्रविधि तथा तरिकाहरु। |

## १२.६. स्थानीय ऐतिहासिक,धार्मिक, पुरातात्विक र पर्यटकीय क्षेत्र :

| समावेश गरिएका विषयवस्तु : | स्थानीय ऐतिहासिक, धार्मिक,पुरातात्विक र पर्यटकीय क्षेत्रको पहिचान, महत्त्व, संरक्षण र संवर्द्धन । |
|---|---|
| कक्षा : १ | आफ्नो वरपर रहेका धार्मिक स्थलहरुको पहिचान । |
| कक्षा : २ | आफ्नो वरपर रहेका प्रचलित स्थलहरुको पहिचान । |
| कक्षा : ३ | आफ्नो तथा छिमेकी वडामा रहेका धार्मिक तथा प्रचलित स्थलहरुको परिचय तथा प्रमुख क्रियाकलापहरु । |
| कक्षा : ४ | आफ्नो तथा छिमेकी वडामा रहेका धार्मिक एवं प्रचलित स्थलहरुको परिचय , महत्त्व र संरक्षण । |
| कक्षा : ५ | गाउँपालिका क्षेत्रभित्र पर्ने मुख्य धार्मिक सांस्कृतिक,धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरुको परिचय र महत्त्व । |
| कक्षा : ६ | १. मष्टामन्दिर क्षेत्र, थली दुर्गा मन्दिर,पाथिभेरा हिमाल,बासुधारा क्षेत्र,जयपृथ्वीनगर(मेल्लेक)कोट दरबार क्षेत्र । |
| कक्षा : ७ | १. १. मष्टामन्दिर क्षेत्र, थली दुर्गा मन्दिर,पाथिभेरा हिमाल,बासुधारा क्षेत्र,जयपृथ्वीनगर(मेल्लेक)कोट दरबार क्षेत्रको परिचय र अवस्थिति ।<br>२ पुरातात्विक/सांस्कृतिक महत्त्वका वस्तुहरुको संग्रह । |
| कक्षा : ८ | १. मष्टामन्दिर क्षेत्र, थली दुर्गा मन्दिर,पाथिभेरा हिमाल,बासुधारा क्षेत्र,जयपृथ्वीनगर(मेल्लेक)कोट दरबार क्षेत्रको संरक्षण र प्रचारप्रशार एवं पर्यटन प्रवर्द्धन । |

## १२.७. हाम्रो नैतिक मूल्य मान्यता :

| समावेश गरिएका विषयवस्तु : | १. साथीसङ्गी, घरपरिवार, छरछिमेक, पाहुना एवं शिक्षकको पहिचान र आदर सत्कार एवं सम्मान ।<br>२. समाजको धारणा र सामाजिक समस्या । |
|---|---|
| कक्षा : १ | घरपरिवार र व्यवहार । |
| कक्षा : २ | घरपरिवार, छरछिमेक, साथी र विद्यालयमा गरिने व्यवहार । |
| कक्षा : ३ | समुदाय तथा सार्वजनिक स्थलमा गरिनुपर्ने असल व्यवहार । |
| कक्षा : ४ | हाम्रा प्रचलित सामजिक तथा धार्मिक मूल्य मान्यताहरुको पहिचान र अवलम्बन । |
| कक्षा : ५ | हाम्रा प्रचलित सामजिक तथा धार्मिक मूल्य मान्यताहरुको सम्मान र संरक्षण । |
| कक्षा : ६ | सामाजिक समस्याको पहिचान र न्यूनीकरण ( नकारात्मक प्रवृति, कुलत , परम्परागत रुपमा चलनचल्तीमा रहेका) । |
| कक्षा : ७ | सामाजिक समस्याले व्यक्ति, घरपरिवार, समुदाय र समाजमा परेको असर । |
| कक्षा : ८ | सामाजिक समस्या न्यूनीकरणमा स्थानीय व्यक्ति र निकायको भूमिका |

## १२.८.योग तथा आर्युवेद :

| समावेश गरिएका विषयवस्तु : | योग, आसन, प्राणायाम र स्थानीय जडिबुटीका बारेमा जानकारी । |
|---|---|
| कक्षा : १ | १. सूक्ष्म आसन र ज्ञान मुद्रा । |

| | |
|---|---|
| | २. आसन : सिद्धासन, सुखासन, वज्रासन, ताडासन र ध्रुवासन ।<br>३. प्राणायाम : भस्त्रिका र अनुलोम विलोम ।<br>४. स्थानीय जडिबुटी : अदुवा र बेसार (हल्दो) । |
| कक्षा : २ | १. सूक्ष्म आसन ।<br>२. आसनः अर्द्धपद्मासन, पर्वतासन, धनुरासन, त्रियक ताडासन, शवासन ।<br>३. प्राणायाम : भस्त्रिका, अनुलोम विलोम र भ्रामरी ।<br>४. स्थानीय जडिबुटी : तुलसी र घिउकुमारी । |
| कक्षा : ३ | १. सूक्ष्म आसन ।<br>२. आसन : पवनमुक्तासन, भुजङ्गासन, मकरासन, मर्कटासन र गरुडासन ।<br>३. प्राणायाम : भस्त्रिका, अनुलोम विलोम र भ्रामरी ।<br>४. स्थानीय जडिबुटी : अमला र निम । |
| कक्षा : ४ | १. योगिक जौगिङ ।<br>२. आसन : पद्मासन, शशकासन, मण्डुकासन, गोमुखासन र सिंहासन ।<br>३. प्राणायाम : भस्त्रिका, कपालभाति, अनुलोम विलोम, भ्रामरी र उदगीथ ।<br>४. स्थानीय जडिबुटीहरु । |
| कक्षा : ५ | १. सर्वाङ्ग सुन्दर व्यायाम ।<br>२. आसन : अर्द्धमत्स्येन्द्रासन, अर्द्धचन्द्रासन, उष्ट्रासन, नौकासन र चक्रासन ।<br>३. प्राणायाम : भस्त्रिका, कपालभाति, अनुलोम विलोम, भ्रामरी र उदगीथ ।<br>४. स्थानीय जडिबुटी : लसुन र कागती । |
| कक्षा : ६ | १. सूर्य नमस्कार<br>२. प्राणायाम : भस्त्रिका, कपालभाति, अनुलोम विलोम,उज्जायी, भ्रामरी र शितली ।<br>३. त्रिबन्ध<br>४. आयुर्वेद : त्रिदोष र पञ्चस्थानीय |
| कक्षा : ७ | १. आसन : जानुशिरासन, उत्तानपादासन, अर्द्धहलासन, कन्धरासन, दण्डासन र आकर्ण धनुष्टंकारासन ।<br>२. प्राणायाम : भस्त्रिका, कपालभाति, अनुलोम विलोम, भ्रामरी र सित्कारी ।<br>३. आयुर्वेद : पञ्चप्राण र पञ्चकोष । |
| कक्षा : ८ | १. आसन : सर्वाङ्गासन, हलासन, पश्तिमोतानासन, नटराजासन र मत्स्यासन ।<br>२. प्राणायाम : भस्त्रिका, कपालभाति, उज्जायी, अनुलोम विलोम, भ्रामरी र उद्गीथ ।<br>३. आयुर्वेद : यौगिक दिनचर्या,<br>४. ध्यान |

## १२.९. स्वास्थ्य तथा शारीरिक शिक्षा :

| | |
|---|---|
| **समावेश गरिएका विषयवस्तु :** | १. व्यक्तिगत सरसफाइ, स्वस्थकर भोजन, भोजन तालिका र त्यसको प्रयोग, सन्तुलित भोजन ।<br>२. स्थानीय स्तरमा प्रचलित खानाहरु एवं भोजन तालिका निर्माण तथा पोषण व्यवस्थापन ।<br>३. स्थानीय खेलहरु (खेलको नाम, खेल्ने तरिका, महत्त्व, शारीरिक कसरत) । |
| कक्षा : १ | १. व्यक्तिगत सरसफाइका उदाहरणहरु ।<br>२. व्यक्तिगत सरसफाइका लागि आवश्यक सामग्रीहरुको नाम ।<br>३. स्थानीय स्तरमा खेलिने खेलहरुका नाम ।<br>४. स्थानीय स्तरमा खेलिने सामान्य खेलहरुको अभ्यास । |
| कक्षा : २ | १. व्यक्तिगत सरसफाइ सामग्रीको महत्त्व । |

| | |
|---|---|
| | २. आफ्नो शरीरको सरसफाइ ।<br>३. घरमा दैनिक गरिने सरसफाइको नामहरु ।<br>४. स्थानीय खेलहरूको अभ्यास । |
| कक्षा : ३ | १. स्वस्थकर भोजनको परिचय ।<br>२. दैनिक भोजन तालिका र त्यसको प्रयोग ।<br>३. स्वस्थकर भोजनको आवश्यकता ।<br>४. स्थानीय खेलहरूको सूची ।<br>५. स्थानीय खेलहरूको महत्त्व ।<br>६. स्थानीय सामान्य खेलहरूको अभ्यास । |
| कक्षा : ४ | १. स्वस्थकर र सन्तुलित खाना ।<br>२. सुत्ने र बस्ने तरिका तथा यसको अभ्यास ।<br>३. कक्षाकोठाको सरसफाइ ।<br>४. शारीरिक कसरतका लागि प्रचलित स्थानीय अभ्यास । |
| कक्षा : ५ | १. प्राकृतिक र कृत्रिम गुण भएको खाना ।<br>२. विद्यालयमा खाजाको व्यवस्थापन ।<br>३. दुईजना बिचमा खेलिने २ ओटा स्थानीय खेलहरूको नियम र त्यसको अभ्यास । |
| कक्षा : ६ | १. पानी पिउने सही मात्रा र तरिका ।<br>२. भोजनमा रेसा, बोक्रा र चोकरको महत्त्व ।<br>३. सामूहिक खेलिने २ ओटा स्थानीय खेलहरूको नियम र त्यसको अभ्यास । |
| कक्षा : ७ | १. स्थानीय स्तरमा प्रचलित खानाहरु र तिनमा रहेका खाद्य स्थानीयहरु ।<br>२. सामूहिक खेलिने २ ओटा स्थानीय खेलहरूको नियम र त्यसको अभ्यास । |
| कक्षा : ८ | १. स्थानीय स्तरमा प्रचलित खानाहरु एवं भोजन तालिका निर्माण तथा पोषण व्यवस्थापन ।<br>२. सामूहिक खेलिने २ ओटा स्थानीय खेलहरूको नियम र त्यसको अभ्यास । |

## १२.१०. विपद् तथा जोखिम व्यवस्थापन :

| | |
|---|---|
| **समावेश गरिएका विषयवस्तु :** | १. विपद्को परिचय, विपद् व्यवस्थापनको परिचय र महत्त्व ।<br>२. जोखिमको परिचय, जोखिम न्यूनीकरण गर्न सकिने उपायहरु ।<br>३. जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन गर्ने उपायहरु ।<br>४. प्राकृतिक र मानवजन्य प्रकोप/विपद्को परिचय र प्रकोपका घटनाहरु । |
| कक्षा : १ | १. स्थानीय स्तरमा भइरहने विपद्का घटनाहरुको नाम ।<br>२. विपद्बाट हुने क्षति । |
| कक्षा : २ | १. विपद्को परिचय ।<br>२. जोखिमको परिचय ।<br>३. विपद्हरुको जोखिम न्यूनीकरण गर्न सकिने उपायहरु । |
| कक्षा : ३ | १. विपद् व्यवस्थापनको परिचय र महत्त्व ।<br>२. जोखिम न्यूनीकरणबाट विपद् व्यवस्थापन गर्ने उपायहरु । |
| कक्षा : ४ | १. प्रकोप/ विपद्को परिचय ।<br>२. विपद्जन्य घटनाहरूका प्रकारहरुमध्ये सडक दुर्घटनाको परिचय र यसबाट बच्ने उपायहरु ।<br>३. हाम्रो वरपर हुने फोहोरहरु र त्यसबाट हुने असरहरु । |
| कक्षा : ५ | प्राकृतिक र मानवजन्य प्रकोप/विपद्को परिचय र प्रकोपका घटनाहरु |
| कक्षा : ६ | प्रदूषणको परिचय, प्रकार र न्यूनीकरणका उपाय । |
| कक्षा : ७ | प्रदूषणको परिचय, प्रकार र न्यूनीकरणका उपाय । |

| | |
|---|---|
| कक्षा : ८ | स्थानीय स्तरमा भइरहेका प्राकृतिक र मानवजन्य घटनाहरु तथा ती घटनाहरुले गर्ने असरहरु र बच्ने उपायहरु । |

## १३. विषयवस्तुको विस्तृतीकरण :

**कक्षाः १**

### १. विषय क्षेत्र : हाम्रो गाउँपालिका

| | |
|---|---|
| सिकाइ उपलब्धि : | (क) आफू र आफ्नो परिवारका सदस्यको नाम तथा उमेर बताउन/सोध्न<br>(ख) आफ्नो बसोबास रहेको टोल, गाउँको नाम, वडा नं. र पालिकाको नाम सोध्न र भन्न |
| विषयवस्तु : | आफ्नो बसोबास रहेको स्थानको सामान्य परिचय |
| विषयवस्तुको विस्तृतीकरण : | (क) आफू र आफ्नो परिवारका सदस्यको नाम र उमेर<br>(ख) आफ्नो बसोबास रहेको टोल/ गाउँको नाम, वडा नम्बर र पालिकाको नाम |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | (क) शिक्षकले आफ्नो र आफ्ना परिवारका सदस्यहरुको नाम, उमेरका साथै बसोबास रहेको वडा नं., गाउँको नाम, टोल र पालिकाको नाम भन्ने र विद्यार्थीलाई आफ्नो बारेमा भन्न लगाउने ।<br>(ख) माथि (क) मा उल्लेख गरिए बमोजिमको क्रियाकलाप गर्न विद्यार्थीले संकोच माने शिक्षकले निम्नानुसारका प्रश्न सोध्नेछन् । जस्तै :<br>(१) तिम्रो नाम के हो ? (२) तिमी कति वर्षका भयौ ?<br>(३) तिम्रो परिवारमा कति जना सदस्य छन ? तिनीहरुको नाम र उमेर भन ?<br>(४) तिम्रो घर कुन गाउँमा छ ?<br>(५) तिम्रो टोल र पालिकाको नाम के हो ? (६) तिमी बस्ने वडा नं कति हो ?<br>यसलाई ड्रिलमा अभ्यास गराउने ।<br>(ग) छबिसपाथिभेरा गाउँपालिकाको नक्सामा आफ्नो वडा चिन्ने ।<br>(नोट : विद्यार्थीले आफ्नो उमेर तथा परिवारका सदस्यको नाम र उमेर गाउँ/टोलको नाम नजानेमा आमा/बाबुलाई सोधेर ल्याउन भन्ने ।) |
| शिक्षण सामग्री : | (क) पारिवारिक पृष्ठभूमि झल्किने चित्र ।<br>(ख) गाउँपालिकाको वडा नं. उल्लेख भएको नक्सा (ग) श्रव्यदृश्य सामग्री । |
| मूल्याङ्कन प्रक्रिया : | (क) विद्यार्थीले आफ्नो र परिवारका सदस्यहरुको नाम, उमेर, वडा नं., गाउँ, टोल तथा पालिकाको नाम समावेश गरेको वा नगरेको आधारमा मूल्याङ्कन गर्नेछन् ।<br>(ख) विद्यार्थीले उत्तर दिदा वा ड्रिलमा सहभागी हुँदा उसमा देखिएको आत्मविश्वास,स्पष्टताको अवलोकनको आधारमा लेखाजोखा गर्ने ।<br>(ग) विद्यार्थीले छलफलमा भाग लिदा, समूहमा काम गर्दा देखाएको सक्रियता र सहयोगात्मकताको आधारमा मूल्याङ्कन गर्ने ।<br>(घ) नक्साको सही प्रयोग गरेको र दिइएको कार्य ठिक गरे नगरेको अवलोकन गरी मूल्याङ्कन गर्ने । |

### २. विषय क्षेत्र : हाम्रो भाषा, साहित्य, संस्कृति तथा परम्परा :

| | |
|---|---|
| सिकाइ उपलब्धिः | क) परिवारमा बोलिने भाषाको नाम बताउन ।<br>ख) परिवारमा मनाइने चाडपर्वको नाम बताउन ।<br>ग) उक्त अवसरमा गरिने क्रियाकलाप सोध्न र बताउन ।<br>घ) विशेष किसिमका परम्परागत खानाका परिकार बताउन ।<br>ङ) स्थानीय बालगीत हावभावसहित गाउन । |

| | |
|---|---|
| विषयवस्तु : | क) आफ्नो भाषा, चाडपर्व तथा अन्य सांस्कृतिक तथा परम्परागत क्रियाकलापको सामान्य परिचय।<br>ख) लोक तथा रचित बालगीत। |
| विषयवस्तुको विस्तृतीकरण : | (क) विद्यार्थीको परिवारमा घरायसी कामकाजमा प्रयोग हुने भाषा र चाडपर्वको नाम।<br>(ख) विभिन्न चाडपर्व (बिसु, माघी, दशै, तिहार,चैतली,बिर्सती,सुर्मादिवी मेला ....) तथा उत्सव (विवाह, जन्मदिन...) मनाउदा गरिने क्रियाकलाप र खानाका परिकार<br>ग) लोक प्रचलनमा रहेका लोकगीत।<br>घ) स्थानीय साहित्यकारहरु(जयपृथ्वी बहादुर सिंहलगायत)बाट रचित वा संकलित बालगीत। |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | (क) शिक्षकले आफूले घरमा परिवारका सदस्यहरुसंग बोल्ने भाषा, मनाउने चाडपर्व तथा उत्सवको नाम बताउने र उक्त अवसरमा गरिने क्रियाकलाप एवं विशेष किसिमका परम्परागत खानाका परिकारका नाम भन्ने।<br>(ख) शिक्षकले माथि (क) मा भनिएजस्तै विद्यार्थीबाट उसको घरमा बोलिने भाषा, मनाइने चाडपर्व तथा उत्सवका साथै उक्त अवसरमा गरिने क्रियाकलाप एवं विशेष अवसरमा पकाइने खानाका परिकारका बारेमा भन्न लगाउने ।<br>(ग) विद्यार्थीले (ख) बमोजिम गर्न असहज महसूस गरे छोटा प्रश्नको माध्यमबाट सहज बनाउने।<br>(घ) चाडपर्व/उत्सवमा गरिने क्रियाकलाप अभिनय गर्न लगाउने।<br>(ङ) विशेष किसिमका परम्परागत खानाका परिकार बनाउने विधिबारे छलफल गराउने।<br>(च) हावभावसहित सस्वरवाचन गर्ने गराउने र विद्यार्थीले अनुकरण गर्न लगाउने। |
| शिक्षण सामग्री : | क) विभिन्न भाषा बोल्ने मानिसको चित्र जस्तैः थारु... ।<br>ख) विभिन्न चाडपर्व/ खानाका परिकारसंग सम्बन्धित चित्र।<br>ग) मातृभाषा तथा चाडपर्व/ खानाका परिकारसंग सम्बन्धित श्रव्यदृश्य सामग्री।<br>घ) चित्रसहितका बालगीत (श्रव्यदृश्य सहित)। |
| मूल्याङ्कन प्रक्रिया : | क) घरमा बोलिने भाषा, चाडपर्वको नाम भन्न लगाउने।<br>ख) विभिन्न चाडपर्व मनाउने तरिका भन्न / अभिनय गर्न लगाउने।<br>ग) परम्परागत रुपमा रहेका खानाका परिकारका नाम र पकाउने विधिबारे छलफल गराउने।<br>घ) वाचन गायनका आधारमा मूल्याङ्कन गर्ने। |

## ३. विषय क्षेत्र : हाम्रो वातावरण :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | (क) आफनो वरिपरि पालिने पशुपन्छी र पाइने बोटबिरुवा, सरिसृप, कीटपतङ्ग एवं निर्जीव वस्तुको पहिचान गरी नाम भन्न।<br>ख) सजीव र निर्जीव वस्तुको पहिचान गरी लक्षण बताउन।<br>(ग) आफ्नो वरपर रहेका विद्यार्थीको रुचिअनुसारका वस्तुको चित्र कोर्न वा रङ्ग भर्न। |
| | क) आफ्नो घर तथा विद्यालयको वरिपरि पाइने फलफूल चिन्ने, नाम, रङ्ग, बासना तथा प्रयोग भन्न।<br>ख) फूलको उपयोगिता बताउन ग) फूलको चित्र कोरि रङ्ग भर्न। |
| विषयवस्तु : | क) वरिपरिको वातावरणको सामान्य परिचय |
| | ख) बालबगैंचाको परिचय दिन। |
| विषयवस्तुको | (क) सजीव तथा निर्जीव वस्तु को नाम, लक्षण (गुण विशेषता)। |

| | |
|---|---|
| विस्तृतीकरण : | (ख) चित्र कोर्न र रङ्ग भर्न । |
| | क) बालबगैंचा |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | (क) शिक्षकले विद्यार्थीलाई आफ्नो वरिपरि पालिने र पाइने पशुपन्छी तथा बोटविरुवा, सरिसृप, कीटपतङ्ग आदि सजीव एवं निर्जीव वस्तुको नाम भन्न लगाउने र शिक्षकले विद्यार्थीबाट प्राप्त नामलाई बोर्डमा टिप्दै जाने । धेरैभन्दा धेरै नाम प्राप्त गर्न सहजीकरण गर्ने ।<br>(ख) नाम टिप्दा सजीव र निर्जीव गरी दुई कोलम ( Column) मा टिप्ने । । ती वस्तुका गुण , लक्षण वा विशेषता भन्न / जान्न शिक्षकले सहजीकरण गर्ने ।<br>(ग) आफ्नो वरिपरि पाइने सजीव तथा निर्जीव (आफूलाई मन पर्ने) वस्तुको चित्र कोर्न र रङ्ग भर्न प्रेरित गर्ने/ सहयोग गर्ने । |
| | क) शिक्षकले फलफूलका सम्बन्धमा विद्यार्थीको पूर्वज्ञान थाहा पाउन उसको घर, छिमेकमा वा अन्यत्र देखेका फूलको नाम, रङ्ग तथा केकेमा प्रयोग गरिन्छ भन्ने जस्ता जानकारी सङ्कलन गरी थप जानकारी प्राप्त गर्न सहजीकरण गर्ने ।<br>ख) फूलको चित्र देखाइ नाम, रङ्ग चिन्नमा सहजीकरण गर्ने ।<br>ग) फूलको उपयोगिता र महत्त्वबारे छलफल गराउने ।<br>घ) फूलको चित्र बनाइ रङ्ग भर्न सहजीकरण गर्ने । |
| शिक्षण सामग्री : | (क) सजीव र निर्जीव, प्राकृतिक वा मानवनिर्मित वस्तु र तिनका लक्षण झल्किने चित्र ।<br>(ख) थोप्ला जोडेर चित्र बनाउन अभ्यासपुस्तिका, चित्र कोर्न आवश्यक पर्ने सामग्री र रङ्ग ।<br>(ग) श्रव्यदृश्य सामग्री । |
| | (क) फलफूल तथा बगैंचाको चित्र। (ख) श्रव्यदृश्य सामग्री। ग) विभिन्न रङ्गको नाम झल्कने चित्र । |
| मूल्याङ्कन प्रक्रिया : | (क) विद्यार्थीले चित्र/भिडियो वा स्मरण भएको आधारमा वस्तुको नाम/लक्षण उच्चारण गरेको वा भनेको आधारमा ।<br>ख) विद्यार्थीको चित्र कोर्ने कलाको अवलोकनको आधारमा । |
| | क) विद्यार्थीको पूर्वज्ञान वा चित्र वा श्रव्यदृश्यका आधारमा प्राप्त प्रतिक्रियाको मूल्याङ्कन ।<br>ख) विद्यार्थीले बनाएको फूलको चित्र तथा भरेको रङ्गको अवलोकन ।<br>ग) छोटा प्रश्नको उत्तरको आधारमा । |

## ४. विषय क्षेत्र : हाम्रो विगत र विशिष्ट व्यक्तित्त्व :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | क) आफू जन्मेको स्थान/टोलको परिचय दिन ।<br>ख) आफ्नो बुवा आमा, बाजे बज्यैको नाम बताउन । |
| विषयवस्तु : | आफू जन्मेको स्थान, टोलको परिचय । |
| विषयवस्तुको विस्तृतीकरण : | क) आफू जन्मेको स्थानको नाम ।<br>ख) आफू जन्मेको टोल र गाँउको नाम ।<br>ग) आफ्नो बुवा, आमा, बाजे, बज्यैको नाम । |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | क) स-साना प्रश्नहरु गरी पुर्वज्ञान परीक्षण गर्ने ।<br>ख) शिक्षकले आफू जन्मेको स्थानको परिचय दिई विद्यार्थीहरुलाई पनि आफू जन्मेको स्थानको नाम भन्न लगाउने ।<br>ग) शिक्षकले विद्यार्थीलाई पालैपालो गरी आफ्नो जन्मस्थान भन्न लगाउने ।<br>घ) सबै विद्यार्थीहरुको जन्मस्थान टिपोट गरी सहजीकरण गरिदिने । |

| | |
|---|---|
| | ङ) परियोजना कार्यबाट परिवारका तीनपुस्ते सदस्यहरुको नाम पत्ता लगाई प्रस्तुत गर्न लगाउने । |
| शिक्षण सामग्री : | तीनपुस्ते झल्किने चित्र, शब्दपत्ती, घर, स्वास्थ्यसंस्था । |
| मूल्याङ्कन प्रक्रिया : | क) पालैपालोसंग आफ्नो जन्मस्थान भन्न लगाउने ।<br>ख) आफू जन्मेको टोल र गाउको नाम भन्न लगाउने ।<br>ग) विद्यार्थीले दिएका उत्तर, छलफलमा सहभागीका आधारमा लेखाजोखा गर्ने । |

## ५. विषय क्षेत्र : स्थानीय पेशा, व्यवसाय र प्रविधि :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | आफ्नो परिवारको पेशा बताउन । |
| विषयवस्तु : | परिवारको पेशा |
| विषयवस्तुको विस्तृतीकरण : | आफ्नो परिवारका र छिमेकका सदस्यहरुको ( बाजे, बज्यै, आमा, बुवा, दाजु, भाउजु, दिदी) ले गर्ने कामहरु |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | - मानिसहरुले गर्ने विभिन्न कामहरुको सूची बनाई प्रस्तुत गर्ने (जस्तै कृषि, नौकरी, व्यापार आदि) ।<br>- सूचीमा भएका कामहरुमध्ये परिवार र छिमेकी मानिसहरुले गर्ने कामहरु पालैपालो गरी सोध्ने ।<br>- कामसँग सम्बन्धित पेशा र व्यवसाय बताइदिने । |
| शिक्षण सामग्री : | चित्र र शब्दपत्ती |
| मूल्याङ्कन प्रक्रिया : | क) तिम्रो घरका सदस्यहरुले केके काम गर्छन् ?<br>ख) तिम्रो छरछिमेकका मानिसले गर्ने कामहरु केके हुन् ? |

## ६. विषय क्षेत्र : स्थानीय धार्मिक तथा पर्यटन क्षेत्र :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | आफ्नो वरपर रहेका धार्मिक स्थलको नाम बताउन । |
| विषयवस्तु : | आफ्नो वरपर रहेका धार्मिक स्थलहरुको पहिचान । |
| विषयवस्तुको विस्तृतीकरण : | आफ्नो वरपर रहेका धार्मिक सम्पदा । |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | क) शिक्षकले विषयवस्तु प्रवेशको पूर्वतयारी गर्न विभिन्न धार्मिक स्थलको चित्र देखाई धार्मिक स्थलको नाम भन्न छलफलको माध्यमबाट सहजीकरण गर्ने ।<br>ख) नजिकको धार्मिक स्थल भ्रमण गराउने । |
| शिक्षण सामग्री : | धार्मिक स्थलहरुको चित्र/श्रव्यदृश्य सामग्री । |
| मूल्याङ्कन प्रक्रिया : | क) छोटा प्रश्नोत्तर । ख) विद्यार्थी छलफलमा सक्रिय सहभागिता । ग) व्यवहार अवलोकन |

## ६. विषय क्षेत्र : हाम्रो नैतिक मूल्य मान्यता र सकारात्मक व्यवहार :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | घरपरिवार, छरछिमेक, साथी र शिक्षकहरुसंग घुलमिल हुन । |
| विषयवस्तु : | घरपरिवार र व्यवहार |
| विषयवस्तुको विस्तृतीकरण : | नमस्कार , ढोग, प्रणाम , आशीर्वाद, समूहमा मिलेर बस्न, बाँडीचुँडी खान र सहयोग गर्न । |

| | |
|---|---|
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | १. शिक्षकले आफूले नमस्कार गरी आफ्नो परिचय दिने, त्यसपछि छात्रछात्राहरुबिच एक आपसमा नमस्कार गरी परिचय गर्न लगाउने। जस्तै : शिक्षक : नमस्कार, मेरो नाम कृष्ण हो।<br>विद्यार्थी : नमस्कार, मेरो नाम .........हो।<br>२. आफूभन्दा ठूलासंग बोल्दा हजुर, तपाईजस्ता आदरार्थी शब्दको प्रयोग गर्न लगाउने, नाटक चलचित्र देखाउने। ३. खेल वा ड्रिल विधि। |
| शिक्षण सामग्री : | क) चित्र, शब्दपत्ती, पोष्टर। ख) श्रव्यदृश्य सामग्री। |
| मूल्याङ्कन प्रक्रिया : | बालकको दैनिक क्रियाकलापको अवलोकन गर्ने। |

## ८. विषय क्षेत्र : योग तथा आयुर्वेद :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | १. कम्मरभन्दा माथिका सूक्ष्म आसन अभ्यास गर्न र पहिचान गर्न।<br>२. शरीरलाई सिद्धासन, सुखासन, वज्रासन, ताडासन र ध्रुवासन आदि आसनमा सन्तुलित गर्न।<br>३. श्वासप्रश्वासको अनुभव गर्न।<br>४. ज्ञानमुद्रामा हात सन्तुलित गर्न।<br>५. स्थानीय जडिबुटी अदुवा, बेसारको पहिचान र प्रयोग गर्न। |
| विषयवस्तु : | योग तथा आयुर्वेद |
| विषयवस्तुको विस्तृतीकरण : | १. कम्मरभन्दा माथिका सूक्ष्म आसन।<br>२. सिद्धासन, सुखासन, वज्रासन, तडासन र ध्रुवासन।<br>३. भस्त्रिका र अनुलोम विलोम। ४. ज्ञान मुद्रा। ५. अदुवा, बेसार। |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | १. हात, काँध, आँखा, टाउको र मुखको सूक्ष्म व्यायाम गरेर देखाउने।<br>२.बालबालिकालाई समूहमा बसालेर सूक्ष्म आासन गर्न लगाउने।<br>३. चित्र प्रर्दशनमार्फत सूक्ष्म आसनको परिचयदिने ।<br>४. आसन गर्ने विधि बताउदै सिद्धासन, सुखासन, वज्रासन, तडासन र ध्रुवासन आदि आसन गरेर देखाउने र अभ्यास गर्न लगाउने।<br>५. चित्र प्रदर्शन गरेर आसनको परिचय दिने।<br>६. श्वासप्रश्वासको गति अनुसार भस्त्रिका र अनुलोम विलोम प्राणायाम गरेर देखाउने र गर्न लगाउने।<br>७. चित्र प्रर्दशनमार्फत श्वासप्रश्वासको परिचय गराउने।<br>८. प्रदर्शनमार्फत हातका औंलालाई ज्ञानमुद्रामा स्थिर राख्न सिकाउने।<br>९. चित्र प्रर्दशन वा स्पेसिमेनमार्फत स्थानीय जडिबुटी अदुवा र बेसारको पहिचान गर्न लगाउने। |
| शिक्षण सामग्री : | १. सूक्ष्म आसन, आसन, प्राणायाम र मुद्राका चित्र।<br>२. बालबालिका बस्नका लागि कोमल आसन।<br>३. स्वच्छ र हावादार कोठा वा हल।<br>४. स्थानीय जडिबुटी अदुवा र बेसारका चित्र। |
| मूल्याङ्कन प्रक्रिया : | १. सूक्ष्म आसन गर्न लगाएर अवलोकन गर्नुहोस्।<br>२. आसन गर्न लगाएर अवलोकन गर्नुहोस् ।<br>३. भस्त्रिका प्राणायाम गर्न लगाएर अवलोकन गर्नुहोस्।<br>४. ज्ञानमुद्रा बनाउनुहोस्। |

| | |
|---|---|
| | ५. विभिन्न जडीबुटीका चित्र देखाई अदुवा र हदेलो पहिचान गर्न लगाउनुहोस्। |

## ९. विषय क्षेत्र : स्वास्थ्य तथा शारीरिक शिक्षा :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | १. शरीरका अङ्गहरुको सरसफाइ गर्न।<br>२. शरीरका अङ्गको सरसफाइ गर्नका लागि आवश्यक सामग्रीको नाम भन्न।<br>३ सरसफाइ गर्नुपर्ने स्थानको सूची बनाउन।<br>४. स्थानीय खेलकुदहरुको नाम भन्न र खेल्न। |
| विषयवस्तु : | १. शरीरका अङ्गहरुको सरसफाइका लागि आवश्यक सामग्रीहरु र सरसफाइ गर्नुपर्ने स्थानहरु।<br>२. स्थानीय स्तरमा खेलिने खेलहरुको अभ्यास। |
| विषयवस्तुको विस्तृतीकरण : | १. व्यक्तिगत सरसफाइका उदाहरणहरु।<br>२. व्यक्तिगत सरसफाइ गर्ने तरिका र आवश्यक सामग्रीहरुको नाम।<br>३. स्थानीय स्तरमा खेलिने खेलहरुका नाम।<br>४. स्थानीय स्तरमा खेलिने खेलहरुको अभ्यास। |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | १. बालकले शरिरका विभिन्न अङ्गहरु सफा गरिरहेको फोटो देखाई शरिरका अङ्गहरु सफा गर्ने तरिकाबारे छलफलसहित सहजीकरण गर्ने<br>२. सरसफाइका सामग्रीहरू देखाउने, भन्न लगाउने र लेख्न लगाउने।<br>३. स्थानीय खेलकुदहरुको नाम भन्ने र खेल्न सिकाइ सक्रियतापूर्वक खेल खेलाउने। |
| शिक्षण सामग्री : | १. व्यक्तिगत सरसफाइ सम्बन्धी चित्रहरु।<br>२. साबुन, टुथपेष्ट, नेलकटर, काँगियोलगायतका सरसफाइका सामग्रीहरु। |
| मूल्याङ्कन प्रक्रिया : | १. ब्रस, मञ्जन, काँगियो, साबुन, रुमाल आदिको प्रयोग गरी सफाइ गर्न लगाई अवलोकनका आधारमा मूल्याङ्कन गर्ने।<br>२ तिमीलाई खेल कस्तो लाग्यो ? |

## १०. विषय क्षेत्र : विपद् तथा जोखिम व्यवस्थापन :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | १. स्थानीय स्तरमा भइरहने विपद्का घटनाहरुको नाम भन्न।<br>२. विपद्बाट हुने क्षति भन्न। |
| विषयवस्तु : | १. विपद्को परिचय।<br>२. विपद्का घटनाहरुका नाम र स्थानीय स्तरमा भएका क्षतिहरु। |
| विषयवस्तुको विस्तृतीकरण | १. स्थानीय स्तरमा भइरहने विपद्का घटनाहरुको नाम।<br>२. विपद्बाट हुने क्षति। |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | १. विपद्का घटनाहरुको चित्र देखाई स्थानीय स्तरमा भइरहने विपद्का घटनाहरुसंग सम्बन्धित गराई घटनाहरुको नाम भन्ने।<br>२. विपद्का घटनाबाट हुने क्षतिबारे कक्षामा छलफल गर्ने र सहजीकरण गर्ने। |
| शिक्षण सामग्री : | विपद्का घटनाहरुको चित्र। |
| मूल्याङ्कन प्रक्रिया : | स्थानीय स्तरमा भइरहने विपद्का घटनाहरुका नामहरु केके हुन् ? |

# कक्षा : २

## १. विषय क्षेत्र : हाम्रो गाउँपालिका :

<table>
<tr><td>सिकाइ उपलब्धि :</td><td>क) आफ्नो छरछिमेकमा रहेका व्यक्ति (नातेदार तथा दौतरी) एवं तिनका परिवारका घरमूलीको नाम एवं सदस्यको नाम र नाता भन्न ।<br>ख) टोलमा बसोबास गर्ने परिवार संख्या बताउन ।<br>ग) टोलमा रहेका सार्वजनिक संस्था ( विद्यालय ...) तथा स्थलको पहिचान गरी परिचय दिन ।</td></tr>
<tr><td>विषयवस्तु :</td><td>आफ्नो बसोबास रहेको छरछिमेक, समुदाय तथा टोलको सामान्य परिचय ।</td></tr>
<tr><td>विषयवस्तुको विस्तृतीकरण</td><td>क) आफ्नो छरछिमेकमा रहेका दौंतरी तथा नातेदारका परिवारका घरमूलीको र परिवारका अन्य सदस्यको नाम र नाता ।<br>ख) टोलमा बसोबास गर्ने परिवारको संख्या ।<br>ग) टोलमा रहेका सार्वजनिक संस्था तथा स्थल ।</td></tr>
<tr><td>सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप :</td><td>क) शिक्षकले चित्र वा श्रव्यदृश्य सामग्रीको सहायताले परिवारका सदस्यहरुको एक-आपसमा पर्ने नाता तथा संस्था एवं सार्वजनिक स्थलको नाम र कामका सम्बन्धमा भएको पूर्वज्ञान तथा विषय प्रवेशको तयारी गर्नुपर्छ ।<br>ख) शिक्षकले निम्नानुसारको प्रतिक्रिया आउने गरी क्रियाकलाप गर्ने / गराउने
<table>
<tr><th>नातेदार वा दौंतरीको नाम</th><th>घरमूलीको नाम</th><th>परिवारका अन्य सदस्यको नाम</th><th>घरमूलीसँगको नाता</th></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
</table>
ग) शिक्षकले आफ्नो टोलमा रहेका कम्तीमा पाँच घरको निम्नानुसारको विवरण सङ्कलन गर्न लगाई प्रस्तुत गर्न लगाउने ।
<table>
<tr><th>क्र.सं.</th><th>घरमूलीको नाम</th><th>परिवारको संख्या</th></tr>
<tr><td></td><td></td><td></td></tr>
</table>
घ) शिक्षकले टोलमा रहेका संस्था र सार्वजनिक स्थलको बारेका छलफल गराउने र नाम तथा गतिविधि बोर्डमा टिप्ने । विद्यार्थीलाई जानेका कुरा बढीभन्दा बढी भन्न उत्प्रेरित गर्ने कार्यमा सहजीकरण गर्ने ।</td></tr>
<tr><td>शिक्षण सामग्री :</td><td>क) संयुक्त परिवार झल्किने चित्र ।<br>ख) केही पेशा झल्किने चित्र ।<br>ग ) घर, विद्यालय, स्वास्थ्य संस्था, मन्दिर, सामुदायिक बन, प्रहरी चौकी आदि समावेश भएको चित्र ।<br>घ) श्रव्यदृश्य सामग्री ।</td></tr>
<tr><td>मूल्याङ्कन प्रक्रिया :</td><td>(क) शिक्षकले विषयवस्तुमा प्रवेशको तयारीका क्रममा प्रस्तुत क्रियाकलापमा विद्यार्थीको सहभागिताको आधारमा ।<br>ख) शिक्षकले कक्षाकोठामा गरेका क्रियाकलापमा विद्यार्थीको सहभागिता र सक्रियता ।<br>ग) शिक्षकले दिएको परियोजनाको मूल्याङ्कन ।<br>घ) प्रश्नको उत्तरको आधारमा ।</td></tr>
</table>

## २. विषय क्षेत्र : हाम्रो भाषा, साहित्य, संस्कृति तथा परम्परा :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | क) आफ्नो समुदायको भाषा तथा धर्मको जानकारी लिन र दिन ।<br>ख) आफ्नो समुदाय वरिपरि रहेका धार्मिक स्थल ( मठ,मन्दिर) चाडपर्वको पहिचान गर्न । |

| | |
|---|---|
| | ग) आफ्नो समुदायमा रहेका विभिन्न जातजाति बताउन ।<br>घ) बालगीत एवं कविताहरु एकल वा समूहमा गायन गर्न । |
| विषयवस्तु : | क) आफ्नो समुदायको भाषा, धर्म, धार्मिक स्थल (मठ,मन्दिर ),जातजाति आदिको परिचय ।<br>ख) बाल साहित्य (स्थानीय तथा नेपाली भाषाका मनोरञ्जक तथा सन्देशमूलक रचनाहरु । |
| विषयवस्तुको विस्तृतीकरण : | क) समुदायमा प्रचलनमा रहेका स्थानीय भाषा ।<br>ख) समुदायमा प्रचलनमा रहेका धर्म, धार्मिक स्थल र चाडपर्व ।<br>ग) समुदायमा बसोबास गर्ने मानिसहरुको जातिगत अवस्था ।<br>घ) विविध भाषाभाषीका छोटा कविता तथा गीतहरु । |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | क) विद्यार्थीको बसोबास रहेको समुदायमा घरायसी कामकाजमा प्रयोग गरिने भाषा आउने क्रियाकलाप जस्तैः<br>शिक्षकः तिमी घरमा परिवारका सदस्यसंग नेपाली भाषामा कुराकानी गर्छौ ?<br>विद्यार्थीः नाइ ।<br>शिक्षकः त्यसो भए कुन भाषामा कुराकानी गर्छौ ?<br>विद्यार्थीः ............. ।<br>(शिक्षकले विद्यार्थीको मातृभाषा (घरमा बोलिने भाषा) को जानकारी प्राप्त गर्ने गरी क्रियाकलाप गर्ने । )<br>ख) विद्यार्थीलाई आफ्नो धर्मबारे जानकारी नहुन सक्छ । यस्तो अवस्थामा उसको परिवारमा मनाइने चाडपर्वको बारेमा पत्ता लगाउने ।<br>जस्तै : तिमी दशैं मनाउछौ ? (हिन्दु)<br>तिमी इद मनाउछौ ? (मुस्लिम)<br>तिमी क्रिसमस डे वा इस्टर मनाउछौ ? (इसाई)<br>ग) विद्यार्थीलाई उसले देखेका वा भ्रमण गरेका मन्दिर वा .... को नाम भन्न लगाउने र उत्तर प्राप्त गर्ने प्रयत्न गर्ने । उक्त मन्दिरमा कुन चाडपर्व वा अवसरमा मेला जात्रा लाग्ने गर्दछ ? छलफल गराउने ।<br>घ) प्रत्येक विद्यार्थीलाई उसको जात/थर सोध्ने । प्राप्त उत्तर बोर्डमा लेख्ने ।<br>ङ) शिक्षकले विद्यार्थीको छरछिमेकमा रहेका व्यक्तिको जात/थर सोध्ने र प्राप्त उत्तरलाई बोर्डमा लेख्ने । छलफल गर्ने ।<br>च) सस्वर एकल तथा समूहमा गायन सीप विकास गर्ने क्रियाकलाप गर्ने गराउने ।<br>छ) विद्यार्थीले जानेका गीत वा कविता वाचन गर्न लगाउने ।<br>ज) माथि उल्लेखित क्रियाकलापमा शिक्षकले सहजीकरण गर्ने । विद्यार्थीले नेपाली भाषामा छलफलमा भाग लिन कठिनाइ महसुस गरे मातृभाषालाई प्राथमिकता दिने । |
| शिक्षण सामग्री : | क) विभिन्न किसिमका धार्मिक क्रियाकलाप भइरहेको चित्र वा श्रव्यदृश्य सामग्री, जस्तै : दशैं, तिहार, छठ, माघी, क्रिसमस डे आदि ।<br>ख) मन्दिर, मस्जिद, चर्च तथा गुम्बा विहार झल्किने चित्र वा श्रव्यदृश्य सामग्री ।<br>ग) मातृभाषा झल्किने किसिमका सामग्री ।<br>घ) लेख रचना<br>ङ) पत्रपत्रिका<br>च) बाल पाठ्यसामग्री |
| मूल्याङ्कन प्रक्रिया : | क) सिकाइ उपलब्धिसंग सम्बन्धित छोटा प्रश्नको उत्तरको आधारमा ।<br>ख) कक्षामा गरिने क्रियाकलापमा विद्यार्थीको रुचि र सहभागिताको अवलोकनको आधारमा । |

| | |
|---|---|
| | ग) वाचन मूल्याङ्कन । |

## ३. विषय क्षेत्र : हाम्रो वातावरण :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | क) आफ्नो समुदायमा तथा समुदाय वरपर रहेका खोला, नाला, नदीको नाम तथा उपयोगिता बताउन ।<br>ख) समुदायमा रहेको वन, जङ्गल (सामुदायिक/राष्ट्रिय), पार्क/उद्यानको नाम तथा उपयोगिता बताउन ।<br>ग) घरपालुवा जनावरको नाम र उपयोगिता बताउन ।<br>घ) स्थानीय स्तरमा पाइने चराचुरुङ्गी चिन्न र नाम बताउन ।<br>ङ) क, ख, ग र घ मा उल्लेखित सम्पदा, पशुपन्छी तथा वन्यजन्तुको संरक्षण गर्नमा योगदान दिन । |
| | क) विद्यार्थीहरु आफूले देखेका वा उपभोग गरेका फलफूलका नाम तथा महत्त्वका साथै तिनको संरक्षण गर्ने उपाय र बाल बगैंचाको परिचय तथा महत्त्व बुँदागत रुपमा बताउन । |
| विषयवस्तु : | स्थानीय जल तथा स्थल सम्पदा , घरपालुवा जनावर र स्थानीय स्तरमा पाइने वन्यजन्तु तथा चराचुरुङ्गीको पहिचान र संरक्षण । |
| | बाल बगैंचाको परिचय, आवश्यकता र महत्त्व । |
| विषयवस्तुको विस्तृतीकरण | क) समुदायमा रहेका खोलानाला, ताल तथा नदी ।<br>ख) समुदायमा रहेको वन, जंगल (सामुदायिक तथा राष्ट्रिय) र पार्क तथा उद्यानको परिचय ।<br>ग) स्थानीय घरपालुवा जनावर ।<br>घ) स्थानीय स्तरमा पाइने चराचुरुङ्गी र वन्यजन्तु ।<br>ङ) जल तथा स्थल सम्पदा, पशुपन्छी तथा वन्यजन्तुको संरक्षण । |
| | क) बालबालिकाले देखेका तथा उपभोग गरेका फलफूल ।<br>ख) बाल बगैंचाको परिभाषा । ग) बाल बगैंचाको आवश्यकता । |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | क) शिक्षकले विद्यार्थीको बसोबास रहेको समुदायमा वा समुदाय वरपर वा उसले जानेका खोलानाला, नदी ताल, वन , पार्क तथा उद्यानको नाम तथा उपयोगिता स्पष्ट गर्न सकिने क्रियाकलाप गर्ने ।<br>ख) स्थानीय स्तरमा पालिने पशुपन्छी तथा वन्यजन्तु र चराचुरुङ्गीको नाम सङ्कलन गर्ने क्रियाकलाप गर्ने ।<br>ग) जल तथा स्थल सम्पदा, पशुपन्छी तथा वन्यजन्तुका समस्या सङ्कलन गर्न क्रियाकलाप गर्ने ।<br>घ) जल तथा स्थल सम्पदा, पशुपन्छी तथा वन्यजन्तुको उपयोगिता प्रष्ट हुने तथा संरक्षण गर्न गरिनुपर्ने प्रयास स्पष्ट हुने क्रियाकलाप गर्ने । |
| | क) शिक्षकले विद्यार्थीबाट तिनीहरुले देखेका उपभोग गरेका फलफूलको नाम सङ्कलन गर्ने सम्भावित क्रियाकलाप गर्ने ।<br>ख) फलफूलका उपयोगिता तथा फाइदा भन्न लगाउने ।<br>ग) फलफूल संरक्षणका समस्याउपर विद्यार्थीका जिज्ञासामाथि छलफल गराई संरक्षणका उपायबारे प्रष्ट पार्ने । जस्तैः समस्या ........ संरक्षण ........<br>घ) बगैंचाको अवधारणा स्पष्ट गर्न सकिने क्रियाकलाप गराउने ।<br>ङ) क्षेत्र भ्रमण गराई धारणा दिगो बनाउने प्रयत्न गर्ने । |
| शिक्षण सामग्री : | क) घरपालुवा जनावर र पशुपन्छीको चित्र वा श्रव्यदृश्य सामग्री ।<br>ख) वन्यजन्तु तथा चराचुरुङ्गीको चित्र वा श्रव्यदृश्य सामग्री ।<br>ग) नदी, ताल, वन, पार्क तथा उद्यानको चित्र तथा श्रव्यदृश्य सामग्री । |

| | |
|---|---|
| | क) फलफूल तथा बगैंचाको चित्र ।<br>ख) सम्भव भएसम्म फलफूल तथा अन्य सजावटका बिरुवा भएको घर तथा सार्वजनिक स्थलको चित्र वा श्रव्यदृश्य सामग्री । |
| मूल्याङ्कन प्रक्रिया : | छोटा प्रश्नोत्तर को आधारमा मूल्याङ्कन गर्ने जस्तैः<br>क) तिम्रो गाउँ वा गाउँको नजिक रहेका खोलानाला, ताल वा नदीको नाम भन ?<br>ख) तिम्रो गाउँ वा गाउँको नजिक रहेका सामुदायिक वन, राष्ट्रिय वन, पार्क तथा उद्यानको नाम भन ?<br>ग) महत्त्व/फाइदा ? घ) संरक्षणका उपाय ? |
| | क) शिक्षकले प्रस्तुत गरेको शैक्षिक सामग्रीमा विद्यार्थीको प्रतिक्रिया तथा छलफलमा सहभागिताको अवस्थाको अवलोकन ।<br>ख) छोटा प्रश्नको उत्तर<br>ग) क्षेत्र भ्रमणका क्रममा विद्यार्थीले प्रदर्शन गरेको व्यवहारको मूल्याङ्कन । |

## ४. विषय क्षेत्र : हाम्रो विगत र विशिष्ट व्यक्तित्त्व :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | आफ्नो जन्ममिति र जन्मेको स्थान ,टोलको परिचय दिन । |
| विषयवस्तु : | आफ्नो जन्ममिति, जन्मस्थान र टोलको परिचय । |
| विषयवस्तुको विस्तृतीकरण | आफ्नो जन्ममिति र जन्मेको स्थान , टोलको नाम र परिचय । |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | क) विद्यार्थीहरुलाई पालैपालो गरी उनीहरु जन्मेको स्थान सोधेर सूची तयार पार्ने ।<br>ख) शिक्षकले थप छलफल गरी सहजीकरण गरिदिने ।<br>ग) स्थानको नामकरणका बारेमा शिक्षकले स्पष्ट पार्ने (जस्तै;ब्याँसी,लेकगाउँ,जिवली ............. र टोलमा दय टोल, डाँडागाउँ टोल, इडेढुङ्गा टोल...........आदिको नामकरणको इतिहास)<br>घ) उनीहरु जन्मेको ठाउँको नाम कसरी रहन गयो भनेर परियोजना कार्यमार्फत घरका बुढापाकाहरुलाई सोध्न लगाई प्रस्तुत गर्न लगाउने । |
| शिक्षण सामग्री : | चित्र, शब्दपत्ती परियोजना कार्य, घर, स्वास्थ्य संस्था, टोल, वडाको नक्सा । |
| मूल्याङ्कन प्रक्रिया : | तिमी जन्मेको ठाउँको र टोलको नाम कसरी रहन गयो ? भन्नुहोस् । |

## ५. विषय क्षेत्र : स्थानीय पेशा, व्यवसाय र प्रविधि :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | परिवार, छरछिमेक र टोलमा अपनाइएका पेशा बताउन । |
| विषयवस्तु : | परिवार, छरछिमेक र टोलका सदस्यहरुले अपनाएको पेशाको परिचय । |
| विषयवस्तुको विस्तृतीकरण | परिवार, छरछिमेक र टोलमा अपनाइएका पेशा । |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | १. चित्र प्रर्दशन, ( कृषि, पशुपालन, सिलाइकटाइ, व्यापार व्यवसाय, नोकरी)<br>२. समुदायका मानिसहरुले गर्ने पेशा व्यवसायका बारेमा छलफल गरी विभिन्न कामहरुका बारेमा बताइदिने ।<br>३. लघुक्षेत्र भ्रमण, शब्दपत्ती, चित्रपत्ती, अवलोकन, प्रश्नोत्तर, छलफल,परियोजना कार्य गर्न लगाई धारणा प्रष्ट पार्ने । |
| शिक्षण सामग्री : | चित्र, लघुक्षेत्र भ्रमण, शब्दपत्ती, चित्रपत्ती र परियोजना कार्य । |

| | |
|---|---|
| मूल्याङ्कन प्रक्रिया : | १. तिम्रो परिवारको मुख्य पेशा के हो ?<br>२. तिम्रो छरछिमेकका मानिसहरु केके पेशा गर्दछन् ? |

## ६. विषय क्षेत्र : स्थानीय धार्मिक तथा पर्यटकीय क्षेत्र :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | १. आफ्नो वरपर रहेका मठ-मन्दिर र प्रचलित स्थलहरुका नाम बताउन ।<br>२. प्रचलित क्षेत्रहरुको अवलोकन भ्रमण गरी प्रतिवेदन तयार गरी प्रस्तुत गर्न<br>३. विद्यार्थीले आफूले देखेको मन्दिरको चित्र बनाई प्रस्तुत गर्न । |
| विषयवस्तु : | आफ्नो वरपर रहेका प्रचलित मठ,मन्दिर र प्रचलित स्थलहरुको पहिचान । |
| विषयवस्तुको विस्तृतीकरण | आफ्नो वरपर रहेका मठ,मन्दिर र प्रचलित स्थलहरुको नामसहितको परिचय |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | १. स्थानीय समुदायमा रहेका प्रचलित क्षेत्रहरुको फोटोचित्र देखाई तिनको परिचय गराउने ।<br>२. विविध शैक्षिक सामग्रीको प्रयोग गरी आफ्नो वरपर रहेका प्रचलित स्थलको नाम सङ्कलन गर्न सहजीकरण गर्ने ।<br>३. आफ्नो वरपर रहेका प्रचलित क्षेत्रहरुको अवलोकन भ्रमण गराई शिक्षण गर्ने ।<br>४. विद्यार्थीलाई चित्र कोर्न लगाई प्रदर्शन गर्न लगाउने र पृष्ठपोषण प्रदान गर्ने । |
| शिक्षण सामग्री : | चित्र, शब्दपत्ती र श्रव्यदृश्य सामग्री । |
| मूल्याङ्कन प्रक्रिया : | १. गाउँ समुदायमा रहेका प्रचलित क्षेत्रहरुको फोटोचित्र देखाई नाम सोध्ने ।<br>२. गाउँ समुदायमा रहेका प्रचलित क्षेत्रहरुको नामको सूची बनाउन लगाउने<br>३. परियोजना कार्य वा क्षेत्रभ्रमण प्रतिवेदन प्रस्तुत ।<br>४. चित्र र सोको प्रस्तुति । |

## ७. विषय क्षेत्र : हाम्रो नैतिक मूल्य मान्यता र सकारात्मक व्यवहार :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | १. घरपरिवार, छरछिमेक, साथी र शिक्षकहरुसंग घुलमिल हुन ।<br>२. आफूभन्दा ठूलाको आदर-सत्कार र सानालाई माया गर्न । |
| विषयवस्तु : | घरपरिवार, छरछिमेक, साथी र विद्यालयमा गरिने व्यवहार । |
| विषयवस्तुको विस्तृतीकरण | १. साथी समूहमा मिलेर वस्ने बानीको विकास गर्न ।<br>२. शिक्षक, आमाबुवा, छरछिमेक, आफूभन्दा ठूलाको आदर-सत्कार गर्न र सानालाई माया गर्न । |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | १. शिक्षकले एक-आपसमा नमस्कार वा केही असल व्यवहार भइरहेको चित्र प्रस्तुत गरेर विद्यार्थीलाई चित्रमा भइरहेका क्रियाकलापको वर्णन/छलफल गर्न सहजीकरण गर्ने<br>२. विद्यार्थी–शिक्षकबिच अभिवादनसहित परिचयात्मक कार्यक्रम गर्ने गराउने ।<br>३. घरपरिवार, विद्यालय र समुदायमा गरिने असल व्यवहार अभिनय गरेर देखाउने कार्यमा सहजीकरण गर्ने<br>४. श्रव्यदृश्य सामग्रीको प्रयोग गरी हाम्रो नैतिक मूल्य-मान्यता र सकारात्मक व्यवहार भएका डकुमेन्ट्री प्रदर्शन गरी सिकाउने । |
| शिक्षण सामग्री : | चित्र, शब्दपत्ती र श्रव्यदृश्य सामग्री |
| मूल्याङ्कन प्रक्रिया : | १. बालबालिकाको दैनिक अवलोकन गर्ने ।<br>२. चित्र र शब्दहरुविच जोडा मिलाउन लगाउने ।<br>३. ठिक-बेठिक प्रश्न सोध्ने । |

## ८. विषय क्षेत्र : योग तथा आयुर्वेद :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | १. सूक्ष्म आसन अभ्यास गर्न र परिचय दिन।<br>२. शरीरलाई अर्द्धपद्मासन, पर्वतासन, धनुरासन, त्रियक ताडासन र शवासन आसनमा सन्तुलित गर्न।<br>३. श्वास-प्रश्वासको गतिका साथ भस्त्रिका, अनुलोम विलोम र भ्रामरी गर्न।<br>४. स्थानीय जडिबुटी तुलसी र घिउकुमारीको पहिचान गर्न। |
| विषयवस्तु : | योग तथा आयुर्वेद |
| विषयवस्तुको विस्तृतीकरण : | १. कम्मरभन्दा तलका सूक्ष्म आसन, पुतली आसन।<br>२. आसन : अर्द्धपद्मासन, पर्वतासन, धनुरासन, त्रियक ताडासन, शवासन।<br>३. प्राणायाम : भस्त्रिका, अनुलोम विलोम र भ्रामरी।<br>४. तुलसी र घिउकुमारी। |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | १. चित्र प्रदर्शनमार्फत सूक्ष्म आसनको परिचय दिने।<br>२. कम्मर, खुट्टा, घुँडा र तिघ्राको सूक्ष्म व्यायाम गरेर देखाउने।<br>३. बालबालिकालाई समूहमा बसालेर सूक्ष्म आसन गर्न लगाउने।<br>४. चित्र प्रदर्शन गरेर आसनको परिचय दिने।<br>५. आसन गर्ने विधि बताउदै आसन अर्द्धपद्मासन, पर्वतासन, धनुरासन, त्रियक ताडासन, शवासन गरेर देखाउने र अभ्यास गर्न लगाउने।<br>६. चित्र प्रर्दशनमार्फत श्वास-प्रश्वासको परिचय गराउने।<br>७. श्वास-प्रश्वासको गति अनुसार भस्त्रिका , अनुलोम विलोम, भ्रामरी प्राणायाम गरेर देखाउने र गर्न लगाउने।<br>८. चित्र प्रर्दशन वा नमूनामार्फत स्थानीय जडिबुटी तितेपाती र बोजो आदिको पहिचान गर्न लगाउने। |
| शिक्षण सामग्री : | १. सूक्ष्म आसन, आसन, प्राणायाम र मुद्राका चित्र।<br>२. बालबालिका बस्नका लागि कोमल आसन।<br>३. स्वच्छ र हावादार कोठा वा हल।<br>४. स्थानीय जडिबुटी तितेपाती र बोजोको चित्र। |
| मूल्याङ्कन प्रक्रिया : | १. सूक्ष्म आसन गर्न लगाएर अवलोकन गर्नुहोस्।<br>२. अर्द्धपद्मासन, पर्वतासन, धनुरासन, त्रियक ताडासन, शवासन गर्न लगाएर अवलोकन गर्नुहोस् ।<br>३. भस्त्रिका, अनुलोम विलोम, भ्रामरी प्राणायाम गर्न लगाएर अवलोकन गर्नुहोस्।<br>४. विभिन्न जडीबुटीका चित्र देखाई **तुलसी र घिउकुमारी** पहिचान गर्न लगाउनुहोस्। |

## ९. विषय क्षेत्र : स्वास्थ्य तथा शारीरिक शिक्षा :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | १. व्यक्तिगत सरसफाइ सामग्रीको महत्त्व बताउन।<br>२. आफ्नो शरीरको सरसफाइ गर्न।<br>३. घरमा दैनिक गरिने सरसफाइको सूची बनाउन।<br>४. स्थानीय। खेलहरू भन्न र खेल्न। |
| विषयवस्तु : | व्यक्तिगत सरसफाइ सामग्रीको महत्त्व, सरसफाइका नामहरु,<br>स्थानीय खेलहरूको अभ्यास। |
| विषयवस्तुको | १. व्यक्तिगत सरसफाइ सामग्रीको महत्त्व। |

| | |
|---|---|
| विस्तृतीकरण | २. आफ्नो शरीरको सरसफाइ गर्ने तरिका।<br>३. घरमा दैनिक गरिने सरसफाइको नामहरु।<br>४. स्थानीय खेलहरूको खेल्ने नियम तथा अभ्यास। |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | १. व्यक्तिगत सरसफाइका सामग्रीको महत्त्वबारे छलफलसहित सहजीकरण गर्ने।<br>२. शरीरका अङ्गहरुको सरसफाइ सामग्रीहरू देखाउदै सरसफाइ गर्ने तरिका भन्न लगाउने र शिक्षकले सहजीकरण गर्ने।<br>३. स्थानीय खेलकुदहरु खेल्न सिकाइ सक्रियतापूर्वक खेल खेलाउने। |
| शिक्षण सामग्री : | १. व्यक्तिगत सरसफाइ सम्बन्धी चित्रहरु। २. खेलकुद सामाग्रीहरु। |
| मूल्याङ्कन प्रक्रिया : | १. व्यक्तिगत सरसफाइका सामग्रीको महत्त्व लेख।<br>२. शरीरका विभिन्न अङ्गहरुको सरसफाइ गर्ने तरिकाबारे भन्न लगाउने र शिक्षकले मूल्याङ्कन गर्ने।<br>३. तिमीलाई खेल कस्तो लाग्यो ? |

## १०. विषय क्षेत्र : विपद् तथा जोखिम व्यवस्थापन :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | १. विपद्को परिचय भन्न।<br>२. जोखिमको परिचय भन्न।<br>३. विपद्हरुको जोखिम न्यूनीकरण गर्न सकिने उपाय भन्न। |
| विषयवस्तु : | १. विपद्को परिचय।<br>२. जोखिम न्यूनीकरण गर्न सकिने उपायहरु। |
| विषयवस्तुको विस्तृतीकरण : | १. विपद्को परिचय।<br>२. जोखिमको परिचय।<br>३. विपद्हरुको जोखिम न्यूनीकरण गर्न सकिने उपायहरु। |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | १. विपद्का घटनाहरुको चित्र देखाई कस्तो घटनाहरुलाई विपद् भनिन्छ? भनेर छलफल गर्ने र सहजीकरण गर्ने।<br>२. विपद्का घटनाबाट हुने जोखिमबारे कक्षामा छलफल गर्ने र सहजीकरण गर्ने।<br>३ जोखिम न्यूनीकरणका उपायहरुबारे सूची देखाउदै टिपोट गर्न लगाउने। |
| शिक्षण सामग्री : | विपद्का घटनाहरुको चित्र, जोखिम न्यूनीकरणका उपायहरुको सूची। |
| मूल्याङ्कन प्रक्रिया : | १. कस्तो घटनालाइ विपद् भनिन्छ ?<br>२. जोखिम भनेको के हो ?<br>३. जोखिम न्यूनीकरणका उपायहरुबारे सूची बनाउनुहोस्। |

## कक्षा : ३

### १. विषय क्षेत्र : हाम्रो गाउँपालिका

| | |
|---|---|
| सिकाइ उपलब्धि : | क) गाउँपालिकाको नक्सामा आफ्नो वडाको पहिचान गर्न । <br>ख) आफ्नो वडाको सिमाना तथा टोल जान्न । <br>ग) वडाको घरधुरी, जनसंख्या तथा क्षेत्रफल बताउन । <br>घ) आफ्नो वडाका वडाध्यक्ष तथा सदस्यको नाम बताउन । <br>ङ) वडामा रहेका विद्यालय तथा अन्य संघसंस्थाको नाम बताउन । |
| विषयवस्तु : | आफ्नो बसोबास रहेको वडाको सामान्य परिचय । |
| विषयवस्तुको विस्तृतीकरण | क) आफ्नो बसोबास रहेको वडासंग सिमाना जोडिएका वडा । <br>ख) आफ्नो वडामा रहेका विद्यालयहरु, धार्मिक तथा प्राकृतिक स्थल र अन्य संघसंस्था र टोल विकास संस्थाहरु । <br>ग) वडाको क्षेत्रफल र जनसंख्या । <br>घ) वडा समितिका पदाधिकारीको नाम । |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | क) छबिसपाथिभेरा गाउँपालिकाको नक्सामा आफ्नो वडा र सिमाना जोडिएका वडा पत्ता लगाउने क्रियाकलाप <br>ख) वडामा रहेका विद्यालयहरु, धार्मिक तथा प्राकृतिक स्थल र अन्य संघसंस्था (जस्तै: स्वास्थ्य संस्था, प्रहरी चौकी, सरकारी कार्यालय, गैर सरकारी संस्था आदि) र टोल विकास संस्थाको नाम पत्ता लगाउने क्रियाकलाप । (यसका लागि क्षेत्र भ्रमण गराउन सकिन्छ ।) <br>ग) वडा समितिको कार्यालय भ्रमण गरी वडा समितिका पदाधिकारीको नामावली, वडाको क्षेत्रफल , घरधुरी तथा जनसंख्या सङ्कलन । <br>घ) माथि उल्लेखित क्रियाकलापमा शिक्षकले सहजीकरण र मार्गदर्शन गर्नेछन् । विद्यार्थीले नेपाली भाषामा छलफलमा भाग लिन असहज महसुस भए मातृभाषालाई प्राथमिकता दिनु पर्नेछ । |
| शिक्षण सामग्री : | क) छबिसपाथिभेरा गाउँपालिकाको नक्सा । <br>ख) आफ्नो बसोबास रहेको वडाको राजनैतिक नक्सा । <br>ग) वडामा रहेका विद्यालयहरु, धार्मिक तथा प्राकृतिक स्थल र अन्य संघसंस्था (जस्तै: स्वास्थ्य संस्था, वृद्धाश्रम, सरकारी कार्यालय, गैर सरकारी संस्था आदि) र टोल विकास संस्थाका नाम लेखिएका चार्ट । <br>घ) वडा समितिका पदाधिकारीको नामावली, वडाको क्षेत्रफल,घरधुरी तथा जनसंख्या लेखिएको चार्ट । |
| मूल्याङ्कन प्रक्रिया : | क) विद्यार्थीले नक्सा अध्ययन गरी छलफलमा देखाएको सक्रियताको मूल्याङ्कनको आधारमा । <br>ख) क्षेत्रभ्रमण प्रतिवेदन र प्रस्तुति । <br>ग) शिक्षकले क्षेत्रगत सिकाइ उपलब्धिसंग सम्बन्धित प्रश्नावलीको आधारमा । |

### २. विषय क्षेत्र : हाम्रो भाषा, साहित्य, संस्कृति तथा परम्परा :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | क) आफ्नो घर र समुदायमा गरिने विभिन्न संस्कार तथा उक्त अवसरमा गरिने क्रियाकलापको वर्णन गर्न र छलफल गर्न/अभिनय गर्न । |
| विषयवस्तु : | हाम्रा संस्कार |
| विषयवस्तुको | क) हाम्रा संस्कार : जन्मदेखि मृत्युसम्मका । |

| | |
|---|---|
| विस्तृतीकरण | |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | क) शिक्षकले विद्यार्थीको घर परिवार तथा समुदायमा गरिने विभिन्न संस्कारको सूची बनाउने क्रियाकलाप गराउन सहजीकरण गर्ने ।<br>ख) उक्त संस्कारहरुमा गरिने क्रियाकलाप प्रस्फुटन गराउने गरी क्रियाकलाप गराउने ।<br>ग) विद्यार्थीलाई आफूलाई मनपर्ने कुनै संस्कारमा गरिने क्रियाकलापको अभिनय गर्न लगाउने र शिक्षकले अभिनयमा सहजीकरण गर्ने । |
| शिक्षण सामग्री : | क) हाम्रा संस्कार झल्किने चित्र वा श्रव्यदृश्य सामग्री । |
| मूल्याङ्कन प्रक्रिया : | क) क्रियाकलाप तथा अभिनयको अवलोकन ।<br>ख) छोटो प्रश्नोउत्तर । |
| कैफियत : | **१६ संस्कार** : गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, छैठी, नामकरण, निष्क्रमण, अन्नप्राशन, चुडाकर्म, विद्यारम्भ, कर्णभेद, यज्ञोपवीत, केशान्त, समावर्तन, विवाह र अन्त्येष्टि । |

## ३. विषय क्षेत्र : हाम्रो वातावरण :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | क) छबिसपाथिभेरा गाउँपालिकाको नक्सा अध्ययन गरी पालिकाभित्र रहेका प्राकृतिक स्रोत तथा सम्पदाको नाम तथा रहेको स्थान बताउन ।<br>ख) अभिभावक, शिक्षक तथा अन्य जानकारहरुको सहयोगमा स्थानीय प्राकृतिक स्रोतको बारेमा जानकारी प्राप्त गरी कक्षामा बताउन र अन्तर्क्रियामा सरिक हुन । |
| | क) बाल-बगैंचा निर्माण स्थलको छनौट गर्न ।<br>ख) बगैंचाको निर्माण गर्न ।<br>ग) बगैंचामा गोडमेल गर्न तथा फूल बिरुवामा पानी हाल्न ।<br>घ) बगैंचामा घेरबार तथा संरक्षण गर्न ।<br>ङ) बगैंचाबाट निस्केको झारपातको उचित व्यवस्थापन गर्न । |
| विषयवस्तु : | स्थानीय प्राकृतिक स्रोत र सम्पदाको परिचय । |
| | बाल-बगैंचाको निर्माण र संरक्षण |
| विषयवस्तुको विस्तृतीकरण : | क) प्राकृतिक स्रोत तथा सम्पदा वितरणको अवस्था । ख) प्राकृतिक स्रोतको परिचय । |
| | क) बगैंचा निर्माण । ख) बगैंचामा लगाएका फलफूल तथा बिरुवाको संरक्षण र संवर्द्धन । |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | क) छबिसपाथिभेरा गाउँपालिकाको नक्सामा रहेका प्राकृतिक स्रोत तथा सम्पदाको नाम तथा रहेको वडा वा क्षेत्रको सूची बनाउने र छलफल गर्ने क्रियाकलाप गराउने ।<br><table><tr><td>क.सं.</td><td>प्राकृतिक स्रोत तथा सम्पदाको नाम</td><td>उक्त सम्पदा रहेको स्थान</td></tr><tr><td></td><td></td><td></td></tr></table>ख) विद्यार्थीलाई स्थानीय प्राकृतिक स्रोत तथा सम्पदाको बारेमा अभिभावक, शिक्षक तथा अन्य जानकार व्यक्ति वा ब्रोसर वा तत्सम्बन्धी लेख रचनाबाट जानकारी प्राप्त गरी कक्षामा प्रस्तुत गर्न लगाउने । (परियोजना कार्य)<br>ग) आफ्नो पायक पर्ने प्राकृतिक स्थल भ्रमण गरी क्षेत्रभ्रमण प्रतिवेदन तयार गराई प्रस्तुत गर्न लगाउने । (समूह निर्माण गर्ने) |

| | |
|---|---|
| | क) शिक्षकले विद्यालय परिसरमा बगैंचा निर्माणको लागि उपयुक्त स्थलको छनौट गरी निर्माण गर्न उत्प्रेरणा तथा सहयोग प्रदान गर्ने ।<br>ख) बगैंचाको निर्माण गर्न गर्नुपर्ने कामको सूची निर्माण गरी कामको बाडफाँड गर्ने । जस्तै : खन्ने औजार, मल, बिरुवा बेर्ना वा बिउ समूह विभाजन ।<br>ग) बगैंचामा विद्यार्थीलाई स्वतःस्फूर्त किसिमले पानी हाल्ने र गोडमेल गर्ने किसिमको उत्प्रेरणा प्रदान गरी कार्य लगाउने ।<br>घ) बगैंचामा घेरबार गर्न संरक्षण गर्ने तरिका अवलम्बन गर्ने ।<br>ङ) शिक्षकले बगैंचाको निर्माण, बिरुवा रोप्ने , पानी हाल्ने तथा गोडमेल गर्ने र संरक्षण गर्न गरिने कार्यमा नमुना देखाई विद्यार्थीलाई सोही अनुरुप गर्न लगाउने ।<br>च) विद्यालय परिसरभित्र एउटा खाल्डो खनेर बगैंचाबाट निस्केको झारपातको उचित व्यवस्थापन गर्न सिकाउने । |
| शिक्षण सामग्री : | क) छबिसपाथिभेरा  गाउँपालिकाको प्राकृतिक स्रोत र सम्पदासहितको नक्सा वा चित्र वा डकुमेन्ट्री फिल्म, ब्रोसर तथा तत्सम्बन्धी लेख तथा रचना । |
| | क) बगैंचाको निर्माणमा बालबालिकाको सहभागिता झल्काउने चित्र वा श्रव्यदृश्य सामग्री<br>ख) बगैंचाको निर्माणमा आवश्यक पर्ने ज्यावल तथा औजार, बिउ, बेर्ना र मल । |
| मूल्याङ्कन प्रक्रिया : | क) नक्साको अध्ययन गर्ने र शिक्षकको निर्देशनानुसार काम गरेको वा नगरेको अवलोकन गर्ने ।<br>ख) विद्यार्थीको खोज तथा अनुसन्धानमा देखाएको रुचि, तयार गरेको परियोजना कार्य र यसको प्रस्तुतिको आधारमा ।<br>ग) क्षेत्रभ्रमण प्रतिवेदनको तयारी, प्रस्तुति र छलफल र प्रश्नोत्तरका आधारमा । |
| | क) विद्यार्थीको सक्रियता र सहभागिताको अवलोकन ।<br>ख) बगैंचाप्रति विद्यार्थीमा आएको सकारात्मक व्यवहार परिवर्तनको अवस्था । |

## ४. विषय क्षेत्र : हाम्रो विगत र विशिष्ट व्यक्तित्त्व :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | क) आफू बसेको गाउँपालिकाको नाम र  नामकरणको सामान्य परिचय ।<br>ख) टोलका प्रमुख जातजाति । |
| विषयवस्तु : | क) आफ्नो गाउँपालिकाको नाम र नामकरणको छोटो परिचय ।<br>ख) वडाका प्रमुख जातजाति । |
| विषयवस्तुको विस्तृतीकरण : | क) आफ्नो पालिकाको नाम ।<br>ख) पालिकाको नामकरणको छोटो परिचय ।<br>ग) टोल र वडाका प्रमुख जातिहरुको  नाम । |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | क) आफ्नो पालिकाको नक्सा प्रर्दशन, पालिकाको  नामका बारेमा छलफल र प्रश्नोत्तर<br>ख) वडामा बसोबास गर्ने जातजातिको नाम र प्रश्नोत्तर तथा  छलफल ।<br>ग) पालिकाको नामकरणका सम्बन्धमा र जातजातिका बारेमा घरका सदस्यहरुलाई सोधपुछ गर्न लगाई प्रस्तुत गर्न  लगाउने ।<br>घ) विद्यार्थीहरुको परियोजना कार्यका आधारमा नामकरणको इतिहास र जातजातिका बारेमा थप प्रस्ट हुने क्रियाकलाप गर्ने । |
| शिक्षण सामग्री : | पालिकाको नक्सा, विभिन्न जातजातिका चित्रहरु र परियोजना कार्य । |
| मूल्याङ्कन प्रक्रिया : | क) तिमी बसोबास गर्ने पालिकाको नाम के हो ?<br>ख) तिमी कति नम्बर वडामा बसोबास गर्छौ ?<br>ग) तिम्रो  टोल, वडामा बसोबास गर्ने जातजातिहरुको नाम भन्नुहोस् । |

## ५. विषय क्षेत्र : स्थानीय पेशा, व्यवसाय र प्रविधि :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | वडास्तरको परम्परागत पेशा तथा व्यवसाय र प्रविधिको परिचय र उपयोगिता बताउन । |
| विषयवस्तु : | वडास्तरको परम्परागत पेशा तथा व्यवसाय र प्रविधिको परिचय र उपयोगिता । |
| विषयवस्तुको विस्तृतीकरण | क) वडाका मानिसहरुले गर्ने विभिन्न पेशा र व्यवसायको नाम । ख) परम्परागत प्रविधि । |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | क) चार्ट, शब्दपत्ती वा चित्र प्रर्दशन गरी मानिसहरुले गर्ने कामहरु भन्न लगाउने ।<br>ख) बोर्डमा वडाका मानिसहरुले अपनाइएका पेशाहरुका शब्दपत्ती देखाई अपनाइएका पेशा व्यवसाय विद्यार्थीलाई छान्न लगाउने ।<br>ग) घर, परिवार र समुदायमा भएका पुराना प्रविधिहरुको नाम भन्न लगाई प्रविधिको बारेमा जानकारी गराउने र अवलोकन तथा छलफल, लघु शैक्षिक भ्रमण, प्रश्नोत्तर ,खेल, परियोजना कार्य गर्न लगाई धारणा प्रष्ट पार्ने । |
| शिक्षण सामग्री : | विभिन्न पेशाका चित्रहरु, शब्दपत्ती र परियोजना कार्य । |
| मूल्याङ्कन प्रक्रिया : | क) तिम्रो वडाका मानिसहरुले अपनाउने पेशाहरु केके हुन ?<br>ख) तिम्रो वडाका मानिसहरु सबभन्दा बढी कुन पेशामा संलग्न छन् ? |

## ६. विषय क्षेत्र : स्थानीय धार्मिक तथा पर्यटन क्षेत्र :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | १. आफ्नो तथा छिमेकी वडामा रहेका मठमन्दिरको नाम तथा त्यहाँ लाग्ने मेला जात्राजस्ता क्रियाकलाप बताउन ।<br>२. आफ्नो तथा छिमेकी वडामा रहेका सार्वजनिक स्थल तथा पर्यटकीय स्थलको नाम तथा उक्त स्थलमा गरिने क्रियाकलापको सूची बनाउन । |
| विषयवस्तु : | आफ्नो तथा छिमेकी वडामा रहेका धार्मिक तथा प्रचलित स्थलहरुको परिचय तथा प्रमुख क्रियाकलापहरु । |
| विषयवस्तुको विस्तृतीकरण : | आफ्नो तथा छिमेकी वडामा रहेका विभिन्न धार्मिक एवं प्रचलित स्थलहरु र त्यहाँ गरिने गतिविधि । |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | १. विविध शैक्षिक सामग्रीको प्रयोग गरी आफ्नो तथा छिमेकी वडामा रहेका विभिन्न धार्मिक एवं प्रचलित स्थलहरु तथा त्यहाँ गरिने गतिविधिउपर छलफल गराउने क्रियाकलाप गर्न सहजीकरण गर्ने ।<br>२. आफ्नो तथा छिमेकी वडामा रहेका विभिन्न धार्मिक एवं प्रचलित स्थलहरुको सामूहिक अवलोकन भ्रमण गराई प्रतिवेदन तयार गरी प्रस्तुत गराउने ।<br>३. आफूले भ्रमण गरेको स्थल तथा देखेका धार्मिक एवं प्रचलित स्थलहरुका चित्र कोर्न लगाई प्रदर्शन गर्न लगाउने र पृष्ठपोषण प्रदान गर्ने ।<br>४. क्षेत्रभ्रमणका लागि रुब्रिक्सको प्रयोग गर्ने । |
| शिक्षण सामग्री : | चित्र, शब्दपत्ती र श्रव्यदृश्य सामग्री । |
| मूल्याङ्कन प्रक्रिया : | १.कक्षामा छलफलमा सहभागिता । २. छोटा प्रश्नोत्तर ।<br>३. क्षेत्रभ्रमण तथा परियोजना प्रतिवेदन तयारी तथा प्रस्तुत ।<br>४. चित्र कोर्ने कला तथा प्रस्तुति सीपको अवस्था । ५. रुब्रिक्सको मूल्याङ्कनको आधारमा । |

## ७. विषय क्षेत्र : हाम्रो नैतिक मूल्य मान्यता र सकारात्मक व्यवहार :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | १. सामान्य घरायसी कामकाजमा सघाउने ।<br>२. आफूभन्दा ठूलाको आदर तथा सानालाई माया गर्ने ।<br>३. जेष्ठ नागरिक, अपाङ्ग, अशक्त तथा अतिथिको आदर सत्कार एवं सम्मान गर्ने । |
| विषयवस्तु : | समुदाय तथा सार्वजनिक स्थलमा गरिनुपर्ने असल व्यवहार । |
| विषयवस्तुको | १. सामान्य घरायसी कामकाजमा सहयोग । |

| | |
|---|---|
| विस्तृतीकरण : | २.आफूभन्दा ठूलाको आदर तथा सानासंग गरिने व्यवहार।<br>३. जेष्ठ नागरिक, अपाङ्ग र अशक्तलाई सहयोग र सद्भाव।<br>४. अतिथिको आदर सत्कार एवं सम्मान। |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | १. शिक्षकले साना बालबालिकाले घरेलु कामकाजमा सहयोग गरेको चित्र प्रदर्शन गरी छलफल सहजीकरण गर्ने।<br>२. घर परिवार तथा समुदायमा आफूभन्दा ठूला, साना, जेष्ठ नागरिक, अपाङ्ग तथा अशक्त व्यक्तिसंग गरिने असल व्यवहार प्रस्तुत गर्न लगाउने, शिक्षकले कालोपाटीमा टिप्दै जाने र कक्षामा छलफल गर्न लगाउने।<br>३. अतिथिसंग गरिने व्यवहारउपर छलफल गराउने।<br>४. श्रव्यदृश्य सामग्रीको प्रयोग गरी जेष्ठ नागरिक, अपाङ्ग र अशक्तलाई सहयोग र सद्भाव तथा अतिथिको आदर-सत्कार एवं सम्मान गर्ने सम्बन्धमा धारणा विकास गर्न विविध क्रियाकलाप गराउने। |
| शिक्षण सामग्री : | चित्र, शब्दपत्ती र श्रव्यदृश्य सामग्री। |
| मूल्याङ्कन प्रक्रिया : | १. बालबालिकाको दैनिक क्रियाकलापको अवलोकन गर्ने।<br>२. आदरार्थी शब्दहरुको प्रयोग गरी वाक्य बनाउन लगाउने।<br>३. बहुवैकल्पिक प्रश्नहरु सोध्ने। |

## ८. विषय क्षेत्र : योग तथा आयुर्वेद :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | १. सूक्ष्म आसनको अभ्यास गर्न र परिचय दिन।<br>२. शरीरलाई पवन मुक्तासन, भुजङ्गासन, मकरासन, मर्कटासन, गरुडासन आसनमा सन्तुलित गर्न।<br>३. श्वास-प्रश्वासको गतिका साथ भस्त्रिका ,कपालभाति, अनुलोम विलोम र भ्रामरी गर्न।<br>४. स्थानीय जडिबुटी अमला र निमको पहिचान गर्न। |
| विषयवस्तु : | आसन, प्राणायाम तथा आयुर्वेद |
| विषयवस्तुको विस्तृतीकरण | १. सबै सूक्ष्म आसन<br>२. आसन : पवन मुक्तासन, भुजङ्गासन, मकरासन, मर्कटासन, गरुडासन।<br>३. प्राणायाम : भस्त्रिका, कपालभाति, अनुलोम विलोम र भ्रामरी।<br>४. अमला र निम |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | १. हात, काँध, आँखा, मुख, टाउको, कम्मर, खुट्टा, घुँडा र तिघ्राको सूक्ष्म व्यायाम गरेर देखाउने ।<br>२. बालबालिकालाई समूहमा बसालेर सूक्ष्म आासन गर्न लगाउने।<br>३. चित्र प्रर्दशनमार्फत सूक्ष्म आसनको परिचय दिने।<br>४. बालबालिकालाई समूहमा बसालेर आासन गर्न लगाउने।<br>५. आसन गर्ने विधि बताउदै आसन गरेर पवन मुक्तासन, भुजङ्गासन, मकरासन, मर्कटासन, गरुडासन देखाउने र अभ्यास गर्न लगाउने।<br>६. चित्र प्रदर्शन गरेर आसनको परिचय दिने।<br>७. चित्र प्रर्दशनमार्फत श्वास-प्रश्वासको परिचय गराउने।<br>८. श्वास-प्रश्वासको गति अनुसार भस्त्रिका, कपालभाति, अनुलोम विलोम, भ्रामरी, प्राणायाम गरेर देखाउने र गर्न लगाउने।<br>९. चित्र प्रर्दशन वा स्पेसिमेनमार्फत स्थानीय जडिबुटी अमला र निमको पहिचान गर्न लगाउने। |

| | |
|---|---|
| शिक्षण सामग्री : | १. आसन, प्राणायाम र मुद्राका चित्रहरु ।<br>२. बालबालिका बस्नका लागि कोमल आसन ।<br>३. स्वच्छ र हावादार कोठा वा हल ।<br>४. स्थानीय जडिबुटी अमला र निमको चित्र । |
| मूल्याङ्कन प्रक्रिया : | १. सूक्ष्म आसन गर्न लगाएर अवलोकन गर्नुहोस् ।<br>२. पवन मुक्तासन, भुजङ्गासन, मकरासन, मर्कटासन, गरुडासन गर्न लगाएर अवलोकन गर्नुहोस् ।<br>३. भस्त्रिका, कपालभाति, अनुलोम विलोम र भ्रामरी प्राणायाम गर्न लगाएर अवलोकन गर्नुहोस् ।<br>४. विभिन्न जडीबुटीका चित्र देखाई अमला र निम पहिचान गर्न लगाउनुहोस् । |

## ९. विषय क्षेत्र : स्वास्थ्य तथा शारीरिक शिक्षा :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | १. स्वस्थकर भोजनको परिचय भन्न । २. दैनिक भोजन तालिका प्रयोग गर्न ।<br>३. स्वस्थकर भोजनको आवश्यकता बताउन । ४. स्थानीय खेलहरू खेल्न ।<br>५. स्थानीय खेलहरूको सूची बनाई ती खेलहरूको महत्त्व भन्न । |
| विषयवस्तु : | १. स्वस्थकर भोजनको परिचय र आवश्यकता । २. दैनिक भोजन तालिकाको परिचय तथा प्रयोग । |
| विषयवस्तुको विस्तृतीकरण | १. स्वस्थकर भोजनको परिचय । २. दैनिक भोजन तालिकाको तयारी र त्यसको प्रयोग ।<br>३. स्वस्थकर भोजनको आवश्यकता । ४. स्थानीय खेलहरूको सूची ।<br>५. स्थानीय खेलहरूको महत्त्व । ६. स्थानीय खेलहरूको अभ्यास । |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | १. स्वस्थकर भोजनसम्बन्धी पाठ्यसामग्री कक्षामा प्रस्तुतीकरण गरी स्वस्थकर भोजन र दैनिक भोजन तालिकाको प्रयोगबारे छलफलसहित सहजीकरण गर्ने ।<br>२. स्वस्थकर भोजनको आवश्यकताका बारेमा सूची प्रस्तुत गरी छलफलसहित सहजीकरण गर्ने ।<br>३. स्थानीय खेलकुदहरुको महत्त्वका बारेमा सूची प्रस्तुत गरी छलफलसहित सहजीकरण गर्ने ।<br>४. स्थानीय खेलहरूको सक्रियतापूर्वक अभ्यास गराउने । |
| शिक्षण सामग्री : | १. स्वस्थकर भोजनसम्बन्धी पाठ्यसामग्री ।<br>२. स्वस्थकर भोजनका आवश्यकताहरूको सूची ।<br>३. खेलकुद सामग्रीहरु र स्थानीय खेलकुदका महत्त्वहरुको सूची । |
| मूल्याङ्कन प्रक्रिया : | १. स्वस्थकर भोजनको परिचय लेख ।<br>२. स्वस्थकर भोजनका आवश्यकताहरुको सूची बनाउनुहोस् ।<br>३. दैनिक भोजन तालिका बनाउनुहोस् ।<br>४. स्थानीय खेलकुदका महत्त्वहरुको सूची बनाउनुहोस् ।<br>५. स्थानीय खेलहरूको सक्रियतापूर्वक अभ्यास गर्ने । |

## १०. विषय क्षेत्र : विपद् तथा जोखिम व्यवस्थापन :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | १. विपद् व्यवस्थापनको परिचय भन्न ।<br>२. विपद् व्यवस्थापनको महत्त्व भन्न ।<br>३. जोखिम न्यूनीकरणबाट विपद् व्यवस्थापन गर्ने उपाय भन्न । |

| | |
|---|---|
| विषयवस्तु : | १. विपद् व्यवस्थापनको परिचय र महत्त्व ।<br>२. जोखिम न्यूनीकरणबाट विपद् व्यवस्थापन गर्ने उपायहरु ।<br>३. प्राकृतिक र मानवजन्य प्रकोप/विपद्को परिचय र प्रकोपका घटनाहरु । |
| विषयवस्तुको विस्तृतीकरण | १. विपद् व्यवस्थापनको परिचय ।<br>२. विपद् व्यवस्थापनको महत्त्व ।<br>३. जोखिम न्यूनीकरणबाट विपद् व्यवस्थापन गर्ने उपायहरु । |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | १. विपद्का घटनाहरुको व्यवस्थापनका बारेमा छलफल गर्ने र सन्दर्भ सामग्री प्रस्तुत गर्ने र सहजीकरण गर्ने ।<br>२. विपद् व्यवस्थापनको महत्त्वका बारेमा कक्षामा छलफल गर्ने र सहजीकरण गर्ने ।<br>३. जोखिम न्यूनीकरणका उपायहरुबाट विपद् व्यवस्थापन भएका घटनाहरुको सन्दर्भ जोड्दै जोखिम न्यूनीकरणबाट विपद् व्यवस्थापन गर्ने उपायहरु टिपोट गर्न लगाउने । |
| शिक्षण सामग्री : | विपद्का घटनाहरुको व्यवस्थापनका बारेमा सन्दर्भ सामग्री । |
| मूल्याङ्कन प्रक्रिया : | १. विपद् व्यवस्थापन भनेको के हो ?<br>२. विपद् व्यवस्थापनको महत्त्व भन्नुहोस् ।<br>३. जोखिम न्यूनीकरणबाट विपद् व्यवस्थापन गर्ने उपायहरुको सूची बनाउनुहोस् । |

## कक्षा : ४

### १. विषय क्षेत्र : हाम्रो गाउँपालिका :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | क. नेपालको सुदूरपश्चिम प्रदेशअन्तर्गत बझाङ्ग जिल्लाको नक्सामा छबिसपाथिभेरा गाउँपालिकाको पहिचान तथा यसको सिमानासँग जोडिएका स्थान पत्ता लगाउन।<br>ख. छबिसपाथिभेरा गाउँपालिकाको संक्षिप्त भूबनोटको परिचय दिन।<br>ग. पा छबिसपाथिभेरा गाउँपालिकाको क्षेत्रफल बताउन।<br>घ. छबिसपाथिभेरा गाउँपालिकाको नक्सामा सबै वडा पत्ता लगाउन। |
| विषयवस्तु : | क. आफ्नो बसोबास रहेको पालिकाको अवस्थिति, भूबबनोट, क्षेत्रफल र सिमाना।<br>ख. नेपाल सुदूरपश्चिम प्रदेश, बझाङ्ग जिल्लाको नक्सामा गाउँपालिका।<br>ग. पालिकाको नक्सामा वडा। |
| विषयवस्तुको विस्तृतीकरण | क. नेपाल र सुदूरपश्चिम प्रदेश र बझाङ्ग जिल्लाको नक्सामा छबिसपाथिभेरा गाउँपालिका।<br>ख. छबिसपाथिभेरा गाउँपालिकाको राजनैतिक तथा प्राकृतिक क्षेत्र(भौगोलिक) परिचय र अवस्थिति(अक्षांश र देशान्तर) भूबनोटको अवस्था। |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | क. केही सान्दर्भिक प्रश्नको सहायताले विद्यार्थीलाई नेपाल, सुदूरपश्चिम प्रदेश, बझाङ्ग जिल्ला तथा छबिसपाथिभेरा गाउँपालिकाको नक्साको अध्ययन गर्न लगाउने।<br>**सम्भावित सान्दर्भिक प्रश्नः**<br>१. यो कुन देशको नक्सा हो ? २. यस नक्सामा कतिवटा प्रदेश रहेका छन् ?<br>३. यस नक्सामा सुदूरपश्चिम प्रदेश कहाँ छ ? ४. छबिसपाथिभेरा गाउँपालिका पत्ता लगाऊ।<br>५. तपाईंको बसोबास रहेको वडा पत्ता लगाउनुहोस्।<br>ख. सिमाना तथा क्षेत्रफल, अक्षांश, देशान्तर तथा भौगोलिक बनावट पत्ता लगाउने क्रियाकलाप गराउने। |
| शिक्षण सामग्री : | क. नेपाल,सुदूरपश्चिम प्रदेश,बझाङ्ग जिल्लाको राजनैतिक नक्सा।<br>ख. छबिसपाथिभेरा गाउँपालिकाको प्राकृतिक तथा राजनैतिक नक्सा।<br>ग.छबिसपाथिभेरा गाउँपालिकाको सबै वडाहरुको क्षेत्रफलसहित पालिकाको क्षेत्रफल समेटिएको चार्ट। |
| मूल्याङ्कन प्रक्रिया : | क. नेपालको नक्सामा सुदूरपश्चिम प्रदेशको पहिचान गर्न लगाउने।<br>ख. सुदूरपश्चिम प्रदेशको नक्सामा बझाङ्ग जिल्लाको पहिचान गर्न लगाउने।<br>ग. बझाङ्ग जिल्लाको नक्सामा छबिसपाथिभेरा गाउँपालिका तथा यसको सिमानामा रहेका स्थानको पहिचान गर्न लगाउने।<br>घ. आफ्नो बसोबास रहेको वडा, छिमेकी वडा तथा गाउँपालिकाको क्षेत्रफल बताउन लगाउने।<br>ङ. छबिसपाथिभेरा गाउँपालिकाको नक्सा कोर्न लगाउने।<br>च. आफ्नो बसोबास रहेको वडाको नक्सा कोर्न लगाउने। |

### २. विषय क्षेत्र : हाम्रो भाषा, साहित्य, संस्कृति तथा परम्परा :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | क) स्थानीय परम्परागत बाजा र नृत्यको परिचय, उपयोगिता तथा संरक्षण।<br>ख) स्थानीय समुदायमा घरायसी कामकाजमा प्रयोग गरिने भाषाको नाम भन्न र प्रयोग गर्न।<br>ग) स्थानीय कथा-बात, उखान टुक्का संकलन गरी प्रस्तुत गर्न। |

| | |
|---|---|
| | घ) बाजा बजाउने तथा नृत्यको अभ्यास गर्न । |
| विषयवस्तु : | स्थानीय कला, बाजा, भाषा तथा साहित्यको परिचय, महत्त्व र संरक्षण । |
| विषयवस्तुको विस्तृतीकरण | क) स्थानीय बाजा र नृत्यको परिचय, अभ्यास, उपयोगिता तथा संरक्षण ।<br>ख) स्थानीय समुदायमा घरायसी कामकाजमा प्रयोग गरिने भाषा ।<br>ग) स्थानीय कथा-बात र उखानटुक्का । |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | क) स्थानीय बाजा, देउडा ..........नृत्यका बारेमा विद्यार्थीको पूर्वज्ञान ।<br>ख) स्थानीय बाजाको प्रयोग गरिने उत्सव तथा अवसरका विषयमा छलफल ।<br>ग) स्थानीय बाजा बजाउने तथा देउडा खेलको अभ्यास, विशेषता, महत्त्व ।<br>घ) स्थानीय समुदायमा घरायसी कामकाजका लागि प्रयोग गरिने भाषाको नामावली सङ्कलन तथा छलफल ।<br>ङ) स्थानीय कथा-बात र उखान-टुक्काको परिचय, सङ्कलन प्रस्तुति तथा प्रयोग ।<br>च) परियोजना कार्य : स्थानीय बाजा तथा देउडा खेलका Cutout संकलन गरी कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>छ) स्थानीय बाजाका चित्र कोर्ने क्रियाकलाप । |
| शिक्षण सामग्री : | क) स्थानीय परम्परागत रुपमा प्रचलनमा रहेका बाजाको चित्र ।<br>ख) देउडा खेलको चित्र वा अडियो भिडियो ।<br>ग) स्थानीय कथा-बात तथा उखानटुक्काको संकलन संग्रह । |
| मूल्याङ्कन प्रक्रिया : | क) स्थानीय बाजा र देउडा खेलको परिचय सोध्ने ।<br>ख) स्थानीय बाजा र देउडा खेलको उपयोगिता तथा संरक्षणको महत्त्व सोध्ने ।<br>ग) स्थानीयकथा-बात तथा उखान-टुक्काको अर्थ तथा प्रयोगसम्बन्धी अभ्यास गराउने ।<br>घ) परियोजना कार्य तथा बाजा तथा देउडा खेलसम्बन्धी अभ्यास वा अभिनयका आधारमा मूल्याङ्कन गर्ने ।<br>ङ) पाठसँग सम्बन्धित चित्रका आधारमा मूल्याङ्कन गर्ने । |

## ३. विषय क्षेत्र : हाम्रो वातावरण :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | क) छबिसपाथिभेरा गाउँपालिकाको नक्सा अध्ययन गरी पालिकाभित्र रहेका प्राकृतिक स्रोत तथा सम्पदाको महत्त्व र आवश्यकता बताउन ।<br>ख) अभिभावक, शिक्षक तथा अन्य जानकारहरुको सहयोगमा स्थानीय प्राकृतिक स्रोतको महत्त्व र आवश्यकता बताउन र अन्तर्क्रिया गर्न । |
| | वृक्षारोपण गर्न सिकाउने र विद्यार्थीहरुलाई वृक्षारोपण कार्यप्रति आकर्षित गराउनु । |
| विषयवस्तु : | छबिसपाथिभेरा गाउँपालिकामा रहेका प्राकृतिक स्रोत र सम्पदाको महत्त्व र आवश्यकता |
| | विद्यालय परिसरमा वृक्षारोपण |
| विषयवस्तुको विस्तृतीकरण | प्राकृतिक स्रोत र सम्पदाको महत्त्व र यसको आवश्यकता |
| | विद्यार्थीहरुलाई वृक्षारोपण कार्यमा सरिक गराई वातावरण हराभरा बनाउन अभिप्रेरित गर्न । |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | क) शिक्षकले प्राकृतिक स्रोत र सम्पदाको महत्त्व र यसको आवश्यकताका सम्बन्धमा छलफल गर्न लगाउने र विद्यार्थीहरुबाट आएका बुँदाहरु टिपोट गर्दै जाने ।<br>ख) वातावरणमा प्राकृतिक स्रोत सबैका लागि आवश्यक छ भन्ने कुरा प्रष्ट पार्न चित्र र कथाहरुको माध्यमबाट जानकारी गराउने ।<br>ग) कक्षामा छलफल, प्रश्नोत्तर र प्रदर्शन विधिको प्रयोग गर्ने ।<br>घ) विभिन्न पत्रपत्रिका तथा सञ्चार माध्यममा प्रसारण हुने सूचना र कार्यक्रम हेर्न सुन्न प्रोत्साहित गर्ने । |

| | |
|---|---|
| | ङ) हाम्रो पालिकाभित्र रहेका प्राकृतिक स्रोत र सम्पदाहरुको महत्त्व स्पष्ट पार्ने । <br> च) प्राकृतिक स्रोतहरुको आवश्यकता र महत्त्व झल्किने चित्र, पोष्टरको माध्यमबाट विद्यार्थीहरुलाई थप जानकारी गराउने र घरमा आफूभन्दा जान्ने मानिससंग छलफल गर्न भन्ने । |
| | क) विद्यालयको हाताभित्र खाली रहेको स्थानमा वृक्षारोपण गर्ने योजना निर्माण गरी विद्यार्थीहरुलाई वृक्षारोपण कार्यमा प्रत्यक्ष रुपमा सहभागी गराई वृक्षारोपण गर्न आवश्यक पूर्वतयारीको बारेमा बताउने । <br> ख) वृक्षारोपण गर्दा बिरुवाहरुको छनौट, एक-अर्काको बिचको दूरी, खाल्डो निर्माण , मल र पानीको उचित व्यवस्थापन कसरी गर्ने भन्ने बारेमा प्रयोगात्मक रुपमा गरेर वा गर्न लगाएर सिकाई क्रियाकलाप गर्ने । <br> ग) विद्यार्थीहरुको क्षमताअनुसार कार्य विभाजन गरी समूह निर्माण गरी प्रतिस्पर्धात्मक रुपमा सहभागी गराउने । |
| शिक्षण सामग्री : | प्राकृतिक स्रोत र सम्पदाको महत्त्व र यसको आवश्यकता झल्किने चित्र, पोष्टर, वृत्तचित्रहरु आदि । |
| | कक्षा शिक्षणका लागि आवश्यक चित्र, पोष्टर आदि र प्रयोगात्मक कार्यका लागि बोट-बिरुवाहरु, औजारहरु, मल र पानी हाल्ने, मोटर, पाइप र अन्य भाँडाकुँडाहरु । |
| मूल्याङ्कन प्रक्रिया : | प्राकृतिक स्रोत र सम्पदाको आवश्यकता र महत्त्वहरुको सूची बनाउन लगाउने । |
| | वृक्षारोपण कसरी गरिन्छ भनी विद्यार्थीहरुलाई प्रयोगात्मक रुपमा गर्न लगाउने । |

## ४. विषय क्षेत्र : हाम्रो विगत र विशिष्ट व्यक्तित्त्व :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमि,जातजातिको बसोबास गरेको क्षेत्रको इतिहास । |
| विषयवस्तु : | १) छबिसपाथिभेरा गाउँपालिकाको स्थापना तथा नामकरणको मिति बताउन । <br> २) छबिसपाथिभेरा गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमिको छोटो परिचय भन्न । <br> ३) छबिसपाथिभेरा गाउँपालिकाभित्र बसोबास गर्ने विभिन्न जातजातिको सूची बनाउन । |
| विषयवस्तुको विस्तृतीकरण | १) छबिस दरा,गा.वि.स.देखि छबिसपाथिभेरा गाउँपालिकाको नामकरणको तिथिमिति । <br> २) छबिसपाथिभेरा गाउँपालिकाको गठनपूर्वको अवस्था,गाउँपालिका गठन, र वडा विभाजन तथा नामकरणको सन्दर्भ । <br> ३) आफ्नो वडा र छिमेकी वडाहरुमा बसोबास गर्ने जातजाति तथा विद्यालयमा आउने विभिन्न जातजातिको पहिचान । |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | १) गाउँपालिकाको नक्सा झल्काउने नक्सा प्रदर्शन गरी पालिकाको पहिचान गर्न लगाउने । <br> २) नक्सासँग सम्बन्धित विभिन्न प्रश्न सोध्ने, आफ्नो वडा पहिचान गर्न लगाउने,पालिका स्थापनाको तिथिमितिबारे तालिका प्रदर्शन गरी छलफल गराउने । <br> ३) पालिका गठनको पूर्वावस्थाबारे बताई पालिका तथा वडा गठन प्रक्रिया चार्टद्वारा प्रर्दशन गराई छलफल गर्ने । <br> ४) आफू र आफ्ना छिमेकी वडामा बसोबास गर्ने जातजातिका सूची बनाउन लगाउने तथा आफ्नो कक्षामा भएका विभिन्न वडाबाट आएका जातजाति पहिचान गर्न लगाई छलफल गर्ने । |
| शिक्षण सामग्री : | नक्सा चार्टहरु र सूचीहरु |
| मूल्याङ्कन प्रक्रिया : | १) छबिसपाथिभेरा गाउँपालिकाको स्थापना कहिले भएको थियो ? <br> २) तिम्रो छिमेकीमा कुन-कुन जातजातिका मानिसहरु बसोबास गर्छन् ? |

## ५. विषय क्षेत्र : स्थानीय पेशा, व्यवसाय र प्रविधि :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | आफ्नो वडामा सञ्चालित परम्परागत र आधुनिक प्रविधिहरुको परिचय र तिनीहरुको काम वा प्रयोग। |
| विषयवस्तु : | १. परम्परागत पेशा, व्यवसाय, सीप र प्रविधि : क) कृषि, ख) पशुपालन ग) व्यापार व्यवसाय,<br>घ) उद्योग (कपडा, कृषिऔजार, ढकिया) ङ) ढिकी, जातो, दलनी, च) चकटी।<br>२. आधुनिक पेशा, व्यवसाय, सीप र प्रविधि : क) कृषि (तरकारी, केरा, फलफुल.....)<br>ख) पशुपन्छी तथा माछापालन, ग) व्यापार व्यवसाय, घ) उद्योग। |
| विषयवस्तुको विस्तृतीकरण | आफ्नो वडामा सञ्चालित परम्परागत र आधुनिक प्रविधिहरुको परिचय र तिनीहरुको काम वा प्रयोग। |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | १. चित्रप्रर्दशन (कृषि, पशुपालन, सिलाइ-कटाइ, व्यापार-व्यवसाय, नौकरी)<br>२. आफ्नो वडाका मानिसहरुले गर्ने पेशा व्यवसायका बारेमा छलफल गरी विभिन्न कामहरुका बारेमा बताइदिने।<br>३. क्षेत्रभ्रमण, शब्दपत्ती, चित्रपत्ती, अवलोकन, प्रश्नोत्तर, छलफल, परियोजना कार्य गर्न लगाई धारणा प्रष्ट पार्ने।<br>४. स्थानीय परम्परागत प्रविधि सञ्चालन भएको ठाउँमा लगी विद्यार्थीहरुलाई अवलोकन गराउने र तिनीहरुको उपयोग र प्रयोग गर्ने तरिकाबारे छलफल गर्ने।<br>५. स्थानीय परम्परागत सामग्री बनाउने मानिससँग भेट गराई उक्त सामग्री बनाउने तरिकाबारे देखाउन लगाउने र छलफल गराउने।<br>६. आधुनिक पेशा व्यवसायमा लागेका व्यवसायीहरुसँग भेट छलफल गरी जानकारी लिने।<br>७. कृषि,पशुपालन, व्यापार र वडामा सञ्चालित साना तथा घरेलु उद्योगहरुको महत्त्व र आवश्यकताबारे छलफल गराउने। |
| शिक्षण सामग्री : | १. चित्र,लघु क्षेत्रभ्रमण, शब्दपत्ती, चित्रपत्ती परियोजना कार्य।<br>२. स्थानीय परम्परागत र आधुनिक प्रविधिहरुसँग सम्बन्धित चित्र, फोटो र तिनीहरुको प्रयोग तथा बनाउने तरिकाबारे जानकारीमूलक पोस्टर, ब्रोसर आदि। |
| मूल्याङ्कन प्रक्रिया : | १. तिम्रो परिवारको मुख्य पेशा के हो ?<br>२. तिम्रो वडाका मानिसहरु केके पेशा गर्दछन् ? |

## ६. विषय क्षेत्र : स्थानीय धार्मिक तथा पर्यटन क्षेत्र :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | क) आफ्नो तथा छिमेकी वडामा रहेका मठमन्दिरको नाम भन्न, भ्रमण गर्न तथा मेला तथा उत्सवमा त्यहाँ हुने क्रियाकलाप वर्णन गर्न।<br>ख) स्थानीय प्रख्यात स्थानको भ्रमण गरी सोको बारेमा जानकारी प्राप्त गर्न र प्रस्तुत गर्न।<br>ग) धार्मिक सांस्कृतिक सम्पदा एवं प्रचलित स्थलहरुको परिचय, महत्त्व र संरक्षणसम्बन्धी प्रबन्ध लेखन गर्न। |
| विषयवस्तु : | आफ्नो तथा छिमेकी वडामा रहेका धार्मिक, सांस्कृतिक सम्पदा एवं प्रचलित स्थलहरुको परिचय, महत्त्व र संरक्षण। |
| विषयवस्तुको विस्तृतीकरण : | क) आफ्नो बसोबास रहेको वडा र छिमेकी वडामा रहेका मठमन्दिर, धार्मिक स्थल आदि।<br>ख) स्थानीय धार्मिक स्थानमा लाग्ने मेला, जात्रा, पर्व तथा उत्सव आदि।<br>ग) स्थानीय प्रख्यात प्राकृतिक स्थल। |
| सम्भाव्य शिक्षण सिकाइ | क) आफ्नो बसोबास रहेको वडा र छिमेकी वडामा रहेका मठ-मन्दिर आदिको नामावली सङ्कलन तथा छलफल गर्ने क्रियाकलाप। |

| | |
|---|---|
| क्रियाकलाप : | ख) स्थानीय मठ-मन्दिर आदिमा विभिन्न अवसरमा लाग्ने मेला, जात्रा वा अन्य अवसरमा गरिने क्रियाकलापको वर्णन गर्ने क्रियाकलाप।<br>ग) छबिसपाथिभेरा गाउँपालिकाअन्तर्गत रहेका प्रख्यात प्राकृतिक स्थल (पाथिभेरा हिमाल, थली जिउला , बान्नीचौर .......) को पहिचान गर्ने क्रियाकलाप।<br>घ) क्षेत्रभ्रमण : स्थानीय प्रख्यात धार्मिक तथा पर्यटकीय स्थानको भ्रमण गरी सोको बारेमा जानकारी प्राप्त गरी प्रतिवेदन तयार तथा प्रस्तुत गर्ने गराउने।<br>ङ) शिक्षकले सिकाइ तथा प्रतिवेदन तयारी वा प्रबन्ध लेखन कार्यमा सहजीकरण गर्ने। |
| शिक्षण सामग्री : | क) स्थानीय समुदायमा रहेका मठ-मन्दिर आदिका फोटो।<br>ख) स्थानीय मठ-मन्दिर आदिमा विभिन्न अवसरमा लाग्ने मेला जात्रा वा अन्य अवसरमा गरिने क्रियाकलाप झल्किने चित्र पोष्टर।<br>ग) छबिसपाथिभेरा गाउँपालिकाअन्तर्गत रहेका प्रख्यात प्राकृतिक स्थल समेटिएका चित्र, पोष्टर तथा डकुमेन्ट्री फिल्म। |
| मूल्याङ्कन प्रक्रिया : | क) पाठसँग सम्बन्धित छोटो उत्तर आउने प्रश्नावली, खाली ठाँउ वा जोडा मिलाउने क्रियाकलापको आधारमा मूल्याङ्कन गर्ने।<br>ख) क्षेत्रभ्रमण प्रतिवेदन तयारी तथा प्रस्तुतिको आधारमा।<br>ग) धार्मिक तथा सांस्कृतिक सम्पदा एवं प्रचलित स्थलहरुको परिचय, महत्त्व र संरक्षणसम्बन्धी प्रबन्ध लेखन तथा प्रस्तुतीकरण। |

## ७. विषय क्षेत्र : हाम्रो नैतिक मूल्य मान्यता र सकारात्मक व्यवहार :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | क) नैतिकताको परिचय दिन सक्ने।<br>ख) मूल्य मान्यताको आधार भन्न सक्ने।<br>ग) सकारात्मक व्यवहारको परिचय दिन सक्ने। |
| विषयवस्तु : | आफू बसोबास गरेको ठाउँको परम्परा र मूल्य मान्यताका आधारहरु। |
| विषयवस्तुको विस्तृतीकरण | क) आफू बसोबास गरेको ठाउँमा चलनचल्तीमा रहेका परम्परा र रीतिरिवाजलाई झल्काउने खालका नाटक, कथा, वृत्तचित्र।<br>ख) मान्यजनप्रतिको आदर भाव, पारिवारिक स्थिति आदि। |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | क) तपाई बसोबास गरेको ठाउँमा के-कस्ता धार्मिक, सामाजिक रीतिरिवाज, चालचलनहरु मनाउने गर्छन् भनी सोध्ने र भन्न लगाउने।<br>ख) परिवारका मान्यजनहरुप्रतिको आदर भाव झल्काउने गरी विद्यार्थीहरुबीच अभिनय गर्न लगाउने। |
| शिक्षण सामग्री : | शिष्टाचार व्यवहार प्रदर्शन गर्ने खालका चित्र र भिडियोहरु। |
| मूल्याङ्कन प्रक्रिया : | क) तपाई कुन ठाउँमा बसोबास गर्नुहुन्छ ?<br>ख) सकारात्मक व्यवहार भनेको के हो ?<br>ग) सकारात्मक र नकारात्मक व्यवहारमा के फरक छ ? |

## ८. विषय क्षेत्र : योग तथा आयुर्वेद :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | क) यौगिक जोगिङ्ग र सूक्ष्म व्यायामको अभ्यास गर्न।<br>ख) सूक्ष्म व्यायामका फाइदाहरु भन्न।<br>ग) तुलसी, पुदिना, लसुन र दालचिनीको पहिचान गर्न। |
| विषयवस्तु : | व्यायाम, आसन, प्राणायाम र स्थानीय जडिबुटी । |
| विषयवस्तुको | क) यौगिक जोगिङ्ग र शरीरका सूक्ष्म व्यायामहरु। |

| | |
|---|---|
| विस्तृतीकरण | ख) सूक्ष्म व्यायामका फाइदाहरु ।<br>ग) स्थानीय जडिबुटी : तुलसी, पुदिना, लसुन र दालचिनी । |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | क) यौगिक जोगीङको अभ्यास गर्न लगाउने ।<br>ख) सूक्ष्म व्यायामको क्रमबद्ध रुपमा अभ्यास गर्न लगाउने ।<br>ग) विद्यार्थीहरुलाई सूक्ष्म व्यायामका फाइदाहरु चार्टमार्फत प्रस्तुत गरेर देखाउने ।<br>घ) घर वरिपरि भएका बिरुवाहरुको बारेमा छलफल गर्ने ।<br>ङ) तुलसी, पुदिना, लसुन र दालचिनीको स्पेसिमेन वा चित्रमार्फत पहिचान गर्न लगाउने । |
| शिक्षण सामग्री : | क) चित्र पत्ती ख) स्पेसिमेन<br>ग) चित्रपत्ती वा स्पेसिमेन लेखेको चार्ट घ) चित्रपत्ती वा स्पेसिमेन |
| मूल्याङ्कन प्रक्रिया : | क) यौगिक जोगिङ्ग क्रमबद्ध रुपमा गर्नुहोस् ।<br>ख) सूक्ष्म व्यायाम क्रमबद्ध रुपमा गर्नुहोस् ।<br>ग) सूक्ष्म व्यायामका फाइदाहरु भन्नुहोस् ।<br>घ) दिइएका जडीबुटीमध्ये पुदिना र लसुनको पहिचान गर्नुहोस् । |

## ९. विषय क्षेत्र : स्वास्थ्य तथा शारीरिक शिक्षा :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | १. स्वस्थकर र पत्रु खाना (जङ्कफुड) बिचको अन्तर थाहा पाउने ।<br>२. जङ्कफुडको विकल्प पहिचान र प्रयोग गर्न ।<br>३. सुताइको उपयुक्त तरिका अवलम्बन गर्न ।<br>४. बसाइका विभिन्न आसनहरु पहिचान र प्रयोग गर्न ।<br>५. कक्षाकोठाको फोहोर पहिचान गर्न सरसफाई गरी फोहर व्यवस्थापन गर्न ।<br>६. शरीरलाई स्वस्थ र फुर्तिलो बनाउने बानीको विकास गर्न । |
| विषयवस्तु : | १. स्वस्थकर र पत्रु खाना ।<br>२. सुत्ने र बस्ने तरिका तथा यसको अभ्यास ।<br>३. कक्षाकोठाको सरसफाइ ।<br>४. शारीरिक कसरतका लागि प्रचलित स्थानीय अभ्यास । |
| विषयवस्तुको विस्तृतीकरण | १. स्वस्थकर र पत्रु खानाका उदाहरणको तालिका ।<br>२. पत्रु खानाका विशेषता ।<br>३. जङ्कफुड स्वस्थकर नहुनुका कारणको सूची ।<br>४. जङ्कफुडको विकल्पमा घरायसी सामग्रीको प्रयोगवाट बनेको सस्तो र स्वस्थकर खानाको सूची ।<br>५. सुत्ने तरिकाबारे घोप्टो, खुम्चिएर, कोल्टो, उत्तानो परी .........आदि ।<br>६. असल सुताई र बसाइका फाइदा ।<br>७. कक्षाकोठाको फोहोर पहिचान गरी व्यवस्थापन ।<br>८. कक्षागत आचार संहिता निर्माण र प्रयोग ।<br>९. शारीरिक क्रियाकलापहरुलाई नियमित गर्ने बानीको विकास |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | १. स्वस्थकर र जङ्कफुडमा विद्यार्थीले प्रयोग गरिरहेका खानाका नामहरु भन्न लगाई टिप्ने ।<br>२. स्वस्थकर खाना र पत्रु खानाको उदाहरणसहितको तालिका प्रदर्शन गरी छलफल गर्ने ।<br>३. जङ्कफुड बन्ने तरिकाका बारेमा छलफल गर्ने ।<br>४. जङ्कफुडको विकल्पमा बनाउन सकिने परिकारका नामहरु सूचीको माध्यमबाट प्रष्ट पार्ने । |

| | |
|---|---|
| | ५. जङ्कफुड र स्वस्थकर खानाको प्रयोगले शरीरमा हुने हानी र फाइदाको बारेमा चार्टद्वारा प्रष्ट पार्ने ।<br>६. सुताइका तरिकाहरु जस्तै : घोप्टो परेर, उत्तानो, खुम्चिएर, कोल्टो पारी आदि तरिकाहरु नमुना देखाइ अभ्यास गराउने,<br>७. बसाइका आसनहरुलाई प्रत्यक्ष प्रदर्शन गरी अभ्यास गर्न लगाउने ।<br>८. असल सुताइ र बसाइका फाइदाहरुबारे चार्टद्वारा छलफल गराउने ।<br>९. कक्षाकोठामा भएका पेन्सिलका छिल्का, कागज, धुलो, खानेकुराका अवशेषलाई पहिचान गरी डष्टबिनमा राख्न लगाउने ।<br>१०. कक्षाकोठामा आलोपालो निर्धारण गरी कक्षालाई सफासुग्घर र सुन्दर बनाउने । आचार संहिता बनाई पालना गर्ने गराउने ।<br>११. दैनिक रुपमा गर्ने गरेका शारीरिक क्रियाकलापहरु पहिचान गर्ने ।<br>१२. बसेर पल्टेर, उभिएर, हिँडेर गर्न सकिने क्रियाकलापहरु निर्धारण गरी अभ्यास गर्न लगाउने । जस्तै : बसेर – प्राणायाम, पल्टेर – हातखुट्टाका, उभिएर – कवाज, हिँडेर – हिडाई, दौडाई । जस्तै : हाँसको हिडाइ, भ्यागुताको उफ्राई, आदि खेलका माध्यमबाट गराउने । |
| शिक्षण सामग्री : | सूची, तालिका, चार्ट । |
| मूल्याङ्कन प्रक्रिया : | १. हामीले प्रयोग गरिरहेका जङ्कफुडको सूची बनाऊ ।<br>२. जङ्कफुडको प्रयोगबाट हाम्रो शरीरमा भैरहेका कुनै २ ओटा बेफाइदा लेख ।<br>३. धेरै बेरसम्म एकै आसनमा बसिरहदा के हुन्छ ?<br>४. असल बसाइका २ ओटा फाइदा लेख ।<br>५. कक्षाकोठालाई सफा राख्न सकिने २ ओटा उपाय लेख ।<br>६. अभ्यास/अवलोकन । |

## १०. विषय क्षेत्र : विपद् तथा जोखिम व्यवस्थापन :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | १. विपद् व्यवस्थापनको परिचय दिन ।<br>२. जोखिम न्यूनीकरणबाट विपद् व्यवस्थापन गर्ने उपायहरू भन्न । |
| विषयवस्तु : | १. विपद् व्यवस्थापनको परिचय । २. जोखिम न्यूनीकरणबाट विपद् व्यवस्थापन गर्ने उपायहरू । |
| विषयवस्तुको विस्तृतीकरण | १. विपद् व्यवस्थापनको परिचय ।<br>२. जोखिम न्यूनीकरणबाट विपद् व्यवस्थापन गर्ने उपायहरू । |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | १. विपद् र विपद्जन्य घटनाहरूका चित्र देखाई विपद् व्यवस्थापनका बारेमा छलफल गर्ने ।<br>२. जोखिम न्यूनीकरणबाट विपद् व्यवस्थापन गर्ने उपायहरूका बारेमा छलफल तथा चित्र र भिडियो प्रस्तुत गरेर उपायका बारेमा छलफल गर्ने । |
| शिक्षण सामग्री : | विपद् र विपद्जन्य घटनाहरूका चित्रहरु तथा भिडियोहरु । |
| मूल्याङ्कन प्रक्रिया : | १. विपद् व्यवस्थापन भनेको के हो ?<br>२. विपद् व्यवस्थापनका उपायहरू के-के हुन् ? |

# कक्षा : ५

## १. विषय क्षेत्र : हाम्रो गाउँपालिका

| | |
|---|---|
| सिकाइ उपलब्धि : | १. गाउँपालिकाभित्र बसोबास गर्ने प्रमुख जातिहरु तथा भाषाको संक्षिप्त जानकारी दिन ।<br>२. गाउँपालिकाभित्र रहेका प्रमुख धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थल, सार्वजनिक स्थल तथा ठाउँको जानकारी दिन । |
| विषयवस्तु : | १. गाउँपालिकाको मुख्य विशेषता तथा स्रोत परिचालन र वातावरणीय प्रभाव ।<br>२. महत्त्वपूर्ण धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थल, सार्वजनिक स्थल तथा उद्यान । |
| विषयवस्तुको विस्तृतीकरण | १. गाउँपालिकाभित्र बसोबास गर्ने प्रमुख जाति (बाहुन, क्षेत्री,दमाई, कामी, सार्की आदि) तथा बोलिने प्रमुख स्थानीय भाषा ( नेपाली, बझाङ्गी, आदि) ।<br>२. प्रमुख धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थल । |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | १. छबिसपाथिभेरा गाउँपालिकाको प्रोफाइलमा उल्लेख गरिएअनुसारका प्रमुख जातजाति तथा स्थानीय भाषाको बारेमा जानकारी गराउन गरिने क्रियाकलाप ।<br>२. स्थानीय समुदायमा रहेका जातजाति तथा घरायसी कामकाजमा प्रयोग गरिने भाषाको बारेमा विद्यार्थीको पूर्वज्ञानलाई प्रस्फुटन गर्ने किसिमका क्रियाकलाप ।<br>३. विद्यार्थीको बसोबास/विद्यालय रहेको क्षेत्र वरपर रहेका प्रमुख धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलबारे विद्यार्थीको पूर्वज्ञान तथा जिज्ञासा प्रस्फुटन गर्ने क्रियाकलाप गर्ने ।<br>४. पाठ्यसामग्रीका आधारमा प्रमुख जातजाति तथा धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलका सम्बन्धमा विद्यार्थीले थप जानकारी लिने तथा दिने जिज्ञासा बढाउने क्रियाकलाप गराउने । |
| शिक्षण सामग्री : | १. पहिरन तथा वेशभूषामा सजिएका चित्रका आधारमा जातिगत पहिचान झल्किने चित्र ।<br>२. जातजाति तथा भाषागत प्रोफाइल ।<br>३. छबिसपाथिभेरा गाउँपालिकाभित्रका प्रमुख धार्मिक, ऐतिहासिक, पर्यटकीय स्थलको नामावली भएको चार्ट । |
| मूल्याङ्कन प्रक्रिया : | १. स्थानीय समुदायमा रहेका जातजाति तथा प्रचलनमा रहेका भाषा सङ्कलन गर्ने परियोजना कार्य दिन सकिनेछ ।<br>२. क्षेत्रभ्रमण गराई प्रतिवेदन प्रस्तुत गर्न लगाउने ।<br>३. पराम्परागत भेषभुषामा घरायसी भाषा मौलिकता झल्किने गरी नाटक प्रस्तुति ।<br>४. प्रश्नावलीको आधारमा मूल्याङ्कन गर्न सकिने । |

## २. विषय क्षेत्र : हाम्रो भाषा, साहित्य, संस्कृति तथा परम्परा :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | क) स्थानीय परम्परागत बाजा र नृत्यको परिचय, उपयोगिता तथा संरक्षण ।<br>ख) स्थानीय समुदायमा घरायसी कामकाजमा प्रयोग गरिने भाषाको नाम भन्न र प्रयोग गर्न ।<br>ग) स्थानीय कथा-बात, उखान टुक्का संकलन गरी प्रस्तुत गर्न ।<br>घ) बाजा बजाउने तथा नृत्यको अभ्यास गर्न । |
| विषयवस्तु : | स्थानीय कला, बाजा, भाषा तथा साहित्यको परिचय, महत्त्व र संरक्षण । |
| विषयवस्तुको विस्तृतीकरण | क) स्थानीय बाजा र नृत्यको परिचय, अभ्यास, उपयोगिता तथा संरक्षण ।<br>ख) स्थानीय समुदायमा घरायसी कामकाजमा प्रयोग गरिने भाषा ।<br>ग) स्थानीय कथा-बात र उखानटुक्का । |
| सम्भाव्य शिक्षण सिकाइ | क) स्थानीय बाजा, देउडा ..........नृत्यका बारेमा विद्यार्थीको पूर्वज्ञान ।<br>ख) स्थानीय बाजाको प्रयोग गरिने उत्सव तथा अवसरका विषयमा छलफल । |

| | |
|---|---|
| क्रियाकलाप : | ग) स्थानीय बाजा बजाउने तथा देउडा खेलको अभ्यास, विशेषता, महत्त्व ।<br>घ) स्थानीय समुदायमा घरायसी कामकाजका लागि प्रयोग गरिने भाषाको नामावली सङ्कलन तथा छलफल ।<br>ङ) स्थानीय कथा-बात र उखान-टुक्काको परिचय, सङ्कलन प्रस्तुति तथा प्रयोग ।<br>च) परियोजना कार्य : स्थानीय बाजा तथा देउडा खेलका Cutout संकलन गरी कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>छ) स्थानीय बाजाका चित्र कोर्ने क्रियाकलाप । |
| शिक्षण सामग्री : | क) स्थानीय परम्परागत रुपमा प्रचलनमा रहेका बाजाको चित्र ।<br>ख) देउडा खेलको चित्र वा अडियो भिडियो ।<br>ग) स्थानीय कथा-बात तथा उखानटुक्काको संकलन संग्रह । |
| मूल्याङ्कन प्रक्रिया : | क) स्थानीय बाजा र देउडा खेलको परिचय सोध्ने ।<br>ख) स्थानीय बाजा र देउडा खेलको उपयोगिता तथा संरक्षणको महत्त्व सोध्ने ।<br>ग) स्थानीयकथा-बात तथा उखान-टुक्काको अर्थ तथा प्रयोगसम्बन्धी अभ्यास गराउने ।<br>घ) परियोजना कार्य तथा बाजा तथा देउडा खेलसम्बन्धी अभ्यास वा अभिनयका आधारमा मूल्याङ्कन गर्ने ।<br>ङ) पाठसँग सम्बन्धित चित्रका आधारमा मूल्याङ्कन गर्ने । |

## ३. विषय क्षेत्र : हाम्रो वातावरण :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | १. विद्यार्थीहरुलाई प्राकृतिक स्रोत र सम्पदामा परेको नकारात्मक प्रभावको बारेमा जानकारी गराई ती प्रभावहरु न्यूनीकरणका उपायबारे जानकारी गराउने ।<br>२. वातावरणीय प्रदूषण व्यवस्थापन तथा वातावरण संरक्षणबारे जानकार गराई वातावरण संरक्षणमा लाग्न अभिप्रेरित गर्ने । |
| | विद्यार्थीहरुलाई विद्यालय वरिपरिको वातावरण र विद्यालय परिसरमा हरियाली प्रवर्धनबारे जानकारी दिई हरियाली प्रबर्धनमा लाग्न प्रेरित गर्ने । |
| विषयवस्तु : | प्राकृतिक स्रोत र सम्पदामा परेको नकारात्मक प्रभावको न्यूनीकरण, प्रदूषण व्यवस्थापन तथा वातावरण संरक्षण । |
| | विद्यालय परिसरमा हरियाली प्रवर्द्धन । |
| विषयवस्तुको विस्तृतीकरण | प्राकृतिक स्रोत र सम्पदामा परेको नकारात्मक प्रभावको बारेमा जानकारी |
| | विद्यार्थीहरुलाई विद्यालय परिसरमा हरियाली प्रवर्द्धन गर्ने तरिकाबारे जानकारी । |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | १. मानिसहरुले गर्ने विभिन्न क्रियाकलापका कारण प्राकृतिक स्रोत र सम्पदामा परेको नकारात्मक प्रभावको बारेमा विद्यार्थीहरुलाई विभिन्न विधिहरुको प्रयोगबाट जानकारी गराउने ।<br>२. ती प्रभावहरु न्यूनीकरणका उपायहरुको बारेमा छलफल गर्ने ।<br>३. वातावरणीय प्रदूषण व्यवस्थापन तथा वातावरण संरक्षणबारे हालसम्म भइ आएका प्रयासहरुको बारेमा चित्र, पोष्टर आदिको सहायताबाट विद्यार्थीहरुलाई जानकारी गराउने ।<br>४. विभिन्न क्षेत्रहरुका वातावरण संरक्षणसँग सम्बन्धित क्रियाकलाप तथा योजनाहरुको अवलोकन भ्रमण गराउने । |
| | १. विद्यालयको हाताभित्र हरियाली प्रवर्द्धन गर्न सिकाउन वृक्षारोपण, बगैंचा निर्माणका साथसाथै संरक्षण र नियमित हेरचाहको बारेमा जानकारी गराउने । |

| | |
|---|---|
| | २. नियमित मलजलको व्यवस्था र सुरक्षासम्बन्धी जानकारी गराउने ।<br>३. समूहगत कार्य विभाजन गरी जिम्मेवारी दिने र सोका आधारमा मूल्याङ्कन गर्ने । |
| शिक्षण सामग्री : | चित्र, क्षेत्रभ्रमण, शब्दपत्ती, चित्रपत्ती, परियोजना कार्य, अवलोकन भ्रमण, जानकारीमूलक पोस्टर र ब्रोसर आदि । |
| | चित्र, क्षेत्रभ्रमण, शब्दपत्ती, चित्रपत्ती, परियोजना कार्य, अवलोकन भ्रमण, जानकारीमूलक पोस्टर र ब्रोसर आदि । |
| मूल्याङ्कन प्रक्रिया : | १. प्राकृतिक स्रोत र सम्पदाहरुमा पर्ने नकारात्मक प्रभावहरुको सूची बनाऊ ।<br>२. वातावरणीय प्रभावलाई न्यूनीकरण गर्ने उपायहरु लेख ।<br>३. प्रदूषण व्यवस्थापन भनेको के हो ?<br>४. वातावरण संरक्षणका उपायहरुको सूची बनाऊ ? |
| | १. विद्यालय हाताभित्र हरियाली प्रवर्द्धन गर्न के के कुराहरुमा ध्यान दिनुपर्छ ?<br>२. प्रयोगात्मक क्रियाकलाप गराएर मूल्याङ्कन गर्ने । |

## ४. विषय क्षेत्र : हाम्रो विगत र विशिष्ट व्यक्तित्त्व :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | १. गाउँपालिकाको राजनैतिक र भौगोलिक इतिहास ।<br>२. प्रमुख जातजातिको बसोबास गरेको क्षेत्रको इतिहास । |
| विषयवस्तु : | १. गाउँपालिकाको ऐतिहासिक र भौगोलिक इतिहासको सामान्य जानकारी ।<br>२. गाउँपालिकाभित्र बसोबास गरिरहेका प्रमुख जातजातिको इतिहाससँग परिचित हुनु । |
| विषयवस्तुको विस्तृतीकरण | १. पालिभित्रको ऐतिहासिक र भौगोलिक स्थलहरु जस्तै : ब्याँसी कोट दरबार, बान्नीचौर, जयपृथ्वीनगरको स्थापना र नामकरण ।<br>२. पालिकाको भौगोलिक अवस्था र प्रमुख स्थानहरुसँग परिचित हुनु ।<br>३. क्षेत्री,ब्राह्मण र अन्य स्थानबाट बसाइ सरी आएका जातजातिबारे जानकारी दिन । |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | १. नक्सा प्रदर्शन र छलफल एवं ऐतिहासिक विषयवस्तुकेन्द्रित पाठ्यवस्तु शिक्षण ।<br>२. नक्सामा प्रमुख स्थलहरुको पहिचान, वर्णन र अवलोकन भ्रमण ।<br>३. बसोबास गर्ने जातजातिहरुसँग इतिहासबारे प्रश्नोत्तर, भ्रमण आदिबाट तीनपुस्ते इतिहास सङ्कलन । |
| शिक्षण सामग्री : | नक्सा प्रदर्शन, छलफल, अवलोकन भ्रमण, प्रश्नोत्तर र तीनपुस्ते विवरण । |
| मूल्याङ्कन प्रक्रिया : | १. दिएका स्थानहरु देखिने गरी छबिसपाथिभेरा गाउँपालिकाको नक्सा कोर्नुहोस् ।<br>२. तपाईंको समुदायमा बसोबास गर्ने जातजातिहरुको नामको सूची तयार गर्नुहोस् । |

## ५. विषय क्षेत्र : स्थानीय पेशा, व्यवसाय र प्रविधि :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | व्यावसायिक कृषिको परिचय र कृषि व्यवसायका प्रकारबारे जानकारी । |
| विषयवस्तु : | व्यावसायिक कृषि : १. अन्नबाली २. फलफूल ३. तरकारी । |
| विषयवस्तुको विस्तृतीकरण | व्यावसायिक कृषिको परिचय र प्रकार तथा फाइदाहरु । |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | १.मानिसहरुले गर्ने व्यावसायिक कृषिका बारेमा छलफल गरी विभिन्न प्रकारहरुका बारेमा बताइदिने ।<br>२. क्षेत्रभ्रमण, शब्दपत्ती, चित्रपत्ती, अवलोकन,प्रश्नोत्तर, छलफल, परियोजना कार्य गर्न लगाई धारणा प्रष्ट पार्ने । |

| | |
|---|---|
| | ३. व्यावसायिक कृषि सञ्चालन भएको ठाउँमा लगी विद्यार्थीहरुलाई अवलोकन गराउने र व्यावसायिक कृषिका प्रकार र फाइदाहरुबारे छलफल गर्ने।<br>४. स्थानीय व्यावसायिक कृषिमा संलग्न मानिससँग भेट गराई प्रकार र तरिकाबारे देखाउन लगाउने र छलफल गराउने।<br>५. अन्नबाली, तरकारी खेती र फलफूल खेतीको महत्त्व र आवश्यकताबारे छलफल गराउने। |
| शिक्षण सामग्री : | १. चित्र प्रदर्शन, लघुक्षेत्र भ्रमण, शब्दपत्ती, चित्रपत्ती र परियोजना कार्य।<br>२. आधुनिक व्यावसायिक कृषिसंग सम्बन्धित चित्र, फोटो र तिनीहरुको प्रयोग तथा बनाउने तरिकाबारे जानकारीमूलक पोस्टर र ब्रोसर आदि। |
| मूल्याङ्कन प्रक्रिया : | १. व्यावसायिक कृषि भनेको के हो ?<br>२. व्यावसायिक कृषिका प्रकारहरु, तरिकाहरु र फाइदाहरुको सूची बनाउन लगाउने। |

## ६. विषय क्षेत्र : स्थानीय धार्मिक तथा पर्यटन क्षेत्र :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | क) छबिसपाथिभेरा गाउँपालिका क्षेत्रभित्र रहेका प्रमुख धार्मिक तथा साँस्कृतिक स्थलको नाम तथा महत्त्व बताउन।<br>ख) छबिसपाथिभेरा गाउँपालिका क्षेत्रभित्र रहेका प्रमुख ऐतिहासिक तथा पर्यटकीय क्षेत्रको नाम, परिचय तथा महत्त्व बताउन एवं संरक्षण, संवर्धन र प्रवर्द्धन गर्न।<br>ग) धार्मिक, साँस्कृतिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरुको परिचय र महत्त्व विषयमा प्रबन्ध लेखन। |
| विषयवस्तु : | गाउँपालिका क्षेत्रभित्र पर्ने मुख्य धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरुको परिचय र महत्त्व। |
| विषयवस्तुको विस्तृतीकरण | क) दुर्गादेवी मन्दिर थली, मष्टा मन्दिर, सुर्मा मन्दिर , ........ माटेसाङ्गु आदि पर्यटकीय क्षेत्रको महत्त्व।<br>ख) धार्मिक, साँस्कृतिक, ऐतिहासिक तथा पर्यटकीय स्थलको संरक्षण। |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | क) पालिका क्षेत्रभित्र पर्ने मुख्य धार्मिक, साँस्कृतिक स्थलको परिचय,महत्त्व आदि विषयमा छलफल तथा द्घययपभितक ब्रोसर तथा डकुमेन्ट्री अध्ययन।<br>ख) पालिका क्षेत्रभित्र पर्ने मुख्य ऐतिहासिक तथा पर्यटकीय स्थलहरुको परिचय र महत्त्व।<br>ग) क्षेत्रभ्रमण, प्रतिवेदन तयारी, प्रबन्ध लेखन तथा प्रस्तुतीकरण। |
| शिक्षण सामग्री : | यस क्षेत्रसँग सम्वन्धित द्घययपभितक ब्रोसर, पोष्टर तथा डकुमेन्ट्री। |
| मूल्याङ्कन प्रक्रिया : | क) यस क्षेत्रसँग सम्बन्धित छोटो तथा लामो उत्तर आउने प्रश्न,<br>ख) खाली ठाँउ भर्ने, जोडा मिलाउने तथा ठिक बेठिक छुट्याउने अभ्यास।<br>ग) क्षेत्रभ्रमण, प्रतिवेदन तयारी, प्रबन्ध लेखन तथा प्रस्तुतीकरणको मूल्याङ्कन। |

## ७. विषय क्षेत्र : हाम्रो नैतिक मूल्य मान्यता र सकारात्मक व्यवहार :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | क) आफू बसेको ठाउँमा प्रचलित सामाजिक तथा धार्मिक मूल्य मान्यताको परिचय दिन सक्ने।<br>ख) शिक्षक, परिवारका मान्यजनप्रति आदर भाव झल्काउन सक्ने। |
| विषयवस्तु : | आफू बसोबास गरेको स्थानमा प्रचलनमा रहेका सामाजिक, धार्मिक मान्यताहरुको परिचय। |
| विषयवस्तुको विस्तृतीकरण | आफू बसेको स्थानमा प्रचलित धार्मिक एवं सामाजिक मान्यताप्रति समाजको सकारात्मक र नकारात्मक व्यवहार र सोचबारे छलफल गर्ने। |

| | |
|---|---|
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | क) कक्षामा समूह निर्माण गरी आफू बसेको समाजमा चलेका चालचलनको झलक पालैपालो प्रस्तुत गर्न लगाउने।<br>ख) विद्यार्थीहरुले प्रस्तुत गरेका झलकहरुमा सकारात्मक र नकारात्मक व्यवहार/परम्पराहरुलाई छुट्याउन लगाउने। |
| शिक्षण सामग्री : | आफ्नो समाजको मूल्य मान्यता दर्शाउने पोष्टर, कथा, वृत्तचित्र, नाटक प्रस्तुत गर्ने/गर्न लगाउने। |
| मूल्याङ्कन प्रक्रिया : | क) तपाईले बसोबास गरेको ठाउँका मुख्य-मुख्य धार्मिक, सामाजिक परम्परा के के हुन् ?<br>ख) आफू बसेको ठाउँमा चलनमा रहेका कुनै ३ वटा रुढीवादी प्रथाबारे भन्नुहोस्। |

## ८. विषय क्षेत्र : योग तथा आयुर्वेद :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | क) आसनको पहिचान र अभ्यास गर्न।<br>ख) कागती, गुर्जो, बेल र मेथीको पहिचान गर्न। |
| विषयवस्तु : | क) आसन।     ख) स्थानीय जडिबुटी। |
| विषयवस्तुको विस्तृतीकरण | क) सर्वाङ्ग सुन्दर आसन, हलासन, जानुशिरासन, अर्धचक्रासन, मत्स्यासन, भद्रासन र शवासन।<br>ख) स्थानीय जडिबुटी : कागती, बेल,गुर्जो र मेथी। |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | क) चार्टको मद्दतले आसनहरु पहिचान गर्न लगाउने।<br>ख) आसनको नाम र चित्र भएको तस्बीर प्रदर्शन गर्ने।<br>ग) सबै आसनहरु एक-एक गरी अभ्यास गरेर देखाउने।<br>घ) विद्यार्थीहरुलाई आफूसँङ्गै गर्न लगाउने।<br>ङ) हाम्रो घर,छिमेक तथा वरिपरिको वातावरणमा रहेको जडिबुटीबारे छलफल गर्ने।<br>च) कागती, गुर्जो, बेल र मेथीको चित्र या स्पेसिमेन प्रदर्शन गरी पहिचान गर्न लगाउने। |
| शिक्षण सामग्री : | क) आसनहरु भएको चार्ट।  ख) चित्रपत्ती।  ग) चित्रपत्ती वा स्पेसिमेन। |
| मूल्याङ्कन प्रक्रिया : | क) हलासन र सर्वाङ्ग सुन्दर आसन गरेर देखाउनुहोस्।<br>ख) मत्स्यासन र अर्ध चक्रासन गरेर देखाउनुहोस्।<br>ग) दिइएका जडिबुटीमध्ये कागती, बेल, गुर्जो र मेथीको पहिचान गर्नुहोस्। |

## ९. विषय क्षेत्र : स्वास्थ्य तथा शारीरिक शिक्षा :

| | |
|---|---|
| सिकाइ उपलब्धि: | १. प्राकृतिक र कृत्रिम गुण भएको खाना।<br>२. विद्यालयमा खाजाको व्यवस्थापन।<br>३. दुई जनाको बिचमा खेलिने २ ओटा स्थानीय खेलहरुको नियम र त्यसको अभ्यास। |
| विषयवस्तु : | १. स्थानीय श्रोत साधन पहिचान गरी घरमै तयार गर्न सकिने खाना पहिचान गर्न।<br>२. कृत्रिम जङ्कफुड र गुण भएका खाद्यवस्तुहरुसंग परिचित हुनु।<br>३. प्राकृतिक र कृत्रिम खानाको बिचको फरक थाहा पाउन।<br>४. खाजा समयमा स्वस्थकर बानीको विकास गर्न।<br>५. स्थानीय खेलसंग परिचित भई खेल्न सक्ने। |
| विषयवस्तुको विस्तृतीकरण | १. समुदायमा प्रचलित खाद्यपदार्थहरुको सूची।<br>२. घरमा तयार पार्न सकिने आधुनिक परिकारहरु।<br>३. बजारमा पाइने कृत्रिम खाद्यपदार्थको सूची।<br>४. खानाको रेसिपी। |

| | |
|---|---|
| | ५. खाजा खाने तयारी र खाइसकेपछिका कामहरु घरमै निर्मित खानेकुराको प्रयोग।<br>६. स्थानीय स्तरमा खेलिने खेलहरुको नियम र अभ्यास। |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | १. आफ्नो समुदायमा परम्परागत र आधुनिक खाद्यपदार्थको नाम भन्न लगाउने।<br>२. बजारमा तयारी अवस्थामा पाइने खानेकुरा (खुला र प्याकेट) खाजाको स्तर, गुण, फाइदा र बेफाइदाका बारेमा छलफल गर्ने।<br>३. कक्षामा चार्टको प्रयोग गरी प्राकृतिक र कृत्रिम खानाको बिचको असर बारेमा छलफल।<br>४. हात धुने, पालो पर्खने, लाइनमा लाग्ने, खाइसकेपछि हातमुख धुने, खाने भाँडोको उचित व्यवस्थापन गर्न खाजा तयारीमा सहयोग पुऱ्याउने क्रियाकलापहरु जस्तै : पानी ल्याउने, खाना पकाउन सहयोग गर्ने, बाँड्ने, सरसफाइ फोहर व्यवस्थापन गर्ने आदि।<br>५. तयारी पत्रु खानाहरुलाई निरुत्साहित गर्दै घरमै नियमित खाजा खाने बानीको विकास गराउने।<br>६. विद्यार्थीलाई आफ्नो समुदायमा खेलिने स्थानीय खेलहरु भन्न लगाउने र ती खेलहरु कसरी खेलिन्छन् भन्ने बारेमा पालैपालो भन्न लगाउने।<br>७. खेलहरुको संगसगै नियम र खेल्ने तरिका बताई अभ्यास गराउने जस्तै : गोट्टा, एकखुट्टे खेल। |
| शिक्षण सामग्री : | चार्ट, तालिका सूची। |
| मूल्याङ्कन प्रक्रिया : | १. बजारका तयारी खाजाको कारणले हाम्रो शरीरमा हुने कुनै २ ओटा बेफाइदा लेख।<br>२. प्राकृतिक र कृत्रिम खानाका बिचको २ ओटा फरक लेख।<br>३. विद्यार्थीको सरसफाइको अवलोकन र खाना खाने व्यवहारको अवलोकन।<br>४. अभ्यास र अवलोकन। |

## १०. विषय क्षेत्र : विपद् तथा जोखिम व्यवस्थापन :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | १. विपद्जन्य घटनाका प्रकारहरू भन्न। २. आगलागी र यसबाट बच्ने उपाय बताउन।<br>३. सडक दुर्घटना र यसबाट बच्ने उपाय बताउन। |
| विषयवस्तु : | विपद्जन्य घटनाका प्रकारमध्ये आगलागी तथा सडक दुर्घटनाको जानकारी र त्यसबाट बच्ने उपाय। |
| विषयवस्तुको विस्तृतीकरण | विपद्जन्य घटनाका प्रकारमध्ये आगलागी तथा सडक दुर्घटनाको जानकारी र त्यसबाट बच्ने उपाय। |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | १. विपद्जन्य घटनाका बारेमा छलफल गरी तिनका प्रकारका बारेमा जानकारी गराउने।<br>२. आगलागी भएको भिडियो प्रदर्शन गर्दै यसबाट उत्पन्न हानी र बच्ने उपायका बारेमा छलफल गर्ने। |
| शिक्षण सामग्री : | पोष्टर तथा वृत्तचित्र |
| मूल्याङ्कन प्रक्रिया : | १. विपद्जन्य घटनाका प्रकारहरू भन्नुहोस्।<br>२. आगलागी कसरी हुन्छ ?<br>३. आगलागीबाट बच्ने उपाय के के हुन् ?<br>४. सडक दुर्घटनाबाट बच्ने उपायहरू के के हुन् ? |

# कक्षा : ६

## १. विषय क्षेत्र : हाम्रो गाउँपालिका

| | |
|---|---|
| सिकाइ उपलब्धि : | क) स्थानीय व्यवस्थापिका, कार्यपालिका तथा न्यायपालिकाको गठन प्रक्रियाका बारेका जानकारी दिन ।<br>ख) स्थानीय पालिकाको प्रमुख काम, कर्तव्य तथा अधिकारका सम्बन्धमा जानकारी दिन । |
| विषयवस्तु : | व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको गठन प्रक्रिया र काम, कर्तव्य तथा अधिकारको संक्षिप्त परिचय |
| विषयवस्तुको विस्तृतीकरण | क) गाउँपालिकाको संगठनात्मक ढाँचा,<br>ख) स्थानीय व्यवस्थापिका, कार्यपालिका तथा न्यायपालिकाको गठन काम, कर्तव्य र अधिकार ।<br>ग) गाउँपालिका अध्यक्ष,उपाध्यक्ष, वडाध्यक्ष, सदस्य तथा कार्यपालिका सदस्य, गाउँ सभा, गाउँ कार्यपालिका र न्यायपालिका । |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | पूर्वज्ञान तथा विषय प्रवेशः<br>क) आफ्नो बसोवास रहेका वडाध्यक्ष, सदस्यको नाम भन्ने क्रियाकलाप ।<br>ख) गाउँपालिका अध्यक्ष तथा उपाध्यक्षको नाम भन्ने क्रियाकलाप ।<br>ग) स्थानीय तहको निर्वाचन प्रक्रिया ।<br>घ) गाउँ सभा,गाउँ कार्यपालिका र न्यायपालिकाको गठन ।<br>ङ) गाउँ सभा, कार्यपालिका तथा न्यायपालिकाको काम, कर्तव्य र अधिकार ।<br>च) अभिनय : निर्वाचन, गाउँ सभा सञ्चालन आदि ।<br>छ) स्थानीय पालिकाको भ्रमण, पदाधिकारीहरुसँग छलफल र संगठनात्मक ढाँचा संकलन गरी प्रतिवेदन तयारी र प्रस्तुति । |
| शिक्षण सामग्री : | क) स्थानीय पालिकाको ब्रोसर ।<br>ख) गाउँपालिका अध्यक्ष,उपाध्यक्ष वडाध्यक्ष, सदस्य तथा कार्यपालिका सदस्यको नामावली ।<br>ग) निर्वाचनसम्बन्धी पोष्टर ।<br>घ) गाउँ सभा, गाउँ कार्यपालिका तथा न्यायपालिकासम्बन्धी तस्बीर । |
| मूल्याङ्कन प्रक्रिया : | क) स्थानीय तहको निर्वाचन प्रक्रिया बताउनुहोस् ?<br>ख) गाउँपालिका अध्यक्ष,उपाध्यक्ष, उपप्रमुख, वडाध्यक्ष र सदस्यको नाम बताउनुहोस् ।<br>ग) तपाईको स्थानीय पालिकाको व्यवस्थापिका तथा कार्यपालिकामा कति जना सदस्य रहेका छन् ?<br>घ) स्थानीय व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको प्रमुख काम बताउनुहोस् ?<br>ङ) शिक्षकको निर्देशन बमोजिम स्थानीय पालिकाको भ्रमण गरी शिक्षकले दिएबमोजिमका काम सम्पन्न गरी कक्षामा प्रतिवेदन प्रस्तुत गर्ने ।<br>च) प्रश्नोत्तर । |

## २. विषय क्षेत्र : हाम्रो भाषा, साहित्य, संस्कृति तथा परम्परा :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | क) छबिसपाथिभेरा गाउँपालिकाभित्र लाग्ने मेला तथा जात्राको नाम तथा स्थल बताउन ।<br>ख) स्थानीय समुदायमा लाग्ने मेलाको अवलोकन गरी त्यहाँ भएगरेका गतिविधि वर्णन गर्न ।<br>ग) बिर्सती, चैतली तथा सुर्मदिवी मेलाको अवलोकन भ्रमण गरी त्यहाँ हुने गरेका धार्मिक क्रियाकलापको विवरण सङ्कलन गरी कक्षामा प्रस्तुत गर्न ।<br>घ) सामान्य लौकिक विषयवस्तुसम्बन्धी कलाको प्रयोग, संरक्षण संवर्द्धन । |

| | |
|---|---|
| | ङ) स्थानीय लोकसाहित्यको संकलन तथा लेखन जस्तैः लोकगीत, लोककथा ।<br>च) माङ्गल तथा देउडाको वाचन गर्न । |
| विषयवस्तु : | क) मेला तथा जात्रा लाग्ने मन्दिर : ......................................... मन्दिर ।<br>ख) लोकनाटक र स्थानीय सिर्जना । |
| विषयवस्तुको विस्तृतीकरण | क) दुर्गादिवी मन्दिर ख) मष्ठा मन्दिर ग) सुर्मादिवी मन्दिर आदि ।<br>ग) स्थानीय लोकसाहित्यको संकलन तथा सिर्जना जस्तैः लोकगीत, लोककथा । |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | क) शिक्षकले छबिसपाथिभेरा गाउँपालिकाअन्तर्गत रहेका विभिन्न मेला लाग्ने मन्दिरको चित्र वा पोष्टर देखाई विभिन्न मन्दिरमा लाग्ने मेला जात्राका विषयमा प्रारम्भिक छलफल गराउने । शिक्षकले छलफल सहजीकरण गर्ने ।<br>ख) यस क्षेत्रमा उल्लेखित मन्दिरमा मेला लाग्ने समय, पूजा आराधना विधि, मन्दिर तथा उक्त पर्वको धार्मिक तथा साँस्कृतिक महत्त्वका सम्बन्धमा छलफल गर्ने गराउने ।<br>ग) क्षेत्र भ्रमणः यसमा उल्लेखित मन्दिरका अतिरिक्त अन्य स्थानीय मन्दिरको भ्रमण गर्न लगाई त्यहाँ भएका विभिन्न गतिविधिको टिपोट गरी प्रतिवेदन तयार गराई कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>क) माङ्गल तथा देउडा गीत समेटिएको रचना तथा उक्त गतिविधि भइरहेको चित्रको अध्ययन तथा माङ्गल तथा देउडा गीत आदि लय हालेर बाचन गर्न लगाउने ।<br>ख) सामान्य स्थानीय लौकिक कलाका विषयवस्तु, लोकगीत, लोककथा समेटिएको विषयवस्तुको प्रस्तुति ।<br>ग) यस प्रकारका लेख तथा रचनाको संकलन तथा सिर्जना गराउन शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्ने ।<br>घ) विद्यार्थीले संकलन वा सिर्जना गरेका लोकगीत, लोककथा प्रस्तुति तथा सुधार गराउने । |
| शिक्षण सामग्री : | क) दुर्गादिवी मन्दिर, मष्ठा मन्दिर,सुर्मादिवी मन्दिर आदिका चित्र वा पोष्टर (सम्भव भए डकुमेन्ट्री फिल्म) |
| मूल्याङ्कन प्रक्रिया : | क) पाठ्यसामग्रीमा आधारित प्रश्नोत्तर ।<br>ख) स्थानीय मेला जात्राको अवलोकन भ्रमण गरी गतिविधि टिपोट, दैनिकी लेखन एवं प्रस्तुतीकरण । |

## ३. विषय क्षेत्र : हाम्रो वातावरण :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | विद्यार्थीहरु पालिकाको जैविक विविधतासँग परिचित हुने । |
| | विद्यार्थीहरु विद्यालय वरिपरिको वातावरण र विद्यालय परिसरमा तथा आफ्नो घरमा फोहर व्यवस्थापनसम्बन्धी सचेत गराइ फोहर व्यवस्थापन गर्न प्रेरित हुने । |
| विषयवस्तु : | पालिकाको जैविक विविधता । |
| | फोहर व्यवस्थापन (विद्यालय परिसर, घर तथा समुदाय) । |
| विषयवस्तुको विस्तृतीकरण : | पालिकाको जैविक विविधताबारे छलफल र जानकारी । |
| | विद्यार्थीहरुलाई विद्यालय परिसरमा हरियाली प्रवर्धन गर्ने तरिकाबारे जानकारी । |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | १.पालिकाको स्थापना, क्षेत्रफल र यसको स्थापना गरिनुको उद्देश्य बारेमा जानकारी गराउने ।<br>२. पालिकाको जैविक विविधताका बारेमा छलफल गर्ने । यसभित्र पाइने बोटबिरुवा,रुख ,घाँसपात, जलजमीन तथा पशुपंक्षीको बारेमा चित्र,पोष्टर तथा वृतचित्रको सहायताले प्रष्ट पार्ने । पालिकाभित्रको जैविक र वातावरणीय पक्षको अन्तरसम्बन्ध र महत्त्वको बारेमा बताउने । बाघ, भालु, मृग लगायतका जीव-जनावरहरु र विभिन्न किसिमका चराहरु र |

| | |
|---|---|
| | सर्प,छेपारो  लगायतका किरा तथा साना जीवजन्तुहरुको एक-अर्कासँगको निर्भरताको बारेमा प्रष्ट पार्ने । |
| | १. विद्यालयको हाताभित्र हरियाली प्रबर्द्धन गर्न सिकाउन वृक्षारोपण बगैंचा निर्माणका साथसाथै संरक्षण र नियमित हेरचाहको बारेमा जानकारी गराउने ।<br>२. नियमित मलजलको व्यवस्था र सुरक्षासम्बन्धी जानकारी गराउने ।<br>३. समूहगत कार्य विभाजन गरी जिम्मेवारी दिने र सोका आधारमा मूल्याङ्कन गर्ने । |
| शिक्षण सामग्री : | चित्र, वृतचित्र, क्षेत्रभ्रमण, शब्दपत्ती, चित्रपत्ती<br>परियोजना कार्य, अवलोकन भ्रमण, जानकारीमूलक पोस्टर, ब्रोसर आदि । |
| | चित्र, वृतचित्र, क्षेत्रभ्रमण, शब्दपत्ती, चित्रपत्ती<br>परियोजना कार्य, अवलोकन भ्रमण, जानकारीमूलक पोस्टर, ब्रोसर आदि । |
| मूल्याङ्कन प्रक्रिया : | १. जैविक विविधता भनेको के हो ?  २.छबिसपाथिभेरा गाउँपालिकाको जैविक विविधताबारे लेख ?<br>३. जैविक विविधताको वातावरणमा के महत्त्व छ ? |
| | विद्यालय हाताभित्र हरियाली प्रबर्द्धन गर्न के-के कुराहरुमा ध्यान दिनुपर्दछ ?<br>प्रयोगात्मक क्रियाकलाप गराएर मूल्याङ्कन गर्ने । |

## ४. विषय क्षेत्र : हाम्रो विगत र विशिष्ट व्यक्तित्त्व :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | पालिकाभित्र बस्ती विस्तार र बजारीकरणको संक्षिप्त इतिहास । |
| विषयवस्तु : | पालिकाभित्रका प्रमुख क्षेत्र पहिचान गर्न र बस्तीहरु (गाउँ) को नाम बताउन । |
| विषयवस्तुको विस्तृतीकरण | बिसौनाबजार,ब्याँसी र जयपृथ्वीनगर बजार स्थापनाको ऐतिहासिक पृष्ठभूमि र हालको अवस्था । |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | १. पालिकाभित्रका थाहा भएका प्रमुख बजार क्षेत्रहरुको नाम भन्न लगाउने ।<br>२. आफू नजिकैको बजार र बस्तीको परिचय दिने ।<br>३. बस्तीगत रुपमा रहेका स्थानहरुको अवलोकन भ्रमण गर्न लगाउने र बसोबास जातजातिको पहिचान गर्न लगाउने । |
| शिक्षण सामग्री : | १. भाँडेबजारको पुरानो नाम के थियो ?<br>२. यस पालिकाका प्रमुख बजारहरु को को हुन् ?<br>३. तपाईंको बस्तीमा बसोबास गर्ने जातजातिको सूची बनाउनुहोस् । |
| मूल्याङ्कन प्रक्रिया : | प्रश्नावली, अवलोकन र परियोजना कार्य । |

## ५. विषय क्षेत्र : स्थानीय पेशा, व्यवसाय र प्रविधि :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | व्यावसायिक कृषिको परिचय र कृषि व्यवसायका प्रकारबारे जानकारी । |
| विषयवस्तु : | व्यावसायिक कृषि :  १. पशुपन्छी पालन,  २. माछापालन । |
| विषयवस्तुको विस्तृतीकरण | व्यावसायिक कृषि अन्तर्गत पशुपालन र माछापालनको परिचय र प्रकार तथा फाइदाहरु । |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | १. चित्र प्रर्दशन, मानिसहरुले गर्ने पशुपालन र माछापालनको बारेमा छलफल गरी उदाहरण बताइदिने ।<br>२. आफ्नो घरमा पशुपालन अन्तर्गत हुने क्रियापलाप भन्न लगाउने । |

| | |
|---|---|
| | ३. क्षेत्रभ्रमण, शब्दपत्ती, चित्रपत्ती, अवलोकन, प्रश्नोत्तर, छलफल, परियोजना कार्य गर्न लगाई धारणा प्रष्ट पार्ने ।<br>४. व्यावसायिक रुपमा पशुपालन र माछापालन सञ्चालन भएको ठाउँमा लगी विद्यार्थीहरुलाई अवलोकन गराउने र यसका फाइदाहरुबारे छलफल गर्ने र पालन गर्ने तरिकाबारे छलफल गर्ने ।<br>५. स्थानीय स्तरमा पशुपालन र माछापालनमा संलग्न मानिससँग भेट गराई यसका तरिकाबारे देखाउन लगाउने र छलफल गराउने ।<br>६. पशुपालन र माछापालनका फाइदाहरु बताउने । |
| शिक्षण सामग्री : | १. चित्र, लघु क्षेत्रभ्रमण, शब्दपत्ती, चित्रपत्ती र परियोजना कार्य ।<br>२. पशुपालन र माछापालनसंग सम्बन्धित चित्र, फोटो र तिनीहरुको प्रयोग तथा पालन गर्ने तरिकाबारे जानकारीमूलक पोस्टर, ब्रोसर आदि । |
| मूल्याङ्कन प्रक्रिया : | १. पशुपालन भनेको के हो ?<br>२. माछापालन भनेको के हो ?<br>३. यसका प्रकारहरु, तरिकाहरु र फाइदाहरुको सूची बनाउन लगाउने । |

## ६. विषय क्षेत्र : स्थानीय धार्मिक तथा पर्यटन क्षेत्र :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | क) पाथिभेरा हिमालको परिचय तथा महत्त्व बताउन ।<br>ख) बासुधारा मन्दिरको अवस्थिति बताउन ।<br>ग) बान्नीमष्ठा मन्दिरको परिचय लेख्न |
| विषयवस्तु : | पर्यटन प्रवर्धन |
| विषयवस्तुको विस्तृतीकरण | क) पाथिभेरा हिमाल ख) बासुधारा मन्दिर ।<br>ग) बान्नीमष्ठा मन्दिर |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | क) पाथिभेरा हिमालको परिचय तथा महत्त्वबारे कक्षामा छलफल गराउने ।<br>ख) बासुधारा मन्दिरको अवस्थितिबारेमा छलफल गराउने ।<br>ग) बान्नीमष्ठा मन्दिरको चित्रसहितको प्रस्तुती गर्ने । |
| शिक्षण सामग्री : | क) पाथिभेरा हिमालको फोटो ।<br>ख) बासुधारा मन्दिरको फोटो ।<br>ग) बान्नीमष्ठा मन्दिरसँग सम्बन्धित ब्रोसर, डकुमेन्ट्री आदि । |
| मूल्याङ्कन प्रक्रिया : | क) माथि उल्लेखित क्षेत्रसँग सम्बन्धित छोटो तथा लामो उत्तर आउने प्रश्न,<br>ख) खाली ठाउँ भर्ने , जोडा मिलाउने तथा ठिक-बेठिक छुट्याउने अभ्यास ।<br>ख) क्षेत्रभ्रमण, प्रतिवेदन तयारी, प्रबन्ध लेखन तथा प्रस्तुतीकरणको मूल्याङ्कन । |

## ७. विषय क्षेत्र : हाम्रो नैतिक मूल्य मान्यता र सकारात्मक व्यवहार :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | क) सामाजिक मूल्य र मान्यताका आधारमा समस्याको पहिचान गर्न सक्ने ।<br>ख) समस्या न्यूनीकरणको सूचीतयार गर्न र भन्न ।<br>ग) नकारात्मक प्रवृत्तिका पक्षहरु भन्न सक्ने ।<br>घ) कुलतको परिचय दिन सक्ने |

| | |
|---|---|
| विषयवस्तु : | क) छबिसपाथिभेरा गाउँपालिकाभित्र देखिएका सामाजिक समस्याहरुको पहिचान र परिचय ।<br>ख) उक्त समस्या न्यूनीकरण गर्ने उपायहरु । |
| विषयवस्तुको विस्तृतीकरण | क) आफू बसेको स्थानमा सामाजिक समस्याका कारण उत्पन्न भएका विकृति र विसंगतिको विस्तृत छलफल गर्ने ।<br>ख) सकारात्मक पक्षहरुको सूची तयार गर्ने ।<br>ग) समाजका अनुकरणीय व्यक्तित्वहरुको उदाहरण प्रस्तुत गर्ने । |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | क) विद्यार्थीहरुको समूह निर्माण गरी प्रत्येक समूहमा सामाजिक समस्याबारे छलफल गर्न लाउने ।<br>ख) कुलतबाट देखिएका समस्याहरुको न्यूनीकरणका उपायहरुबारे छलफल गर्न लगाउने र टिपोट गराउने ।<br>ग) कुरीति र रुढीवादी परम्पराबारे व्याख्या गर्ने । |
| शिक्षण सामग्री : | विभिन्न कुरीति, कुसंस्कार एवं कुलतमा फसेका व्यक्ति, समाजको फोटोहरु प्रस्तुत गर्ने । |
| मूल्याङ्कन प्रक्रिया : | क) आफू बसेको वरपर देखिएका सामाजिक समस्याहरु के के हुन् ?<br>ख) सामाजिक समस्या न्यूनीकरणका उपायहरुको सूची तयार गर्न लगाउने । |

## ८. विषय क्षेत्र : योग तथा आयुर्वेद :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | क) सूर्य नमस्कारका चरणहरु क्रमबद्ध रुपमा नामसहित भन्न र अभ्यास गर्न ।<br>ख) आसनहरुको नाम भन्न र गर्न लगाउने ।<br>ग) प्राणायामहरुको नाम भन्न र अभ्यास गर्न ।<br>घ) पञ्चस्थानीय र पञ्चकोषको नाम भन्न र गर्न लगाउने । |
| विषयवस्तु : | सूर्य नमस्कार, प्राणायाम, पञ्चकोष र पञ्चप्राणको परिचय |
| विषयवस्तुको विस्तृतीकरण | क) सूर्य नमस्कार<br>ख) प्राणायाम : भस्त्रिका, भ्रामरी , कपालभाति, अनुलोम विलोम ।<br>ग) पञ्चकोष र पञ्चप्राणको नाम भन्न । |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | क) चार्टको सहायताले सूर्य नमस्कारका चरणहरु पहिचान गर्न लगाउने ।<br>ख) सूर्य नमस्कार अभ्यास गरेको नामसहितको चित्र प्रदर्शन गर्ने ।<br>ग) शिक्षकले सबै चरणहरु एक-एक गरी अभ्यास गर्ने र विद्यार्थीहरुलाई पनि गर्न लगाउने ।<br>घ) भस्त्रिका, भ्रामरी, कपालभाति, अनुलोम विलोम प्राणायाम गरेर देखाउने र गर्न लगाउने ।<br>ङ) पञ्चकोष र पञ्चप्राण झल्काउने चित्र प्रदर्शन गर्ने । |
| शिक्षण सामग्री : | क) चित्रपत्ती र चार्टहरु । |
| मूल्याङ्कन प्रक्रिया : | क) सूर्य नमस्कारका सबै चरणहरुको नाम भन्नुहोस् ।<br>ख) सूर्य नमस्कारका सबै चरणहरुको अभ्यास गरेर देखाउनुहोस् ।<br>ग) कपालभाति र अनुलोम विलोम अभ्यास गरेर देखाउनुहोस् ।<br>घ) पञ्चकोष र पञ्चप्राणको नाम भन्नुहोस् । |

## ९. विषय क्षेत्र : स्वास्थ्य तथा शारीरिक शिक्षा :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | पानी पिउने सही मात्रा र तरिका ।<br>भोजनमा रेखा,ब्रोका र चोकरको महत्त्व । |

| | |
|---|---|
| | सामुहिक खेलिने २ ओटा स्थानीय खेलहरुको नियम र त्यसको अभ्यास |
| विषयवस्तु : | १. शरीरलाई आवश्यक पर्ने पानीको मात्रा पहिचान गरी प्रयोग गर्ने ।<br>२. सन्तुलित भोजन र पौष्टिक स्थानीयको बारेमा जान्न ।<br>३. शरीरलाई स्वस्थ र तन्दुरुस्त तथा फुर्तिलो राख्न कसरत गर्न र खेल खेल्न । |
| विषयवस्तुको विस्तृतीकरण | १. शरीरमा पानीको महत्त्व र पानीको मात्राले शरीरमा पार्ने असर ।<br>२. पानी पिउने उपयुक्त मात्रा र समय तथा शरीरमा पानी पूर्तिका वैकल्पिक तरिका ।<br>३. विभिन्न खाद्यवस्तु र तिनमा पौष्टिक स्थानीयको जानकारी । रसायुक्त खाना बोक्रा र चोकरको महत्त्व ।<br>४. स्थानीय खेलहरुको नियम र अभ्यास । |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | १. मानिसको शरीरमा पानीको महत्त्ववारे चार्टद्वारा स्पस्ट पार्ने ।<br>२. शरीरमा पानीको कमी भएमा हुने असरको बारेमा छलफल गर्न ।<br>३. Rehydration र Dehydration को बारेमा छलफल गर्ने ।<br>४. शरीरमा पानीको मात्रा कम भएमा पूर्ति गरिने वैकल्पिक विधि जस्तै : जीवन जल ग्लुकोज पानी, स्लाइन पानी र झोल खाद्यवस्तुहरु ...आदिबारे जानकारी दिने ।<br>५. सन्तुलित भोजनका लागि खाद्यपदार्थका रुपमा प्रयोग गरिने बिरुवाका भागहरु जस्तै : जरा, काण्ड, पात, फल, फूलका बारेमा छलफल गर्न ।<br>६. हाम्रो शरीरका लागि आवश्यक रेसायुक्त खाना बोक्रा र चोकरको महत्त्व तालिकाद्वारा प्रस्टयाउने ।<br>७. शारीरिक, मानसिक, सामाजिक तथा संवेगात्मक विकासका लागि स्थानीय रुपमा प्रचलित खेल छनौट गरी परिचय दिने नमुना खेल प्रदर्शन गर्ने र अभ्यास गराउने, जस्तै : वाघचाल,ज्यादू आदि । |
| शिक्षण सामग्री : | चार्ट, सूची, तालिका, बल, ढुङ्गा, बाघचाल, चार्ट । |
| मूल्याङ्कन प्रक्रिया : | १. प्रश्नोत्तर र व्यवहारको अवलोकन ।<br>२. खेल प्रदर्शन र अवलोकन । |

## १०. विषय क्षेत्र : विपद् तथा जोखिम व्यवस्थापन :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | १. प्राकृतिक तथा मानवीय कारणबाट आउने प्रकोप र विपद् बताउन ।<br>२. प्राकृतिक तथा मानवीय कारणबाट आउने प्रकोप र विपद् न्यूनीकरणका उपाय भन्न । |
| विषयवस्तु : | प्राकृतिक तथा मानवीय कारणबाट आउने प्रकोप र विपद् तथा तिनको न्यूनीकरण । |
| विषयवस्तुको विस्तृतीकरण | प्राकृतिक तथा मानवीय कारणबाट आउने प्रकोप र विपद् तथा तिनको न्यूनीकरण । |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | १. प्राकृतिक तथा मानवीय कारणबाट उत्पन्न भएका विपद्का घटनाहरूका चित्र र भिडियो प्रस्तुत गरी छलफल गर्ने ।<br>२. प्रकोप तथा विपद्को न्यूनीकरणका उपायका बारेमा छलफल गर्ने । |
| शिक्षण सामग्री : | प्राकृतिक तथा मानवीय कारणबाट उत्पन्न भएका विपद्का घटनाहरूका चित्र र भिडियोहरु |
| मूल्याङ्कन प्रक्रिया : | १. प्राकृतिक तथा मानवीय कारणबाट आउने प्रकोप र विपद्का नाम भन्नुहोस् ।<br>२. प्राकृतिक तथा मानवीय कारणबाट आउने प्रकोप र विपद् न्यूनीकरणका उपाय भन्नुहोस् । |

## कक्षा : ७

### १. विषय क्षेत्र : हाम्रो गाउँपालिका

| | |
|---|---|
| सिकाइ उपलब्धि : | क) टोल विकास संस्थाको परिचयसहित महत्त्व बताउन ।<br>ख) वडा समितिको संगठनात्मक ढाँचा र प्रदान गर्ने सेवा बताउन । |
| विषयवस्तु : | टोल विकास संस्था र वडा समितिको संगठनात्मक ढाँचा र प्रदान गर्ने सेवा । |
| विषयवस्तुको विस्तृतीकरण | क) टोल विकास संस्थाको गठन, महत्त्व तथा काम, कर्तव्य र अधिकार ।<br>ख) वडा समितिको संगठन र प्रदान गर्ने सेवा ।<br>ग) नमूना टोल विकास संस्था तथा वडा समितिको गठन तथा बैठक । |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | क) आफ्नो बसोबास रहेको टोलका अध्यक्ष वा अन्य पदाधिकारीसँग भेटी टोल विकास संस्थाको गठन, पदाधिकारीको नाम, पद तथा काम र कर्तव्यको सम्बन्धमा जानकारी प्राप्त गरी प्रतिवेदन तयार र प्रस्तुत गर्न लगाउने ।<br>ख) आफ्नो विद्यालय रहेको वडा समितिको कार्यालय भ्रमण गरी वडा समितिका पदाधिकारीसँग प्रदान गर्ने सेवाका सम्बन्धमा छलफल गरी प्रतिवेदन तयार र प्रस्तुत गर्न लगाउने ।<br>ग) सम्बन्धित वडासचिवलाई भेटी वडाको संगठनात्मक ढाँचा, पदाधिकारीको नाम तथा पद आदि विषयमा प्रतिवेदन तयार गरी प्रस्तुत गर्न लगाउने ।<br>घ) शिक्षकले स्थलगत भ्रमण गर्नुपूर्व विद्यार्थीलाई प्रतिवेदनको तयारी, प्राप्त गरिने जानकारी, शिष्टाचार, सम्भावित प्रश्नावली लगायतका विषयमा राम्ररी अभ्यास गराउने ।<br>ङ) कक्षाकोठामा नमुना टोल विकास संस्था तथा वडा समितिको गठनका लागि निर्वाचन गराउने । बैठक बसी टोल तथा वडाका समस्याका बारेमा छलफल गराउने । |
| शिक्षण सामग्री : | टोल विकास संस्था र वडा समितिको संगठनात्मक ढाँचा समेटिएको चार्ट। |
| मूल्याङ्कन प्रक्रिया : | क) स्थलगत भ्रमण प्रतिवेदन प्रस्तुति ख) प्रश्नोत्तर |

### २. विषय क्षेत्र : हाम्रो भाषा, साहित्य, संस्कृति तथा परम्परा :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | क) गाउँपालिकाका स्थानीय परम्परा, पहिरन तथा भेषभूषाका सम्बन्धमा जानकारी प्राप्त गर्न, जानकारी दिन तथा संरक्षण एवं प्रवर्धनमा सहयोग गर्न ।<br>ख) स्थानीय परम्परागत खाद्य परिकार जस्तैः माणा,बटुक ... जस्ता परिकार बनाउने विधिको ज्ञान, सीपको विकासका साथै प्रचार-प्रसार तथा संरक्षणमा योगदान दिन ।<br>ग) जातिगत वा क्षेत्रगत पहिरन, रहनसहन, परम्परागत खाद्य परिकार तथा संस्कृति एवं परम्पराको परिचय, महत्त्व र संरक्षण विषयमा निबन्ध लेखन गर्न । |
| | क) गजल, मुक्तक, हाइकु तथा छन्दबद्ध तथा मुक्त कविताको लयबोध गर्न ।<br>ख) पद्य लेखन तथा प्रस्तुतीकरण गर्न ।<br>ग) स्थानीय परम्परागत साहित्य कला विषयमा अनुसन्धात्मक प्रबन्ध लेखन गर्न । |
| विषयवस्तु : | स्थानीय जातिगत वा क्षेत्रगत पहिरन, रहनसहन, परम्परागत खाद्य परिकार तथा संस्कृति एवं परम्पराको परिचय, महत्त्व र संरक्षण । |
| | क) प्रचलित पद्यका विविध विधा परिचय, प्रयोग तथा सिर्जना ।<br>ख) सिर्जनात्मक लेखन । |
| विषयवस्तुको विस्तृतीकरण | क) पालिकाभित्रका जातजातिको परम्परा, पहिरन तथा भेषभूषा ।<br>ख) पालिका क्षेत्रभित्र बसोबास गर्ने विभिन्न समुदायको परम्परागत पहिरन, परम्परा तथा भेषभूषा... ।<br>ग) स्थानीय परम्परागत खाद्य परिकार जस्तैः बटुक, माणा ... । |
| | क) गजल, मुक्तक, हाइकु तथा छन्दबद्ध तथा मुक्त कविता ।<br>ख) स्थानीय साहित्य कलाजस्ता विषयवस्तुको खोज, अनुसन्धान तथा प्रयोग सम्बन्धमा प्रबन्ध लेखन । |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | क) पालिकाभित्रका जातजातिको परम्परा, पहिरन तथा भेषभूषाका सम्बन्धमा जानकारी प्राप्त गर्न, जानकारी दिन तथा संरक्षण एवं प्रवर्धन विषयमा कक्षाकोठामा छलफल गराउने ।<br>ख) स्थानीय परम्परागत खाद्य परिकार जस्तैः बटुक, माणा ... जस्ता परिकार बनाउने विधिको ज्ञान, सीपको विकासका साथै प्रचार-प्रसार तथा संरक्षण जस्ता विषयमा कक्षाकोठामा छलफल गराउने ।<br>ग) जातिगत वा क्षेत्रगत पहिरन, रहनसहन, परम्परागत खाद्य परिकार तथा संस्कृति एवं परम्पराको परिचय, महत्त्व र संरक्षण विषयमा निबन्ध अभ्यास तथा प्रस्तुति ।<br>घ) प्रयोगात्मक कार्य : स्थानीय खाद्य परिकार मेला आयोजना गर्ने गराउने । विद्यार्थीहरुलाई स्थानीय परिकार बनाउन लगाई बिक्री गरी आयआर्जन गर्न लगाउने । |
| | क) पाठ्यसामग्रीमा दिइए अनुसार हाइकु, मुक्तक, गजल तथा छन्द कविता लयको अभ्यास ।<br>ख) स्थानीय समुदायमा गाइने प्रचलित परम्परागत गीत (देउडा तथा अन्य समुदायले गाउने) भजन-कीर्तन, जागरण तथा किंवदन्ती आदि समेटिएको अनुसन्धानात्मक लेख ।<br>ग) प्रबन्ध लेखन अभ्यास तथा प्रस्तुतीकरण । |
| शिक्षण सामग्री : | क) पहिरन तथा भेषभूषा एवं खाद्य परिकार झल्किने पोष्टर वा अन्य अध्ययन सामग्री ।<br>ख) स्थानीय खाद्य परिकारको रेसिपी (Recipe) उल्लेख गरिएको अध्ययन सामग्री । |
| | हाइकु, मुक्तक, गजल तथा छन्द कविता एवं प्रचलित परम्परागत गीत भजन-कीर्तन, जागरण तथा किंवदन्ती समेटिएको सन्दर्भ सामग्री । |
| मूल्याङ्कन प्रक्रिया : | क) यस क्षेत्रसँग सम्बन्धित छोटो तथा लामो उत्तर आउने प्रश्न, खाली ठाउँ भर्ने, जोडा मिलाउने तथा ठिक-बेठिक छुट्याउने अभ्यास । |

| | |
|---|---|
| | ख) निबन्ध लेखन तथा प्रस्तुतीकरण। ग) प्रयोगात्मक कार्यको अवलोकन तथा मूल्याङ्कन। |
| | यस क्षेत्रसंग सम्बन्धित छोटो तथा लामो उत्तर आउने प्रश्न, खाली ठाउँ भर्ने, जोडा मिलाउने तथा ठिक-बेठिक छुट्याउने अभ्यास। |

## ३. विषय क्षेत्र : हाम्रो वातावरण :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | पालिका क्षेत्रको जैविक विविधताको जानकारी , महत्त्व र संरक्षणका बारेमा भन्न र लेख्न। |
| | वडामा खाली रहेको ठाउँमा वृक्षारोपण, संरक्षण र प्रवर्धन गर्ने तरिका जान्न। |
| विषयवस्तु : | पालिकाको जैविक विविधताको जानकारी , महत्त्व र संरक्षण। |
| | वडामा खाली रहेको ठाउँमा वृक्षारोपण, संरक्षण र प्रवर्धन। |
| विषयवस्तुको विस्तृतीकरण : | पालिकाको जैविक विविधताको जानकारी , महत्त्व र संरक्षणका बारेमा भन्न र लेख्न। |
| | वडामा खाली रहेको ठाउँमा वृक्षारोपण, संरक्षण र प्रवर्धन गर्ने तरिका। |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | १.पालिका क्षेत्रमा पाइने विविधताहरु चित्रको वा भिडियोको माध्यमबाट विद्यार्थीहरुलाई देखाउदै जैविक विविधताको बारेमा बताउने।<br>२. मानिसलगायत प्रकृतिका लागि जैविक विविधताको महत्त्वका बारेमा छलफल गरी पालिकाको जैविक विविधता संरक्षण गर्ने उपायहरु बताउने। |
| | १. वडामा खाली रहेको ठाउँमा विद्यार्थीहरुलाई लगेर वृक्षारोपण गर्न प्रेरित गर्ने।<br>२. अन्य वडावासीको साथ र सहयोगमा कार्यक्रम सञ्चालन गर्ने।<br>३. विद्यार्थीहरुलाई परियोजना कार्यमार्फत प्रत्यक्ष रुपमा सहभागी गराई आफ्नो क्षेत्रका खाली ठाउँमा वृक्षारोपण कार्य गर्न लगाउने साथै वृक्षारोपण गर्ने तरिका सिकाउने।<br>४. वृक्षारोपण गरिसकेपछि त्यसको संरक्षण र प्रवर्धन गर्न बार लगाउने, सिंचाइ गर्ने, गोडमेल गर्ने जस्ता कुराहरु विद्यार्थीहरुलाई सिकाउने। |
| शिक्षण सामग्री : | पालिकाको जैविक विविधता झल्कने चित्र, पोष्टर अथवा डकुमेन्ट्री। |
| | वृक्षारोपणका फाइदा झल्कने चित्रहरु। |
| मूल्याङ्कन प्रक्रिया : | १. जैविक विविधता भनेको के हो ?<br>२. पालिकामा पाइने विविधताहरुको सूची बनाउनुहोस्।<br>३. पालिकाको जैविक विविधताका ५ महत्त्वहरु लेख्नुहोस्।<br>४. पालिकामा जैविक विविधता संरक्षणका कुनै ५ उपाय लेख्नुहोस्। |
| | १. वृक्षारोपण भनेको के हो ?<br>२. वृक्षारोपण गर्दा ध्यान दिनुपर्ने कुनै ३ कुराहरु लेख।<br>३. वृक्षारोपण गरिसकेपछि बोट-बिरुवाहरुको संरक्षण गर्ने कुनै ५ तरिका लेख। |

## ४. विषय क्षेत्र : हाम्रो विगत र विशिष्ट व्यक्तित्त्व :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | पालिकाभित्रका महत्त्वपूर्ण संस्था र क्षेत्रहरु भन्न। |
| विषयवस्तु : | पालिकाभित्रका महत्त्वपूर्ण संस्था र क्षेत्रहरुको पहिचान गर्न। |
| विषयवस्तुको विस्तृतीकरण : | पालिकाभित्रका महत्त्वपूर्ण संस्था र क्षेत्रहरु । |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | १. देखे सुनेका महत्त्वपूर्ण संस्था र क्षेत्रहरु पालैपालो भन्न लगाई टिपोट गर्ने र ती क्षेत्रहरु वा संस्थाहरुको स्थापना तथा कार्यका बारेमा छलफल गर्न लगाउने।<br>२. क्षेत्रभ्रमण, अवलोकन गरी प्रतिवेदन तयार गर्न लगाउने। |

| | |
|---|---|
| शिक्षण सामग्री : | चित्र, पत्रिका र पोष्टर। |
| मूल्याङ्कन प्रक्रिया : | १. बान्नीमष्ठा मन्दिरको स्थापना कहिले भएको थियो ? |

## ५. विषय क्षेत्र : स्थानीय पेशा, व्यवसाय र प्रविधि :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | स्थानीय उद्योग व्यापारको परिचय र यसका प्रकार बारे लेख्न। |
| विषयवस्तु : | स्थानीय उद्योग र व्यापार |
| विषयवस्तुको विस्तृतीकरण : | स्थानीय स्तरमा सञ्चालित उद्योग र व्यापारको परिचय। |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | १. चित्र प्रदर्शन, मानिसहरुले गर्ने व्यापार व्यवसाय साना तथा घरेलु उद्योगको बारेमा छलफल गरी उदाहरण बताइदिने।<br>२. आफ्नो गाउँघरमा सञ्चालित उद्योग व्यवसायहरुको बारेमा भन्न लगाउने। जस्तै : कुटाइपिसाइ गर्ने मिलहरु,भाँडाकुडा बनाउने, अचार बनाउने जस्ता साना तथा घरेलु उद्योगहरु आदिको साथै क्षेत्रभ्रमण, शब्दपत्ती, चित्रपत्ती, अवलोकन, प्रश्नोत्तर, छलफल, परियोजना कार्य गर्न लगाई धारणा प्रष्ट पार्ने।<br>३. स्थानीय व्यापार व्यवसाय र उद्योग सञ्चालन भएको ठाउँमा लगी विद्यार्थीहरुलाई अवलोकन गराउने र यसका फाइदाहरुबारे छलफल गर्ने र व्यवसाय गर्ने तरिकाबारे छलफल गर्ने।<br>४. स्थानीय स्तरमा व्यापार व्यवसायमा संलग्न मानिससँग भेट गराई यसका तरिकाबारे देखाउन लगाउने र छलफल गराउने।<br>५. उद्योग व्यापारका फाइदाहरु बताउने। |
| शिक्षण सामग्री : | १. चित्र, लघु क्षेत्रभ्रमण, शब्दपत्ती, चित्रपत्ती र परियोजना कार्य।<br>२. व्यापार व्यवसायसँग सम्बन्धित चित्र तथा फोटो र तिनीहरुको प्रयोग तथा व्यवसाय सञ्चालन गर्ने तरिकाबारे जानकारीमूलक पोस्टर, ब्रोसर आदि। |
| मूल्याङ्कन प्रक्रिया : | १. उद्योग भनेको के हो ?<br>२. व्यापार भनेको के हो ?<br>३. उद्योगका प्रकारहरु, सञ्चालन गर्ने तरिकाहरु र यसका फाइदाहरुको सूची बनाउन लगाउने। |

## ६. विषय क्षेत्र : स्थानीय धार्मिक तथा पर्यटन क्षेत्र :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | क) बान्नीमष्ठा मन्दिर क्षेत्रको धार्मिक तथा साँस्कृतिक महत्त्व।<br>ख) कोट दरबार क्षेत्रको ऐतिहासिकता ।<br>ग) पालिकाभित्रका ऐतिहासिक एवं पुरातात्विक महत्त्वका वस्तुको संरक्षण संवर्धनको ज्ञान तथा सीपको विकास।<br>घ) स्थानीय पर्यटकीय क्षेत्रको पहिचान गरी तत्सम्बन्धी जानकारी प्राप्त गरी प्रचार-प्रसार गर्न। |
| विषयवस्तु : | १. बान्नीमष्ठा मन्दिर क्षेत्र।<br>२. कोट दरबार क्षेत्र तथा अन्य धार्मिक तथा साँस्कृतिक स्थलहरु। |
| विषयवस्तुको विस्तृतीकरण | क) ती क्षेत्रको धार्मिक तथा साँस्कृतिक पक्षको चिनारी तथा महत्त्व। |
| सम्भाव्य शिक्षण | क) ती क्षेत्रको धार्मिक तथा साँस्कृतिक महत्त्वउपर छलफल गराउने। |

| | |
|---|---|
| सिकाइ क्रियाकलाप : | ख) स्थानीय क्षेत्रको अवलोकन भ्रमण। तिनको महत्त्व तथा ऐतिहासिक एवं पुरातात्विक महत्त्वका वस्तुको संरक्षण र संवर्धनको ज्ञान तथा सीपको विकास गराउने सम्बन्धमा छलफल गराउने।<br>ग) यस पाठमा समावेश गरिने स्थानहरुका पँहुचमार्गका सम्बन्धमा जानकारी दिने । |
| शिक्षण सामग्री : | क) ती क्षेत्रसँग सम्बन्धित फोटो, ब्रोसर, पोष्टर तथा डकुमेन्ट्री र अन्य अध्ययन सामग्री। |
| मूल्याङ्कन प्रक्रिया : | क) ती क्षेत्रसँग सम्बन्धित छोटो तथा लामो उत्तर आउने प्रश्न<br>ख) खाली ठाउँ भर्ने, जोडा मिलाउने तथा ठिक-बेठिक छुट्याउने अभ्यास। |

## ७. विषय क्षेत्र : हाम्रो नैतिक मूल्य मान्यता र सकारात्मक व्यवहार :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | (क) सामाजिक समस्याले व्यक्तिमा परेका असरहरुको पहिचान गर्न।<br>(ख) सामाजिक समस्याका कारण घर-परिवारमा देखिएका समस्याहरुको सूची तयार गर्न।<br>(ग) समाज र समुदायमा परेका असरबारे उदाहरणसहित प्रस्तुत गर्न। |
| विषयवस्तु : | (क) प्रेरणादायी व्यक्तिहरुका जीवनी, कथा, नाटक आदि।<br>(ख) सामाजिक समस्याका कारण घर-परिवार, समाज र समुदायमा देखिएका समस्या। |
| विषयवस्तुको विस्तृतीकरण : | (क) आफू बसेको स्थानका आदर्श व्यक्तित्वहरुको जीवनी, कथा, नाटकको माध्यमबाट विस्तृत छलफल गर्ने।<br>(ख) सामाजिक समस्याका कारण समाजमा देखिएका विकृति र विसंगति न्यूनीकरणका उपाय पत्ता लगाउने। |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | (क) आफू बसेको समाजका अग्रज व्यक्तित्वहरुको जीवन सफल हुने कारक स्थानीय पत्ता लगाउन सम्बन्धित व्यक्तित्वहरुसँग विद्यार्थीहरुलाई छलफल गर्न लगाउने।<br>(ख) सामाजिक मूल्य मान्यता, राष्ट्रिय नीति नियम, स्थानीय सरकारको नीति नियम पालना गर्ने गराउनेबारे उदाहरणहरु प्रस्तुत गर्ने। |
| शिक्षण सामग्री : | (क) आादर्श व्यक्तित्वहरुका जीवनी।<br>ख) आादर्श व्यक्तित्वहरुले जीवनमा गरेका असल कार्यहरुको सूची।<br>ग) राष्ट्रिय र स्थानीय ऐन कानुनहरुको नागरिक वडापत्रको सूची। |
| मूल्याङ्कन प्रक्रिया : | (क) सामाजिक समस्याले व्यक्ति र समाजमा के-कस्ता असर पार्दछ ?<br>(ख) सामाजिक समस्या न्यूनीकरणका लागि तपाईको भूमिका के हुन सक्छ? |

## ८. विषय क्षेत्र : योग तथा आयुर्वेद :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | क) आसनको पहिचान र अर्थ भन्न। ख) प्राणायामको अर्थ भन्न र अभ्यास गर्न।<br>ग) आयुर्वेदको परिचय दिन। घ) सप्तधातुको नाम र कार्य भन्न। |
| विषयवस्तु : | क) आसन, प्राणायाम, आयुर्वेद र सप्तधातुको परिचय। |
| विषयवस्तुको विस्तृतीकरण | क) आसन : उत्तानासन, पादासन, अर्धहलासन, कन्धासन, दण्डासन, धनुष्टङ्कारासन।<br>ख) प्राणायाम : उत्गीथ, सित्कारी, उज्जायी, अग्निसार, बाह्य प्राणायाम।<br>ग) आयुर्वेद :<br>घ) सप्तधातु : रस, रक्त, मांस, मेद, अस्थि, मज्जा र शुक्र |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | क) चार्टको सहायताले आसनहरु पहिचान गर्न लगाउने।<br>ख) आसनहरुको नाम भएको चित्र प्रदर्शन गर्ने।<br>ग) शिक्षकले आफूले आसनहरुको अभ्यास गर्ने र बालबालिकालाई पनि गर्न लगाउने।<br>घ) शिक्षकले प्राणायामको अभ्यास गर्ने र विद्यार्थीहरुलाई पनि गर्न लगाउने। |

| | |
|---|---|
| | ङ) चित्रमार्फत विद्यार्थीहरुसँग छलफल गर्ने ।<br>च) हाम्रो शरीरमा सप्तधातुका कार्यहरुसम्बन्धी छलफल गर्ने । |
| शिक्षण सामग्री : | आसन, प्राणायाम, आयुर्वेद र सप्तधातुका चित्रपत्ती र चार्टहरु । |
| मूल्याङ्कन प्रक्रिया : | क) कुनै पाँचवटा आसनहरुका नाम भन्नुहोस् र अभ्यास गरेर देखाउनुहोस् ।<br>ख) कुनै पाँचवटा प्राणायामहरुको नाम भन्नुहोस् र अभ्यास गरेर देखाउनुहोस् ।<br>ग) बाह्य प्राणायाम र अग्निसार प्राणायाम गरेर देखाउनुहोस् ।<br>घ) आयुर्वेदको परिचय दिनुहोस् ।<br>ङ) सप्तधातुहरुको नाम र तिनका एक-एक कार्य भन्नुहोस् । |

## ९. विषय क्षेत्र : स्वास्थ्य तथा शारीरिक शिक्षा :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | १. स्थानीय खाद्य परिकार पहिचान गर्न र आफूले जानेको स्थानीय खाद्य परिकारको रेसिपी बताउन ।<br>२. शरीरलाई स्वस्थ र तन्दुरुस्त तथा फुर्तिलो राख्न कसरत गर्न र खेल खेल्न सक्ने । |
| विषयवस्तु : | १. स्थानीय स्तरमा प्रचलित खानाहरु र तिनमा रहेका खाद्यतत्वहरु ।<br>२. सामुहिक रुपमा खेलिने २ ओटा स्थानीय खेलहरुको नियम र तिनको अभ्यास |
| विषयवस्तुको विस्तृतीकरण | १. स्थानीय समुदायमा प्रचलित खाद्य परिकार तथा तिनमा पाइने तत्त्वहरु ।<br>२. स्थानीय समुदायका खाद्य परिकारको रेसिपी ।<br>३. स्थानीय खेलहरुको नियम र अभ्यास । |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | १. समुदायमा प्रचलित खाद्य परिकारहरुको प्रश्नोत्तर विधिवाट ज्ञान परीक्षण गर्नेः<br>• खाद्य परिकारहरुको सूची बनाउन लगाउने,<br>• तिनमा पाइने खाद्यतत्त्वबारे छलफल गर्ने,<br>• खानामा पाइने खाद्यतत्त्वहरुलाई तालिकाबाट प्रदर्शन गर्ने,<br>• मुख्य-मुख्य खाद्य परिकारको रेसिपी पहिचान गर्न लगाउने,<br>• प्रयोगात्मक अभ्यास गराउने ।<br>२. शारीरिक, मानसिक, सामाजिक तथा संवेगात्मक विकासका लागि स्थानीय रुपमा प्रचलित खेल छनौट गरी परिचय दिने नमुना खेल प्रदर्शन गर्ने र अभ्यास गराउने । जस्तै : कवड्डी र डन्डीबियो आदि । |
| शिक्षण सामग्री : | सूची, तालिका र चार्ट । |
| मूल्याङ्कन प्रक्रिया : | १. स्थानीय खाद्य परिकारको सूची निर्माण गर्ने ।<br>२. दुईवटा स्थानीय खाद्य परिकारहरुको रेसिपी निर्माण गर्ने ।<br>३. प्रयोगात्मक अवलोकन र खेल अवलोकन । |

## १०. विषय क्षेत्र : विपद् तथा जोखिम व्यवस्थापन :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनमा विद्यालय, विद्यार्थी र स्थानीय तहको भूमिका बताउन ।<br>प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनको योजना निर्माण गर्न । |
| विषयवस्तु : | प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनमा विद्यालय, विद्यार्थी र स्थानीय तहको भूमिका<br>प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनको योजना निर्माण |
| विषयवस्तुको विस्तृतीकरण | प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनमा विद्यालय, विद्यार्थी र स्थानीय तहको भूमिका ।<br>प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनमा विद्यालय, विद्यार्थी र स्थानीय तहको भूमिका रहेको अभिनय प्रस्तुति |

| | |
|---|---|
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनमा विद्यालय, विद्यार्थी र स्थानीय तहको भूमिका निर्वाह गर्न लागाउने<br>प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनमा विद्यालय, विद्यार्थी र स्थानीय तहको भूमिका रहेको चित्र, तस्विर देखाएर छलफल गर्ने<br>प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनको योजना निर्माणको बृत्त चित्र प्रस्तुत गर्ने<br>प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनमा विद्यालय, विद्यार्थी र स्थानीय तहको भूमिका रहेको अभिनय प्रस्तुति गराउने<br>प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनको योजना निर्माण गर्न लगाउने |
| शिक्षण सामग्री : | प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनमा विद्यालय, विद्यार्थी र स्थानीय तहले भूमिका निर्वाह गरेका तस्वीर<br>सेतीनदी,पाल्तीगाड तथा अन्य नदीहरुले आसपासको जमिन बगाएको तस्विर<br>प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनको योजना निर्माणको बृत्त चित्र<br>प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनको योजना निर्माण गर्न लगाउने |
| मूल्याङ्कन प्रक्रिया : | प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनमा विद्यालयको के भूमिका रहन्छ ? प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनमा विद्यार्थी र स्थानीय तहको भूमिका के रहन्छ ?<br>प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनको योजना निर्माणको तयारी भन्नुहोस् । |

## कक्षा : ८

### १. विषय क्षेत्र : हाम्रो गाउँपालिका

| | |
|---|---|
| सिकाइ उपलब्धि : | क) गाउँपालिकाको उमेरगत, लैङ्गिक आदि अवस्थालाई तालिका बनाई प्रस्तुत गर्न ।<br>ख) स्थानीय पालिकाका आयका क्षेत्र बताउन ।<br>ग) स्थानीय पालिकामा भइरहेका पूर्वाधार विकासका गतिविधिको अवलोकन गरी तिनको महत्त्व बताउन । |
| विषयवस्तु : | क) जनसंख्याको संरचना । ख) पालिकाका आयका क्षेत्र र विकास निर्माण तथा विविध गतिविधि । |
| विषयवस्तुको विस्तृतीकरण : | क) छबिसपाथिभेरा गाउँपालिकाको जनसांख्यिकिक संरचना ।<br>ख) स्थानीय पालिकाका आयका क्षेत्र ।<br>ग) स्थानीय पालिकामा भइरहेका पूर्वाधार विकास निर्माणका गतिविधि । |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | क) छबिसपाथिभेरा गाउँपालिकाको उमेरगत, लैङ्गिक आधारमा जनसंख्या वितरणको तालिका प्रस्तुत गरी छलफल गराउने ।<br>ख) छबिसपाथिभेरा गाउँपालिकाको आयका क्षेत्र दर्शाउने सन्दर्भ सामग्री वा ब्रोसर वा अन्य विषयवस्तुका आधारमा कक्षामा छलफल गराउने ।<br>ग) स्थानीय विकास निर्माणका गतिविधि समेटिएको चित्रका आधारमा कक्षामा छलफल गराउने । |
| शिक्षण सामग्री : | क) छबिसपाथिभेरा गाउँपालिकाको उमेरगत, लैङ्गिक अवस्था देखाउने चार्ट ।<br>ख) छबिसपाथिभेरा गाउँपालिकाको आयका क्षेत्र दर्शाउने सन्दर्भ सामग्री वा ब्रोसर ।<br>ग) स्थानीय विकास निर्माणका गतिविधि समेटिएको चित्र । |
| मूल्याङ्कन प्रक्रिया : | क्षेत्रसँग सम्बन्धित प्रश्नावली । |

### २. विषय क्षेत्र : हाम्रो भाषा, साहित्य, संस्कृति तथा परम्परा :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | क) बिसु, माघी, दशैं, विर्सती,चैतली आदिको परिचय दिन ।<br>ख) बिसु, माघी, दशैं, विर्सती,चैतली आदिमा गरिने क्रियाकलाप बताउन । |
| | क) विशिष्ट व्यक्तिको अन्तर्वार्ता लिने सीपको विकास गर्न ।<br>ख) साहित्यिक क्षेत्रमा योगदान दिने दक्षतामा वृद्धि गर्न ।<br>ग) विद्यालयमा विविध विधा समेटिएको भित्तेपत्रिका प्रकाशन । |
| विषयवस्तु : | पालिकाभित्र मनाइने मुख्य पर्व : बिसु, माघी, दशैं, विर्सती,चैतली आदिको परिचय । |
| | अन्तर्वार्ता र साहित्यिक पत्रिका |
| विषयवस्तुको विस्तृतीकरण : | स्थानीय मुख्य पर्वहरुः बिसु, माघी, दशैं, विर्सती,चैतली आदिको परिचय, मनाउने विधि एवं धार्मिक तथा साँस्कृतिक महत्त्व । |
| | |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | क) बिसु, माघी, दशैं, विर्सती,चैतलीको परिचय ।<br>ख) परियोजना कार्यः स्थानीय समुदायमा वा आफ्नो घरपरिवारमा मनाउने पर्वमा गरिने क्रियाकलाप तथा सो पर्वको धार्मिक तथा साँस्कृतिक महत्त्व अग्रज व्यक्तित्व तथा जानकारबाट जानकारी लिई तत्सम्बन्धमा लेख रचना तयार गरी कक्षामा प्रस्तुत गर्ने । |
| | क) यस क्षेत्रसँग सम्बन्धित विषयवस्तुमा आधारित अन्तर्वार्ता प्रस्तुति तथा महत्त्वपूर्ण बुँदा टिपोट क्रियाकलाप । |

| | |
|---|---|
| | ख) अन्तर्वार्ता अभ्यास : विद्यार्थीहरुलाई विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अन्तर्वार्ताका लागि प्रश्नावली तयार गरी अन्तर्वार्ता लिने। |
| शिक्षण सामग्री : | बिसु, माघी, दशैं, विर्सती,चैतली सम्बन्धी अध्ययन सामग्री। |
| मूल्याङ्कन प्रक्रिया : | क) यस क्षेत्रसंग सम्बन्धित छोटो तथा लामो उत्तर आउने प्रश्न।<br>ख) खाली ठाउँ भर्ने, जोडा मिलाउने तथा ठिक-बेठिक छुट्याउने अभ्यास। |
| | क) यस क्षेत्रसंग सम्बन्धित छोटो तथा लामो उत्तर आउने प्रश्न।<br>ख) खाली ठाउँ भर्ने, जोडा मिलाउने तथा ठिक-बेठिक छुट्याउने अभ्यास।<br>ग) अन्तर्वार्ता लिने र दिने नमुना अभ्यास अवलोकन।<br>घ) भित्तेपत्रिकाको प्रकाशनमा योगदान। |

## ३. विषय क्षेत्र : हाम्रो वातावरण :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | वातावरण संरक्षणमा काम गर्ने स्थानीय संघ-संस्थाको परिचय तथा इको क्लब, बाल क्लबको माध्यमबाट वातावरण संरक्षण/हरित नगर बनाउन सहयोग। |
| विषयवस्तु : | वातावरण संरक्षणमा कामगर्ने स्थानीय संघ संस्थाको परिचय<br>इको क्लब, बालक्लबको माध्यम वाट वातावरण संरक्षण ÷हरित नगर बनाउन सहयोग |
| विषयवस्तुको विस्तृतीकरण : | छबिसपाथिभेरा गाउँपालिकाभित्र क्रियाशील वातावरण संरक्षणमा सक्रिय संघ-संस्थाहरुको बारेमा जानकारी।<br>विद्यालय, वडा र पालिका क्षेत्रमा इको क्लबको माध्यमबाट गर्नुपर्ने वातावरण संरक्षण सम्बन्धी कामहरुको जानकारी। |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | १. विद्यार्थीहरुलाई छबिसपाथिभेरा गाउँपालिकाभित्र वातावरण संरक्षणको क्षेत्रमा क्रियाशील संस्थाहरुको नाम र ती संस्थाहरुबाट भएगरेका कामहरु तथा वातावरण संरक्षणको क्षेत्रमा योगदानको बारेमा चर्चा गर्ने।<br>२. यस्ता संस्थाहरुका प्रमुख वा प्रतिनिधिसँग भेटघाट गराई विभिन्न योजनाहरुको बारेमा सोधखोज गर्न लगाउने।<br>३. विद्यार्थीहरुलाई वातावरण संरक्षणका लागि विभिन्न संस्थाहरुबाट सञ्चालन गरिने वातावरण संरक्षणका कार्यहरुमा सहभागी गराउने।<br>४. कक्षामा स्थानीय स्तरमा रहेका यस प्रकारका संस्थाहरुको नाम र कामहरुको बारेमा चर्चा गर्ने/गराउने।<br>१. विद्यालयमा इको क्लब र बाल क्लब गठन गर्ने।<br>२. इको क्लब र बाल क्लबको सहयोगमा विद्यालय र वरिपरिको क्षेत्रमा वातावरण संरक्षणसम्बन्धी क्रियाकलापहरु नियमित रुपमा सञ्चालन गर्न योजना निर्माण तथा कार्यान्वयन सम्बन्धमा कक्षामा छलफल गर्ने।<br>३. प्रयोगात्मक कार्यको रुपमा समूह विभाजन गरी प्रतिस्पर्धात्मक रुपमा वातावरण संरक्षणसम्बन्धी कार्यहरु गर्न लगाउने।<br>४. हरित विद्यालय तथा हरित वडा/नगर निर्माणमा लाग्न विद्यार्थीहरुले गर्नुपर्ने कामहरुको बारेमा जानकारी दिई आफ्नो विद्यालय र घर वरिपरिको वातावरण संरक्षणका लागि गर्नुपर्ने कामहरु र विद्यार्थीहरुको भूमिकाको बारेमा जानकारी गराउने।<br>५. विद्यालय वा विद्यालय रहेको वडाको खाली स्थानमा वृक्षारोपण कार्य गर्न र सोको संरक्षण गर्ने कार्यलाई परियोजना कार्यका रुपमा सञ्चालन गर्न सकिनेछ। |
| शिक्षण सामग्री : | छबिसपाथिभेरा गाउँपालिकामा वातावरण संरक्षणको क्षेत्रमा क्रियाशील संस्थाहरुको नामलिष्ट, चित्र |

| | |
|---|---|
| | विद्यालयमा गठन भएको इको क्लब र बाल क्लबको वातावरण संरक्षण सञ्चालन गर्न योजना निर्माण, प्रयोगात्मक कार्यको तालिका, कामहरुको विवरण तालिका तथा क्लबको माध्यमबाट गरिने र गरिएका विभिन्न क्रियाकलापहरुको भिडियो ,पोष्टर/चित्र आदि। |
| मूल्याङ्कन प्रक्रिया : | परियोजना कार्यको अनुगमन तथा मूल्याङ्कन र प्रश्नोत्तर । |

## ४. विषय क्षेत्र : हाम्रो विगत र विशिष्ट व्यक्तित्त्व :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | पालिकाका महत्त्वपूर्ण घटना, व्यक्ति र व्यक्तित्व। |
| विषयवस्तु : | १. पालिकाभित्रका महत्त्वपूर्ण घटनासित परिचित हुन।<br>२. ऐतिहासिक व्यक्तित्वका बारेमा थाहा पाउन।<br>३. वर्तमानमा योगदान गरिरहेका व्यक्तिहरुको बारेमा थाहा पाउन। |
| विषयवस्तुको विस्तृतीकरण | १. जयपृथ्वी बहादुर सिंहको जीवनी तथा योगदान। |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | १. प्रकाशित सामग्रीको अध्ययन गर्न लगाउने, जस्तै : को जयपृथ्वी बहादुर सिंहको इतिहास, योगदानबारे जानकारी सङ्कलन, सोधखोज गर्न लगाउने।<br>२. पालिकाभित्रका ऐतिहासिक व्यक्तित्वहरुको बारेमा प्रश्नावली बनाई सोधखोज गर्न लगाउने।<br>३. निश्चित बुँदाहरुमा आधारित भई महत्त्वपूर्ण व्यक्तिहरुको बारेमा जानकारी सङ्कलन गर्ने। |
| शिक्षण सामग्री : | १. चित्र, पत्रिका, पोष्टर, परियोजना कार्य र पुस्तकालय सामग्री।<br>२. अन्तर्वार्ता र व्यक्तिगत भेटघाट। |
| मूल्याङ्कन प्रक्रिया : | १. जयपृथ्वी बहादुर सिंहले शिक्षामा गर्नु भएको योगदानबारे लेख्नुहोस्। |

## ५. विषय क्षेत्र : स्थानीय पेशा, व्यवसाय र प्रविधि :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | आधुनिक प्रविधिको परिचय ,महत्त्व र आवश्यकता तथा प्रयोग। |
| विषयवस्तु : | आधुनिक प्रविधिहरु। |
| विषयवस्तुको विस्तृतीकरण : | आधुनिक प्रविधिको परिचय, महत्त्व र आवश्यकताबारे जानकारी। |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | १. चित्रप्रर्दशन गरी प्रविधिसंग सम्बन्धित उपकरणहरुको जानकारी गराउने।<br>२. विद्यार्थीहरुले देखेका र प्रयोग गरेका आधुनिक प्रविधिहरुका बारेमा भन्न लगाउने।<br>३. हालको युगमा यसको महत्त्व, आवश्यकता र प्रयोगबारे छलफल गराई फाइदा र बेफाइदाहरुबारे बताउने। |
| शिक्षण सामग्री : | १. चित्र, लघु क्षेत्रभ्रमण, शब्दपत्ती, चित्रपत्ती र परियोजना कार्य।<br>२. प्रविधिसंग सम्बन्धित चित्र, फोटो र तिनीहरुको प्रयोग तथा जानकारीमूलक पोस्टर, ब्रोसर आदि। |
| मूल्याङ्कन प्रक्रिया : | १. प्रविधि भनेको के हो ?<br>२. आधुनिक प्रविधि भनेको के हो ?<br>३. प्रविधिका प्रकारहरु, प्रयोग गर्ने तरिकाहरु र यसका फाइदाहरुको सूची बनाउन लगाउने। |

## ६. विषय क्षेत्र : स्थानीय धार्मिक तथा पर्यटन क्षेत्र :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | स्थानीय ऐतिहासिक तथा धार्मिक पर्यटकीय क्षेत्रको पहिचान गरी तत्सम्बन्धी जानकारी प्राप्त गरी प्रचार-प्रसार गर्न। |
| विषयवस्तु : | पर्यटन प्रवर्धन |
| विषयवस्तुको विस्तृतीकरण : | क) पाथिभेरा हिमाल ख) बासुधारा मन्दिर ।<br>ग) बान्नीमष्ठा मन्दिर |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | क) पाथिभेरा हिमालको परिचय तथा महत्त्वबारे कक्षामा छलफल गराउने।<br>ख) बासुधारा मन्दिरको अवस्थितिबारेमा छलफल गराउने।<br>ग) बान्नीमष्ठा मन्दिरको चित्रसहितको प्रस्तुती गर्ने। |
| शिक्षण सामग्री : | क) पाथिभेरा हिमालको फोटो।<br>ख) बासुधारा मन्दिरको फोटो।<br>ग) बान्नीमष्ठा मन्दिरसँग सम्बन्धित ब्रोसर, डकुमेन्ट्री आदि। |
| मूल्याङ्कन प्रक्रिया : | क) यस क्षेत्रसंग सम्बन्धित छोटो तथा लामो उत्तर आउने प्रश्न।<br>ख) खाली ठाउँ भर्ने , जोडा मिलाउने तथा ठिक-बेठिक छुट्याउने अभ्यास।<br>ग) प्रतिवेदन प्रस्तुतीकरणको स्थिति अवलोकन। |

## ७. विषय क्षेत्र : हाम्रो नैतिक मूल्य मान्यता र सकारात्मक व्यवहार :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | क) सामाजिक समस्याहरुको पहिचान गर्ने।<br>ख) सामाजिक समस्या न्यूनीकरणका उपायहरु पत्ता लगाउने।<br>ग) सामाजिक समस्या न्यूनीकरणमा स्थानीय व्यक्ति र स्थानीय निकायको भूमिकाबारे जानकारी दिने। |
| विषयवस्तु : | क) आफू बसेको समाजको सामाजिक परम्पराको परिचय।<br>ख) उक्त सामाजिक परम्परामा देखिएका समस्याहरु।<br>ग) व्यक्ति र समुदायको नीति नियम पालनाप्रतिको जवाफदेहिता। |
| विषयवस्तुको विस्तृतीकरण | क) आफू बसेको समाजको सामाजिक समस्याबारे समूहगत छलफल गर्ने।<br>ख) छलफलबाट निक्यौंल गरिएका समस्याहरुको न्यूनीकरणका उपायहरु सुझाउने।<br>ग) व्यक्ति, समाज र स्थानीय निकायको जवाफदेहिताबारे उदाहरणसहित प्रस्तुत गर्ने। |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | क) आफू बसेको समाजमा प्रचलित नैतिक मूल्य मान्यताहरुको सकारात्मक र नकारात्मक पक्ष छुट्याउन लगाउने।<br>ख) व्यक्ति र स्थानीय निकायको भूमिकाबारे आवश्यक छलफल गराई प्रश्नोत्तर विधिद्वारा प्रस्तुत गर्ने।<br>ग) सम्बन्धित विषयविज्ञ, अग्रजहरुद्वारा कक्षामा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने। |
| शिक्षण सामग्री : | क) व्यक्ति र समाजसम्बन्धी राष्ट्रिय र स्थानीय नीति नियमहरुको चार्ट।<br>ख) सामाजिक समस्या न्यूनीकरणका उपायसम्बन्धी नाटक, भिडियो प्रस्तुत गर्ने। |
| मूल्याङ्कन प्रक्रिया : | क) आफ्नो छरछिमेकमा देखिएका सामाजिक समस्याको सूची तयार गर।<br>ख) समाजमा देखिएका समस्याहरुको समाधानका उपायहरु भन्न लगाउने। |

## ८. विषय क्षेत्र : योग तथा आयुर्वेद :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | क) आसनको पहिचान भन्न।<br>ख) प्राणायामका फाइदाहरु भन्न, अभ्यास गर्न र सावधानी अपनाउन। |

| | |
|---|---|
| | ग) ध्यान गर्ने विधि भन्न र अभ्यास गर्न ।<br>घ) हाम्रो वरिपरि रहेका जडीबुटीहरुको पहिचान गर्न । |
| विषयवस्तु : | क) आसन ख) प्राणायाम ग) ध्यान । ख) जडिबुटी । |
| विषयवस्तुको विस्तृतीकरण : | क) आसन : बक्रासन, पद्मासन, नटराजासन । ग) ध्यान ।<br>ख) प्राणायाम : सूर्यभेदी र चन्द्रभेदी । घ) जडिबुटीका फाइदाहरु । |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | क) प्रदर्शन विधि र चित्रको सहायताले योगासन विधि प्रस्तुत गर्ने ।<br>ख) प्राणायामको अभ्यास गर्ने र यसको उपयोगिताका साथै सावधानीका बारेमा विद्यार्थीहरुलाई सिकाउने ।<br>ग) ध्यान गर्ने विधि शिक्षकले गरेर देखाउने र गर्न लगाउने ।<br>घ) चित्र चार्टको माध्यमबाट ध्यानको अर्थ स्पष्ट पार्ने ।<br>ङ) शिक्षकले ध्यानको आसनमा बसेर अभ्यास गराउने ।<br>च) विद्यार्थीहरुलाई पनि ध्यान गर्न लगाउने ।<br>छ) घरको वरिपरि रहेका जडीबुटीहरुका फाइदा विद्यार्थीहरुलाई बताउने । |
| शिक्षण सामग्री : | आसन, प्राणायाम, ध्यान र जडिबुटीसम्बन्धी चित्रपत्ती र चार्टहरु । |
| मूल्याङ्कन प्रक्रिया : | क) कुनै तीनवटा आसनहरु गरेर देखाउनुहोस् ।<br>ख) सूर्यभेदी र चन्द्रभेदी प्राणायाम गर्दा अपनाउनुपर्ने कुनै तीनवटा सावधानीहरु के-के हुन् ? लेख्नुहोस् ।<br>ग) ध्यान विधि प्रदर्शन गरेर देखाउनुहोस् ।<br>घ) ध्यानको अर्थ भन्नुहोस् ।<br>ङ) ध्यानको अभ्यास आसनमा बसेर गर्नुहोस् ।<br>च) कुनै पाचँवटा जडिबुटीहरुको १-१ वटा फाइदाहरु लेख्नुहोस् । |

## ९. विषय क्षेत्र : स्वास्थ्य तथा शारीरिक शिक्षा :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | १. स्थानीय स्तरमा प्रचलित खानाहरु पहिचान गर्न।<br>२. सन्तुलित खानाका लागि पारिवारिक भोजन तालिका निर्माण गर्न।<br>३. सामुदायिक पोषण व्यवस्थापनको स्थितिबारे जान्न।<br>४. शरीरलाई स्वस्थ, तन्दुरुस्त तथा फुर्तिलो राख्न कसरत गर्न र खेल खेल्न सक्ने । |
| विषयवस्तु : | १. स्थानीय स्तरमा प्रचलित खानाहरु एवं भोजन तालिका निर्माण तथा पोषण व्यवस्थापन।<br>२. सामूहिक रुपमा खेलिने दुईओटा स्थानीय खेलहरुको नियम र त्यसको अभ्यास। |
| विषयवस्तुको विस्तृतीकरण : | १. स्थानीय स्तरमा प्रचलित खानाहरु पहिचान र तयार गर्ने विधि।<br>२. सन्तुलित खाद्यवस्तु र पारिवारिक सन्तुलित भोजन तालिका।<br>३. सामुदायिक पोषणको अवस्था।<br>४. स्थानीय खेलहरुको नियम र अभ्यास। |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | १. स्थानीय खाद्य परिकारहरुको सूची निर्माण गर्ने र गराउने।<br>– स्थानीय स्तरमा बनाइने खाद्य परिकार जस्तैः माणा, सेल, बटुक....आदिका लागि आवश्यक सामग्री र माणा वनाउने विधिका बारेमा सोधखोज गर्न लगाउने।<br>– प्रयोगात्मक अभ्यास गराउने। |

| | |
|---|---|
| | – लोप हुन लागेका स्थानिय खानाहरुबारे परियोजना कार्य गराउने।<br>– आ–आफ्नो घरायसी खानामा पाइने पौष्टिक तत्त्वहरुको सूची बनाई छलफल गर्ने र सन्तुलित भोजन तालिका निर्माण गर्ने।<br>२. पारिवारिक तथा सामुदायिक स्वास्थ्य अवस्था अवलोकन।<br>३. पोषणको कमीबाट लाग्ने रोगहरु, त्यसबाट उत्पन्न समस्या र समाधान गर्ने उपायका बारेमा छलफल, अन्तर्क्रिया र सल्लाह सुझाव लिने।<br>४. शारीरिक, मानसिक, संवेगात्मक र सामाजिक विकासका लागि स्थानीय रुपमा प्रचलित खेल छनौट गरी परिचय दिने, नमुना खेल प्रदर्शन गर्ने र अभ्यास गराउने। जस्तै : फुटबल। |
| शिक्षण सामग्री : | सूची, चार्ट र तालिका। |
| मूल्याङ्कन प्रक्रिया : | १. परम्परागत तथा आधुनिक स्थानीय खाद्य परिकारहरुको सूची निर्माण।<br>२. स्थानीय परिकारहरुको रेसिपी निर्माण र भोजन तालिका निर्माण।<br>३. प्रयोग अवलोकन र खेल प्रदर्शन अवलोकन |

## १०. विषय क्षेत्र : विपद् तथा जोखिम व्यवस्थापन :

| | |
|---|---|
| सिकाइ उपलब्धि : | प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनमा विद्यालय, विद्यार्थी र स्थानीय तहको भूमिका बताउन।<br>प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनको योजना निर्माण गर्न। |
| विषयवस्तु : | प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनमा विद्यालय, विद्यार्थी र स्थानीय तहको भूमिका<br>प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनको योजना निर्माण |
| विषयवस्तुको विस्तृतीकरण : | प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनमा विद्यालय, विद्यार्थी र स्थानीय तहको भूमिका।<br>प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनमा विद्यालय, विद्यार्थी र स्थानीय तहको भूमिका रहेको अभिनय प्रस्तुति |
| सम्भाव्य शिक्षण सिकाइ क्रियाकलाप : | प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनमा विद्यालय, विद्यार्थी र स्थानीय तहको भूमिका निर्वाह गर्न लागाउने<br>प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनमा विद्यालय, विद्यार्थी र स्थानीय तहको भूमिका रहेको चित्र, तस्विर देखाएर छलफल गर्ने<br>प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनको योजना निर्माणको बृत्त चित्र प्रस्तुत गर्ने<br>प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनमा विद्यालय, विद्यार्थी र स्थानीय तहको भूमिका रहेको अभिनय प्रस्तुति गराउने<br>प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनको योजना निर्माण गर्न लगाउने |
| शिक्षण सामग्री : | प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनमा विद्यालय, विद्यार्थी र स्थानीय तहले भूमिका निर्वाह गरेका तस्वीर<br>सेतीनदी,पाल्तीगाड तथा अन्य नदीहरुले आसपासको जमिन बगाएको तस्विर<br>प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनको योजना निर्माणको बृत्त चित्र |
| मूल्याङ्कन प्रक्रिया : | प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनको योजना निर्माण गर्न लगाउने |

## १४. सिकाइ सहजीकरण प्रक्रिया

**कक्षा १–८ सम्मको सिकाइ सहजीकरण प्रक्रिया देहायबमोजिम सञ्चालन गर्नुपर्नेछ :**

१. बालबालिकाको व्यक्तिगत भिन्नता र क्षमताका आधारमा स्वतन्त्र रूपले सिक्ने मौका प्रदान गर्ने किसिमले कक्षा सञ्चालन गर्नुपर्दछ । विविधतालाई ध्यानमा राखेर बालबालिकाको सिकाइलाई प्रोत्साहन गर्नुपर्दछ । खेल,गीत, कविता, कथाकथन, प्रदर्शन, श्रव्यदृश्य सामग्रीको प्रदर्शनमार्फत सिकाइका क्रियाकलापहरू सञ्चालन गरिनुपर्दछ। यसका अतिरिक्त अवलोकन, समूह कार्य, परियोजना कार्य, छलफलजस्ता विधिहरूका माध्यमबाट बालबालिकाको सर्वाङ्गीण विकासमा जोड दिनुपर्दछ ।

२. सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्दा विद्यार्थीकेन्द्रित र बालमैत्री शिक्षण विधि अपनाई निरन्तर सिकाइमा जोड दिनुपर्नेछ ।

३. विद्यार्थीको सिकाइलाई केन्द्रबिन्दु मानी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्नुपर्नेछ। विद्यार्थीको सहभागितामा योजना निर्माण, परियोजना कार्य, क्षेत्रभ्रमण, समस्या समाधान, खोजमूलक अध्ययन, प्रवर्तनमुखी शिक्षण पद्धतिलाई सिकाइ सहजीकरण विधिका रूपमा कार्यान्वयन गर्नुपर्नेछ ।

४. सिकाइ प्रक्रिया सैद्धान्तिक पक्षमा भन्दा बढी गरेर सिक्ने अवसर प्रदान गर्ने क्रियाकलापमा आधारित हुनुपर्नेछ ।

५. शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा भूमिका निर्वाह गर्नुपर्नेछ ।

६. पठनपाठनमा सूचना तथा सञ्चार प्रविधिलाई उपलब्ध साधन, स्रोत र आवश्यकता अनुसार उपयोग गर्नुपर्नेछ ।

७. सबै प्रकारका सिकाइ आवश्यकता र चाहना भएका (अपाङ्गता, अशक्त, असहाय, कमजोर आदि) विद्यार्थीलाई समेट्ने गरी कक्षामा समावेशी सिकाइ सहजीकरण प्रक्रिया अपनाउनुपर्नेछ ।

८. भाषिक कठिनाइका कारण सिकाइमा बाधा नहुने सुनिश्चित गर्न यथासम्भव बालबालिकाको मातृभाषा,घरमा बोल्ने भाषामा सञ्चार गरी सिकाइ क्रियाकलापमा सक्रिय सहभागी हुन सक्ने वातावरण तयार गर्नुपर्छ ।

९. सिकाइ क्रियाकलापमा शिक्षक र सिकारु बिचको अन्तर्क्रिया, समूह सिकाइ, सिकाइ मूल्याङ्कन,शिक्षक-शिक्षक सहकार्य, शिक्षक–समुदाय सहकार्यजस्ता सहकार्यलाई बढावा दिनुपर्छ ।

१०. सिकाइ र दैनिक जीवनसँग विषयवस्तुको तालमेल,पूर्वअनुभवमा आधारित ज्ञान तथा सीप विकास,व्यवहारकुशल सीप र सिकाइबिचको सह-सम्बन्ध हुने गरी जीवन्त अनुभवसँगको तादात्म्य कायम गर्नुपर्नेछ ।

११. बालकेन्द्रित, सिकाइकेन्द्रित, अनुभवकेन्द्रित,उद्देश्यमूलक र विविधतामा आधारित सिकाइ सहजीकरण विधिको प्रयोग (परियोजना कार्य, घटना अध्ययन, खोज अनुसन्धानमा आधारित शिक्षण,सहपाठी सिकाइ आदि)गरी सक्रिय सिकाइ सहजीकरण विधि प्रयोग गर्नुपर्नेछ ।

१२. सिकाइ सहजीकरण क्रियाकलापमा सिकारुको सिकाइ अनुगमन, विद्यालय तथा परिवारमा सहज सिकाइ वातावरण विकास, पूर्वज्ञानमा आधारित विषयवस्तुको छनोट, समुदाय परिचालन जस्ता कार्यबाट विद्यालय समुदाय सह-सम्बन्ध जोड्नुपर्नेछ ।

१३. सिकारुको रुचि र सिकाइ गति एवं सिकारुको सक्रिय सहभागितामा सिकाइ क्रियाकलाप चयन र कार्यान्वयन गर्दै स्वतःस्फूर्त सिकाइमा जोड दिनुपर्छ ।

१४. शिक्षक, विद्यालय तथा विद्यार्थीलाई सिकाइ सहजीकरण क्रियाकलाप चयन, सञ्चालन र मूल्याङ्कनमा आवश्यक सहयोग, निरन्तर पेसागत छलफल, सहकार्य र अनुभव आदान-प्रदान गर्दै शैक्षिक परिवर्तनका लागि सहयोगमा प्राथमिकता दिनुपर्छ ।

१५. सिकाइलाई दैनिक जीवन पद्धतिसँग आबद्ध गर्दै व्यवहारकुशल सीप हासिल गर्न सिकाइको खण्डीकरण हुन नदिई एक विषयक्षेत्रको सिकाइले अर्को विषयक्षेत्रको सिकाइलाई सहयोग गर्ने गरी अन्तरसम्बन्धित गरी एकीकृत सिकाइमा जोड दिनुपर्छ ।

१६. एकीकृत पाठ्यक्रमले सिकाइका लागि सरलबाट जटिलतिरको स्पष्ट मार्ग निर्धारण गर्छ । सरल विषय क्षेत्रबाट क्रमशः जटिल विषय क्षेत्रमा प्रवेश गर्दै जान मार्ग प्रशस्त गर्ने र सिकाइ सहजीकरण पनि विद्यार्थीको सिकाइ गतिबमोजिम गर्न स्वगतिमा हुने सिकाइमा जोड दिनुपर्छ ।

## १४.१. विद्यार्थीकेन्द्रित र क्रियाकलापमुखी सिकाइलाई सहयोग पुऱ्याउने सम्भाव्य केही शिक्षण सिकाइ विधिहरू :

**१. कथाकथन एवं गीत :**
यस विधिमा विषयवस्तुलाई कथाको रूपमा प्रस्तुति तथा अवधारणालाई गीतका माध्यमबाट प्रस्तुत गर्न सकिनेछ ।

**२. आगमन विधि :**
यसमा सूचनाहरूको सङ्कलन, अवलोकन, विश्लेषण, अनुमान, पुष्टि तथा निष्कर्षको प्रक्रिया प्रयोग गरिन्छ ।

**३. भूमिका निर्वाह/अभिनय :**
यसमा सन्दर्भ र भूमिकाको बारेमा छलफल तथा निर्धारण, भूमिका बहन, छलफल र निष्कर्ष निकाल्ने कार्य गरिन्छ ।

**४. निर्माणात्मक कक्षा :**
यस विधिमा मष्तिस्क मन्थन, पाठसम्बन्धी पूर्वज्ञानको पहिचान,अन्तर्क्रियात्मक कार्य (जस्तै : वैयक्तिक चिन्तन, समूह कार्य, प्रश्नोत्तर),आवश्यकता अनुसार टेवा प्रदान र विचार आदानप्रदान गरी निष्कर्ष निकालिन्छ ।

**५. सहयोगात्मक कक्षा :**
यसमा सामान्यतया समूह विभाजन, समस्या र विषयवस्तु प्रस्तुति, समूहमा छलफल र निष्कर्ष वा समाधान निकालिन्छ ।

**६. परियोजना कार्य :**
विद्यार्थीको उमेर र स्तर अनुसारका विभिन्न परियोजना कार्य दिई विद्यार्थीले आफैं खोज्ने तथा गरेर सिक्ने अवस्था सिर्जना गर्न सकिन्छ ।

**७. छलफल र प्रश्नोत्तर :**
यसमा शिक्षक-विद्यार्थी, विद्यार्थी-शिक्षक, विद्यार्थी-विद्यार्थी बिचमा प्रश्न र उत्तर गर्न सकिन्छ । प्रश्नहरूले स्मरणको प्रत्याह्वानभन्दा पनि विद्यार्थीलाई सोच्न, कारण खोज्न, सिर्जनात्मक तथा रचनात्मक सोचाइलाई प्रोत्साहन गर्न सक्नुपर्छ । त्यसै गरी प्रश्नोत्तर र छलफलमा कक्षामा सबैका अगाडि प्रश्न सोध्ने, एकछिन पर्खने, कुनै पनि विद्यार्थीलाई तोकेर उत्तर दिन लगाउने, उत्तर राम्रोसँग सुन्न र अन्तमा छलफल र मूल्याङ्कन गर्ने प्रक्रिया प्रयोग गर्न सकिन्छ ।

**८. अन्वेषण, अनुसन्धान तथा खोज :**
यसमा समस्या वा प्रश्नको प्रस्तुति, गर्नुपर्ने र खोज कार्य र तरिकाको बारेमा छलफल गरी विद्यार्थीहरूद्वारा खोज गरी निष्कर्ष प्रस्तुति र पृष्ठपोषण दिइन्छ ।

**९. प्रविधियुक्त कक्षा :**
मोबाइल, कम्प्युटर, प्रोजेक्टर मोबाइल आदिको उपयोग गरी धारणाहरूको दृश्याङ्कन गर्न सकिन्छ ।

**१०. सिर्जनात्मक कार्य :**
यसमा चित्र निर्माण, रङ भर्ने, कागज काट्ने र पट्याउने, सम्बन्ध स्थापनाजस्ता कार्यहरूद्वारा सिकाइ गर्न सकिन्छ ।

**११. समस्या समाधान विधि :**
यस विधिमा समस्यालाई बुझ्ने, योजना निर्माण, योजना कार्यान्वयन, पछाडि फर्केर हेर्ने र परिणामलाई जाँच्ने प्रक्रियाद्वारा समस्या समाधान गरिन्छ ।

**१२. खेल विधि :**
यसमा विषयवस्तुलाई खेलका माध्यमबाट प्रस्तुत गरी अभ्यास गराइन्छ ।

**१३. प्रयोगात्मक विधि :**
यसमा कक्षाकोठाभित्र र बाहिर प्रयोगात्मक कार्यका माध्यमबाट सिकाइ कार्य गराइन्छ ।

**१४. भ्रमण :**
विभिन्न स्थानको भ्रमण गराई त्यहाँका अनुभव र सिकेको कुरा छलफल गराई प्रतिवेदन प्रस्तुत गराइन्छ ।

**१५. प्रदर्शन विधि :**
विषयवस्तुसँग सम्बन्धित तस्बीर वा अन्य दृश्य सामग्री तथा श्रव्यदृश्य सामग्री प्रदर्शन गरिन्छ ।

**१६. स्वाध्ययन तथा छलफल :**
विभिन्न किसिमका सामग्रीका अध्ययनको माध्यमबाट सिकाइ गर्दा सामग्री छनोट, अध्ययन र धारणा वा विचार निर्माण गरिन्छ र यसलाई आवश्यकतानुसार विद्यार्थीबिच छलफल गराउन सकिन्छ ।

**१७. अन्तर्क्रिया :**
यसमा छलफलको योजना र तयारी, बृहत् समूहमा छलफल सञ्चालन वा समूह विभाजन, कार्यसूची बाँडफाँड तथा कार्य सञ्चालन, प्रस्तुतीकरण, तुलना, विश्लेषण तथा मूल्याङ्कन र निष्कर्ष निकालिन्छ ।

**१८. उदाहरण र प्रयोग :**
पाठका विषयवस्तुबाट उदाहरण, प्रयोग र अभ्यासमा जोड दिनुपर्छ । यसलाई भाषा शिक्षण अन्तर्गत भाषिक सीप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्नुपर्छ । भाषा सिकाइमा चित्र वा आकृति निर्माण, निर्देशित, व्यावहारिक लेखन वा स्वतन्त्र रचना, सस्वरवाचन तथा द्रुतपठन पनि यस अन्तर्गत उपयोग गर्न सकिन्छ ।

**१९. श्रव्यवाच्यका आधारमा सिकाइ सहजीकरण :**
यसमा व्यक्ति, जोडी, सानो समूह र बृहत् समूहमा सुनाइ र छलफल, नमुनावाचन र अनुकरण, तुलना, विश्लेषण, मूल्याङ्कन र निष्कर्षको मौखिक प्रस्तुतीकरण क्रियाकलाप गर्नुपर्छ । यसलाई भाषा शिक्षण अन्तर्गत भाषिक सीप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्न सकिन्छ ।

## १५. विद्यार्थी मूल्याङ्कन प्रक्रिया

**विद्यार्थी मूल्याङ्कन देहायका विधि र प्रक्रियाका आधारमा गरिनेछ :**

१. आधारभूत तह (कक्षा १-३) मा निर्माणात्मक/सुधारात्मक मूल्याङ्कन पद्धतिका आधारमा विद्यार्थीको सिकाइलाई मापन गरिनेछ भने कक्षा ४– ८ मा निर्माणात्मक र निर्णयात्मक (सैद्धान्तिक र प्रयोगात्मक) विधि मिश्रीत रुपमा अवलम्बन गर्नुपर्नेछ । **(अनुसूचीमा उल्लेख गरिएबमोजिम)**

२. स्थानीय विषयको पठनपाठनद्वारा विद्यार्थीहरूले आफै गरेर सिक्ने वा अवलोकन गरेर सिक्ने भएकोले नियमित रूपमा विद्यार्थीहरूले गरेर सिक्ने वा अवलोकन गरेर सिक्न तथा पृष्ठपोषण प्रदान गरी प्राप्त प्रतिवेदनको आधारमा मूल्याङ्कन गर्ने प्रक्रियालाई प्रोत्साहन गरिनेछ ।

३. प्रत्येक विद्यार्थीको कार्य सञ्चयिका (Potfolio) फाईल रहनेछ र त्यसभित्र विद्यार्थीको कक्षा कार्य, परियोजना कार्य, उपलब्धि परीक्षा,व्यवहार परिवर्तन,अवलोकन, हाजिरी, सामूहिक कार्यमा सक्रियताको अभिलेख राखी सोही आधारमा मूल्याङ्कन गरिनेछ ।

४. कक्षा १–३ मा निरन्तर मूल्याङ्कन पद्धतिका आधारमा कक्षोन्नति गरिनेछ । कक्षा १–३ को मूल्याङ्कनपश्चात् विद्यार्थीहरूको तह वा श्रेणी विभाजन गर्दा निरन्तर विद्यार्थी मूल्याङ्कनसम्बन्धी अभिलेखीकरणको प्रक्रिया अपनाई विद्यार्थीको सिकाइ उपलब्धिलाई **"क", "ख" र "ग"** तीन श्रेणीमा विभाजन गर्नुपर्दछ ।

५. कक्षा ४–५ मा ५०% निरन्तर मूल्याङ्कन पद्धति (निर्माणात्मक पद्धति) र ५०% निर्णयात्मक (बार्षिक परीक्षा) बाट विद्यार्थीको मूल्याङ्कन गरिनेछ । विद्यार्थीलाई कक्षोन्नति निर्माणात्मक र निर्णयात्मक दुवै पद्धतिका आधारमा गरिनेछ । निर्माणात्मक मूल्याङ्कनमा औसत उपलब्धि हासिल गरेका तर निर्णयात्मक मूल्याङ्कनमा अनुत्तीर्ण

भएका विद्यार्थीहरूका हकमा सम्बन्धित अभिभावक, कक्षा वा विषय शिक्षक र प्रधानाध्यापकको निर्णयबाट कक्षोन्नति गर्न सकिनेछ ।

६. कक्षा ६–८ मा ६०% निर्णयात्मक (वार्षिक परीक्षा) र ४०% निर्माणात्मक (निरन्तर मूल्याङ्कन पद्धति) बाट विद्यार्थीको मूल्याङ्कन गरिनेछ । निर्माणात्मक र निर्णयात्मक दुवै पद्धतिका आधारमा विद्यार्थीलाई कक्षोन्नति गरिनेछ,तर आधारभूत तहको अन्त्यमा लिइने (कक्षा ८) को परीक्षाको हकमा स्थानीय तहमा रहेका आधारभूत तह उत्तीर्ण परीक्षाको प्रक्रियानुसार कक्षोन्नति गरिनेछ ।

७. विद्यार्थीहरूको मूल्याङ्कन गर्दा निर्माणात्मक/प्रयोगात्मक र निर्णयात्मक परीक्षाका लागि प्रश्नपत्र निर्माणसम्बन्धी विशिष्टीकरण तालिका (Specification Grid) को प्रयोग गर्नुपर्नेछ ।

८. प्रयोगात्मक क्रियाकलापको मूल्याङ्कन गर्दा अध्ययन भ्रमणको प्रतिवेदन, विभिन्न नमुनाहरू बनाई प्रस्तुत गर्ने, विषयवस्तुसँग सम्बन्धित रही अभिनय गरेर देखाउने आदि क्रियाकलापहरू सञ्चालन गर्नुपर्नेछ । यसभित्र विषयवस्तुको ज्ञान, बोध, सीपको क्षमता, बुझाइको प्रस्तुतीकरण,व्यवहार परिवर्तन जस्ता पक्षहरू समेट्नुपर्नेछ ।

९. प्रयोगात्मक परीक्षा सञ्चालन गर्दा स्थानीय वातावरण प्रदूषण, फोहोर व्यवस्थापन, रहनसहन, रीतिरिवाज, प्रकोप/विपद्, सामाजिक मूल्य मान्यता तथा स्थानीय पेसा व्यवसायलाई समेट्ने किसिमका क्रियाकलापहरू गराउनुपर्नेछ ।

१०. कक्षा १ देखि ८ सम्मको निरन्तर विद्यार्थी मूल्याङ्कन गर्नका लागि विद्यार्थीको मूल्याङ्कनका लागि स्पष्ट खाका र निर्देशन (Rubrics) अर्थात् प्रयोगात्मक प्रश्नपत्र वा मूल्याङ्कन योजनाको आधारमा गरिनेछ ।

११. विद्यार्थी मूल्याङ्कनसम्बन्धी अन्य विधि र प्रक्रिया राष्ट्रिय पाठ्यक्रम प्रारूपको प्रतिकूल नहुने गरी अनुसूचीमा उल्लेख गरेबमोजिम हुनेछ ।

## १६. पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया :

यस पाठ्यक्रमको कार्यान्वयन गर्न प्रधानाध्यापक तथा शिक्षकको भूमिका महत्त्वपूर्ण हुनेछ । विद्यार्थीहरूलाई स्थानीय वातावरणको अवलोकन गराइनेछ । परियोजना कार्य र प्रतिवेदनको माध्यम अवलम्बन गरिनेछ । स्थानीय समुदायका विज्ञ, बुद्धिजीवी, शिक्षाप्रेमी,समाजसेवी एवं सम्बन्धित विषय तथा क्षेत्रमा जानीफकार व्यक्तिहरू स्रोतव्यक्तिका रूपमा रहनेछन्। विद्यालयहरूले यस पाठ्यक्रम कार्यान्वयनका क्रममा आवश्यकता र औचित्य अनुसार स्थानीय भाषा/मातृभाषा वा नेपाली भाषालाई माध्यमका रुपमा अवलम्बन गर्न सक्नेछन् । विषयवस्तुमा समावेश प्रमुख क्षेत्र/स्थलमा अवलोकन भ्रमण गराइनेछ । विद्यार्थीहरूको समूह कार्य र अन्तर्क्रियालाई जोड दिइनेछ । पाठ्यक्रममा आधारित भई पाठ्यसामग्रीको विकास गर्नुका साथै शिक्षकहरूलाई विषयवस्तु तथा सहजीकरण प्रक्रियासम्बन्धी अभिमुखीकरण तालिमको व्यवस्था गरिनेछ । पाठ्यक्रम तथा पाठ्यपुस्तक समन्वय समिति तथा स्थानीय तहले यस पाठ्यक्रमको कार्यान्वयनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ ।

## १७. समय निर्धारण :

**स्थानीय विषयको पाठ्यभार तथा कार्यघण्टा**

| तह | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा | कैफियत |
|---|---|---|---|
| आधारभूत तह (कक्षा १-३) | ५ | १६० | |
| आधारभूत तह (कक्षा ४– ५) | ४ | १२८ | |
| आधारभूत तह (कक्षा ६– ८) | ४ | १२८ | |

**नोट :** एक पाठ्यघण्टा बराबर ३२ कार्यघण्टा हुनेछ। प्रत्येक कार्यघण्टा, शैक्षिक सत्रको अवधि आदि शिक्षा नियमावली, २०५९तथा राष्ट्रिय पाठ्यक्रम प्रारुप,२०७६ अनुसार हुनेछ।

## १८. पाठ्यक्रम मूल्याङ्कन सुधार र परिमार्जन :

पाठ्यक्रमको विकास एक गतिशील प्रक्रिया हो। विकसित गरिएको पाठ्यक्रमलाई समय-समयमा अद्यावधिक सुधार तथा परिमार्जन गर्ने गरिन्छ। यस पाठ्यक्रमको कार्यान्वयन प्रारम्भ भएपछि प्राप्त हुने पृष्ठपोषण, समसामयिक समाजका आवश्यकता, चाहना, ज्ञानको स्तर आदिका आधारमा पाठ्यक्रमलाई परिमार्जन तथा सुधार गरिनेछ। स्थानीय क्षेत्रमा प्राकृतिक,सामाजिक, साँस्कृतिक,भाषा,वातावरणीय पक्ष तथा अन्य क्षेत्रमा गरिने अध्ययन र अनुसन्धानबाट प्राप्त निष्कर्षलाई समेत पाठ्यक्रममा समावेश गरिनेछ।

## अनुसूची :१

### पाठ्यघण्टी र अङ्क विभाजन तालिका

| क्र.सं. | क्षेत्र | कक्षा १-३ | | कक्षा ४-५ | | कक्षा ६-८ | |
|---|---|---|---|---|---|---|---|
| | | पाठ्यघण्टी | अंकभार | पाठ्यघण्टी | अंकभार | पाठ्यघण्टी | अंकभार |
| १ | हाम्रो गाउँपालिका | १५ | १० | १० | ८ | १० | ८ |
| २ | हाम्रो सँस्कृति तथा परम्परा | २५ | १५ | १८ | १४ | १८ | १५ |
| ३ | हाम्रो वातावरण | २५ | १५ | १८ | १४ | १८ | १५ |
| ४ | हाम्रो विगत र विशिष्ट व्यक्तित्व | १० | ५ | १५ | १२ | १५ | १२ |
| ५ | स्थानीय पेशा, व्यवसाय, सीप र प्रविधि | १५ | १० | १० | ८ | १० | ८ |
| ६ | स्थानीय धार्मिक तथा पर्यटन क्षेत्र | १५ | १० | १८ | १४ | १८ | १५ |
| ७ | हाम्रा नैतिक मूल्य मान्यता र सकारात्मक व्यवहार प्रदर्शन | १५ | १० | ८ | ६ | ८ | ५ |
| ८ | योग तथा आयुर्वेद शिक्षा | १५ | १० | १५ | १२ | १५ | १२ |
| ९ | स्वास्थ्य तथा शारीरिक शिक्षा | १५ | १० | ८ | ६ | ८ | ५ |
| १० | विपद् तथा जोखिम व्यवस्थापन | १० | ५ | ८ | ६ | ८ | ५ |
| | **जम्मा** | १६० | १०० | १२८ | १०० | १२८ | १०० |

## विद्यार्थी मूल्याङ्कन/आवधिक परीक्षा योजना र ढाँचा

**(क) निर्माणात्मक/प्रयोगात्मक परीक्षा**

## (कक्षाः १–३)

मूल्याङ्कन तालिका : यस विषयको मूल्याङ्कन निर्माणात्मक पद्धतिबाट गरिनेछ ।

### विद्यार्थीको मूल्याङ्कनका सम्भाव्य तरिका तथा साधनहरू :

| क्र. सं. | मूल्याङ्कनका तरिका | मूल्याङ्कनका साधन |
|---|---|---|
| १ | अवलोकन | रुजू सूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न, फाराम, घटना वर्णन |
| २ | मौखिक कार्य | प्रश्न, चित्र, पठन सामग्री, सन्दर्भ, घटना, श्रव्य तथा दृश्य सामग्री |
| ३ | लिखितकार्य | प्रश्न, घटना, सन्दर्भ, पठन सामग्री, श्रव्य तथा दृश्य सामग्री |
| ४ | परियोजना तथा प्रयोगात्मक कार्य | रुजू सूची, रुब्रिक्स र श्रेणी मापन र मौखिक प्रश्न |
| ५ | कार्य सम्पादन तथा प्रदर्शन | रुजू सूची, रुब्रिक्स वा श्रेणी मापन र मौखिक प्रश्न |
| ६ | सहपाठी मूल्याङ्कन | रुजू सूची, श्रेणी मापन र फाराम |
| ७ | स्वमूल्याङ्कन | रुजू सूची, श्रेणी मापन र फाराम |
| ८ | अभिभावकको प्रतिक्रिया | रुजू सूची, श्रेणी मापन र फाराम |
| ९ | कुराकानी, छलफल | रुजू सूची, श्रेणी मापन र फाराम |

उल्लिखित मूल्याङ्कन तरिका तथा साधनमध्ये उपयुक्त तरिका तथा साधन प्रयोग गरी प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको उपलब्धि परीक्षण गरेर उपलब्धि स्तरलाई निम्नानुसार रेटिङ गर्नुपर्दछ ।

### विद्यार्थीको उपलब्धि स्तर र त्यसको सामान्य व्याख्या :

| उपलब्धि स्तर | मापन | उपलब्धि स्तरको सामान्य व्याख्या | कैफियत |
|---|---|---|---|
| कमजोर (Below Basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको । | |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको । | |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको । | |
| उच्च (Advanced) | ४ | माथिल्लो स्तरको उपलब्धि हासिल गरेको । | |

## (कक्षा : ४– ५)

### प्रयोगात्मक विशिष्टीकरण तालिका

| क्र.सं. | कार्य विवरण | अङ्कभार | कैफियत |
|---|---|---|---|
| १ | कक्षामा नियमितता र व्यवहार परिवर्तन | ५ | |
| २ | सामुहिक कार्यमा सहभागिता र कार्यको प्रर्दशन | ५ | |
| ३ | स्थलगत अवलोकन/परियोजना तथा प्रयोगात्मक कार्य, प्रतिवेदन लेखन र प्रस्तुति/प्रदर्शन | १० | |
| ४ | कक्षाकार्य र गृहकार्य | १० | |
| ५ | घटनावृत अभिलेख | ५ | |
| ६ | छोटो परीक्षा (लिखित तथा मौखिक उत्तर) | ५ | |
| ७ | स्व र सहपाठी मूल्याङ्कन/अभिभावक प्रतिक्रिया | ५ | |

| | | | |
|---|---|---|---|
| ८ | सिर्जनात्मक कार्य/ अभिनय/नक्सा वा चित्र कोर्ने कार्य | ५ | |
| | जम्मा | ५० | |

**(कक्षा : ६–८) :**

## प्रयोगात्मक विशिष्टीकरण तालिका

| क्र.सं. | कार्य विवरण | अङ्कभार | कैफियत |
|---|---|---|---|
| 1. | कक्षामा नियमितता र व्यवहार परिवर्तन | ५ | |
| 2. | सामुहिक कार्यमा सहभागिता र कार्यको प्रर्दशन | ५ | |
| 3. | स्थलगत अवलोकन/परियोजना तथा प्रयोगात्मक कार्य, प्रतिवेदन लेखन र प्रस्तुति/प्रदर्शन | १० | |
| 4. | कक्षाकार्य र गृहकार्य | ५ | |
| 5. | घटनावृत अभिलेख | ५ | |
| 6. | छोटो परीक्षा (लिखित तथा मौखिक उत्तर) | ५ | |
| 7. | स्व र सहपाठी मूल्याङ्कन/अभिभावक प्रतिक्रिया | २ | |
| 8. | सिर्जनात्मक कार्य/ अभिनय/नक्सा वा चित्र कोर्ने कार्य | ३ | |
| | जम्मा | ४० | |

### (ख) निर्णयात्मक (आवधिक) परीक्षा

**कक्षाः ४– ५**

पूर्णाङ्क : ५०

समयः १ घण्टा ३० मिनेट।

| क्र.सं | प्रश्नको किसिम | प्रश्न संख्या (प्रतिशतमा) | कैफियत |
|---|---|---|---|
| १. | ज्ञान तह (Knowledge Level) | ३० | |
| 2. | बोध तह (Understanding Level) | ३० | |
| 3. | उच्च तह (Higher Abibities) | ४० | |

**कक्षाः ६– ८**

पूर्णाङ्क : ६०

समयः १ घण्टा ४८ मिनेट।

| क्र.सं | प्रश्नको किसिम | प्रश्न संख्या (प्रतिशतमा) | कैफियत |
|---|---|---|---|
| १. | ज्ञान तह (Knowledge Level) | ३० | |
| 2. | बोध तह (Understanding Level) | ३० | |
| 3. | उच्च तह (Higher Abibities) | ४० | |

नोट : १. अन्य विषयसरह प्रयोगात्मक परीक्षा हुनेछ।

२. मूल्याङ्कन अङ्क वा अक्षरमा केन्द्रीय नीति अनुसार हुनेछ।

३. कक्षा ८ को अन्तिम परीक्षा नगरस्तरीय परीक्षा समितिको निर्णय बमोजिम हुनेछ।

**कक्षा ४– ५ को प्रश्नपत्र निर्माण योजना (Specification Grid)**

| प्रश्न क्षेत्र | संक्षिप्त उत्तर आउने प्रश्न | | | छोटो उत्तर आउने प्रश्न | | | लामो उत्तर आउने प्रश्न | | | जम्मा प्रश्न संख्या | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रश्न संख्या | अङ्क भार | जम्मा अङ्क | प्रश्न संख्या | अङ्क भार | जम्मा अङ्क | प्रश्न संख्या | अङ्क भार | जम्मा अङ्क | | |
| १. हाम्रो गाउँपालिका | २ | १ | २ | | | | १ | ३ | ३ | ३ | ५ |
| २. हाम्रो संस्कृति तथा परम्परा | २ | १ | २ | १ | २ | २ | १ | ३ | ३ | ४ | ७ |
| ३. हाम्रो वातावरण | १ | १ | १ | १ | २ | २ | १ | ३ | ३ | ३ | ६ |
| ४. हाम्रो विगत र विशिष्ट व्यक्तित्व | १ | १ | १ | १ | २ | २ | १ | ३ | ३ | ३ | ६ |
| ५. स्थानीय पेशा, व्यवसाय, सीप र प्रविधि | २ | १ | २ | १ | २ | २ | - | - | - | ३ | ४ |
| ६. स्थानीय धार्मिक तथा पर्यटन क्षेत्र | २ | १ | २ | १ | २ | २ | १ | ३ | ३ | ५ | ७ |
| ७. हाम्रा नैतिक मूल्य मान्यता र सकारात्मक व्यवहार प्रदर्शन | १ | १ | १ | १ | २ | २ | - | - | - | २ | ३ |
| ८. योग तथा आयुर्वेद शिक्षा | १ | १ | १ | १ | २ | २ | १ | ३ | ३ | ३ | ६ |
| ९. स्वास्थ्य तथा शारीरिक शिक्षा | १ | १ | १ | १ | २ | २ | - | - | - | २ | ३ |
| १०. विपद् तथा जोखिम व्यवस्थापन | १ | १ | १ | १ | २ | २ | - | - | - | २ | ३ |
| **जम्मा** | **१५** | **१** | **१५** | **९** | **२** | **१८** | **६** | **१८** | **१८** | **३१** | **५०** |

## कक्षा ६– ८ को प्रश्नपत्र निर्माण योजना (Specification Grid)

| प्रश्न क्षेत्र | संक्षिप्त उत्तर आउने प्रश्न | | | छोटो उत्तर आउने प्रश्न | | | लामो उत्तर आउने प्रश्न | | | जम्मा प्रश्न संख्या | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रश्न संख्या | अङ्क भार | जम्मा अङ्क | प्रश्न संख्या | अङ्क भार | जम्मा अङ्क | प्रश्न संख्या | अङ्क भार | जम्मा अङ्क | | |
| १. हाम्रो गाउँपालिका | ३ | १ | ३ | १ | २ | २ | १ | ४ | ४ | ५ | ९ |
| २. हाम्रो संस्कृति तथा परम्परा | २ | १ | २ | १ | २ | २ | १ | ४ | ४ | ४ | ८ |
| ३. हाम्रो वातावरण | २ | १ | २ | १ | २ | २ | १ | ४ | ४ | ४ | ८ |
| ४. हाम्रो विगत र विशिष्ट व्यक्तित्व | १ | १ | १ | १ | २ | २ | १ | ४ | ४ | ३ | ७ |
| ५. स्थानीय पेशा, व्यवसाय, सीप र प्रविधि | २ | १ | २ | १ | २ | २ | - | - | - | ३ | ४ |
| ६. स्थानीय धार्मिक तथा पर्यटन क्षेत्र | २ | १ | २ | २ | २ | ४ | १ | ४ | ४ | ५ | १० |
| ७. हाम्रा नैतिक मूल्य मान्यता र सकारात्मक व्यवहार प्रदर्शन | १ | १ | १ | १ | २ | २ | - | - | - | २ | ३ |
| ८. योग तथा आयुर्वेद शिक्षा | १ | १ | १ | १ | २ | २ | १ | ४ | ४ | ३ | ७ |
| ९. स्वास्थ्य तथा शारीरिक शिक्षा | २ | १ | २ | - | - | - | - | - | - | २ | २ |
| १०. विपद् तथा जोखिम व्यवस्थापन | २ | १ | २ | - | - | - | - | - | - | २ | २ |
| **जम्मा** | **१८** | **१** | **१८** | **९** | **२** | **१८** | **६** | **४** | **२४** | **३३** | **६०** |

## सन्दर्भ सामग्री :


१. नेपालको संविधान २०७२।

२. राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६।

३. आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, २०७६।

४. विभिन्न पालिकाहरुले तयार पारेका स्थानीय विषयका पाठ्यक्रमका ढाँचा।

५. विभिन्न विज्ञहरुका राय तथा सुझाव।